**सम्पादकीय**

# अल सुन्ना प्रवृत्ति, दशैं र शान्तिको सवाल

*इराकमा बाह्रजना नेपाली बन्धकको निर्मम हत्या भयो । यहाँका नेपालीहरूले त्यो दृश्य अखवारमा हेरे, इन्टरनेटमा हेरे, सीडीमा कपी गरे । मुटु नै कँपाउने त्यो दृश्य, नेपालीका मन-मस्तिष्कमा अमिटरूपमा रह्यो । सबैको मुखमा त्यस आततायी समूहको नाम झुण्डियो-अल सुन्ना ...।*

*एकसय महिनायता आफ्नै मुलुकमा कैयन नेपाली घाँटी रेटेर मारिएका छन् । गर्धन छिनालेर मारिएका छन् । आँखा निकालेर मारिएका छन् । तीघ्रा ताछेर मारिएका छन् । घुँडा फुटाएर मारिएका छन् । जीब्रो काटेर मारिएका छन् । जिउँदै गाडेर मारिएका छन् । जिउँदै जलाइएर मारिएका छन् ।*

*एकसय महिनायता, कैयन् निर्दोष नेपाली-कोही माओवादीको आरोपमा मारिएका छन्, कोही सुराकीको आरोपमा । राष्ट्रिय मानवअधिकार आयोगकै आँकडा अनुसार मासिक सरदर एकसय जनाको हत्या भइरहेको छ । मासिक सरदर एघार जना गायव पारिदैछन् । गत वर्षको मात्र आँकडा हेर्दा पनि मासिक सरदर करीब तीन हजार नेपालीले आन्तरिक विस्थापनको पीडा भोग्नुपरेको छ ।*

*एकसय महिनायता, कैयनले कुटपीटको पीडा भोगेका छन्, अमानवीय यातना भोगेका छन् । कैयनको अङ्गभङ्ग भएको छ र अपाङ्गताको जीवन जिउँदै छन् । किरियामा बसेका, मलामी गएका, कक्षामा पढाइरहेकासमेतको जीवन सुरक्षित छैन । सयौंको संख्यामा कलिला विद्यार्थीहरू, एकपछि अर्को अपहरणमा पर्ने क्रम जारी छ ।*

*एकसय महिनायता, कैयन नेपालीको रोजी-रोटी खोसिएको छ । कैयन भौतिक पूर्वाधार ध्वस्त भएका छन् । कैयन आर्थिक संरचना नष्ट भएका छन् । पश्चिमी भेगका कैयन जनता भारततर्फ पलायन भएका छन् । समुद्रपारका मुलुकहरूतर्फ विदेशिनेको ताँती पनि दिन-प्रतिदिन बढ्दैछ । एक अनुमान अनुसार, ध्वस्त मुलुकको पुनः संरचनाको लागि तीस अर्ब रूपैयाँ लाग्ने भएको छ ।*

*यो डरलाग्दो चित्रले, यो मानवद्वेषी क्रियाकलापले के संकेत गर्दछ ? यही कि, अल सुन्नाको अनुहार देख्न इराकमा पुग्नुपर्दैन । अल सुन्ना प्रवृत्ति हाम्रै मुलुकमा छ्यापछ्याप्ती छ । त्यो विद्रोही पक्षमा छ, राज्य पक्षमा पनि छ । यसलाई इन्टरनेटमा पनि खोज्नुपर्दैन । सीडीमा पनि कपी गर्नुपर्दैन । नौ वर्षदेखि यो, हाम्रै आँखासामु प्रत्यक्ष उपस्थित छ ।*

*र, मन छियाछिया भएको यही अवस्थामा फेरि भित्रिएको छ-दशैं । यस अवसरमा हामी प्रत्येक वर्ष शान्तिको कामना गर्ने गर्छौं । तर, कामना मात्रले केही उपलब्धि हासिल भएको छैन । अब, कामनामा मात्र होइन काममा पनि जुटौं-राजनीतिक दलहरू, नागरिक समाज, जनताका सम्पूर्ण तप्का, विशेषतः राज्यपक्ष र विद्रोही माओवादी पक्ष । शान्तिको सवाललाई आ-आफ्नो राजनीतिक तथा सत्ता-स्वार्थमा भजाउने आत्मघाती, जनघाती र राष्ट्रघाती काम नगरौं !*

*शान्ति स्थापनाको सवाल आज मुलुक र जनताको लागि टड्कारो रूपमा जीवन-मरणको सवाल बन्न पुगेको छ । यसप्रति आँखा चिम्लिने धृष्टता फेरि पनि गरिएमा र अकर्मण्यतामा जकडिएमा भन्नुपर्ने हुन्छ-आगामी दिनमा पनि हाम्रा लागि दशैं होइन दशै-दशामात्र भित्रिने छन् ।*

*आवरण*

# सरकारमा एमालेको संलग्नता र प्राप्त उपलब्धिहरू

' युवराज ज्ञवाली

### १. नेकपा (एमाले) सरकारमा सामेल हुनुको कारण

नेपालको राजनीतिमा विगत नौ वर्षदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वको कारणले दश हजार भन्दा बढी नेपालीको ज्यान गएको छ । हजारौं घाइते जीवन बाँच्न बाध्य भएका छन् । हजारौं नेपाली जनतामा गम्भीर नकारात्मक प्रभाव पारेको छ । अरबौंको राष्ट्रिय सम्पत्ति बर्बाद भएको छ । त्यसले राजनीतिकरूपमा पनि गम्भीर संकट उत्पन्न भएको छ र प्रजातान्त्रिकरणको प्रक्रिया अवरूद्ध भएको छ । त्यस्तै प्रतिगमनको लागि परिस्थिति अनुकूल बनाउने काम भएको छ । यसले आम नेपाली जनता र सिंगो मुलुकलाई भयानक क्षति पुऱ्याएको छ र नेपाल राष्ट्र दिनप्रतिदिन कमजोर बन्दै गएको छ । चालु हिंसात्मक द्वन्द्वलाई यदि समयमै समाधान गर्न सकिएन भने मुलुकको राष्ट्रियता नै गम्भीर खतरामा पर्ने प्रायः निश्चित छ ।

मुलुकमा हिंसात्मक द्वन्द्व चालु रहेकै अवस्थामा ०५९ असोज १८ देखि प्रतिगमन शुरू भयो । त्यसको विरूद्धमा नेकपा (एमाले) लगायतका तमाम राजनीतिक पार्टीहरू शान्तिपूर्ण संघर्षमा उत्रिए । करीब एक वर्षसम्म संचालित उक्त आन्दोलनबाट प्रतिगमन सच्चियो र सर्वदलीय सरकार बन्ने अवस्था उत्पन्न भयो । यसरी सर्वदलीय सरकार बन्ने अवस्था आउनु विगत आन्दोलनको एउटा सकारात्मक उपलब्धि थियो ।

हिंसात्मक द्वन्द्वको कारणले पीडित आम नेपाली जनता, मुलुकमा दीगो शान्तिको स्थापनाको पक्षमा थिए । प्रायः सबै राजनीतिक पार्टी र नागरिक समाजले पनि शान्ति कायम गर्ने विषयमा जोड दिंदै आएका थिए । यसरी शान्ति कायम गर्ने आम जनताको माग नै नेकपा (एमाले)को पनि मुख्य राजनीतिक माग बन्न पुग्यो । शान्ति कायम नभएसम्म निर्वाचन हुन नसक्ने र निर्वाचनबिना मुलुकलाई प्रजातान्त्रिक सुदृढीकरणको दिशातर्फ अघि बढाउन नसकिने भएकोले शान्ति कायम गर्ने विषयमै सम्पूर्ण ध्यान केन्द्रित गर्नु अनिवार्य थियो । प्रतिगमन सच्चिएको अवस्थामा शान्ति कायम गर्ने दिशातर्फ कसरी अघि बढ्ने ? यो आफैंमा जटिल विषय थियो । त्यसको लागि सम्भव भएजतिका राजनीतिक पार्टीहरूसँग सहमति कायम गर्नु आवश्यक थियो । नेकपा (एमाले)ले प्रायः सबै राजनीतिक पार्टीहरूसँग व्यापक छलफल चलायो, सबैलाई एउटा साझा सहमतिमा पुऱ्याउनको लागि अधिकतम प्रयत्न गऱ्यो । यसैक्रममा वर्तमान सरकारमा सामेल भएका पार्टीहरूसँग सहमति कायम हुन सक्यो तर बाँकी केही राजनीतिक पार्टीहरू सहमतिमा आएनन् ।

०५९ असोजदेखि मुलुक जनप्रतिनिधिविहीन भएको छ । मुलुक र प्रजातन्त्रको लागि यो गम्भीर प्रतिकूलता र संकटपूर्ण अवस्था हो । यस्तो अवस्थामा जनताबाट अनुमोदित राजनीतिक पार्टीको हातमा सरकार चलाउने जिम्मेवारी आउनु एउटा महत्वपूर्ण उपलब्धिको साथै संकट समाधान गर्नको लागि यथासम्भव प्रयत्न गर्ने अनुकूल अवसर पनि हो । यस्तो अवस्थामा माथिल्लो संरचनाबाट पनि संघर्ष संचालन गर्नु ठूलो बुद्धिमानी हो । परिस्थितिअनुसार कहिले सडक संघर्ष प्रमुख हुन्छ, कहिले संसदीय संघर्षले प्रमुखता पाएको हुन्छ भने कुनै परिस्थितिमा सरकारमा रहेर पनि संघर्ष अघि बढाउन सकिन्छ । उपयुर्क्त संघर्षका आ-आफ्नै तरिकाहरू छन् तर जुनसुकै ठाउँबाट, जस्तोसुकै संघर्ष संचालन गरे पनि, त्यसले मुलुकलाई सकारात्मक दिशामा अघि बढाउन सकोस् संघर्षरत पक्षले ध्यान दिनुपर्ने यो नै सबैभन्दा मुख्य विषय हो । राज्यसत्ताका अनेक पक्षहरू हुन्छन् त्यसमध्ये कार्यकारी अधिकार प्राप्त सरकार त्यसको सबैभन्दा प्रमुख पक्ष हो, राज्यसत्ताको केन्द्र भाग हो । उक्त ठाउँबाट गरिने संघर्षको निश्चित सीमा हुन्छ तर राज्य सत्ताको केन्द्रभागमा प्रजातन्त्रवादीहरूको प्रवेश हुन सक्यो भने, राज्यसत्तामा क्रमशः सुधार आउन सक्छ । कहिलेकाहीं त सरकार र सडक दुवै ठाउँको संघर्षलाई जोड्न सकिने अवस्था पनि आउन सक्छ । खास स्थितिमा त सडकबाट प्राप्त गर्न नसकिएको उपलब्धि सरकारमा बसेर गरिने संघर्षबाट प्राप्त गर्न सकिन्छ । अहिलेको विशिष्ट स्थितिमा सरकारमा बसेर वार्ताद्वारा राजनीतिक समस्याको निकास खोज्ने अधिकतम प्रयत्न गर्नु, त्यसको लागि कुशलतासाथ संघर्ष संचालन गर्नु परिस्थितिको माग हो । त्यस्तै प्रतिगमनविरोधी आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षा गर्दै, अझ बढी उपलब्धि हासिल गर्ने दिशातर्फ अगाडि बढ्नु, राजनीतिक कौशल प्रदर्शन गर्नु हो ।

मुलुकको वर्तमान परिस्थितिले हिंसात्मक द्वन्द्वलाई जतिसक्यो छिटो न्यूनीकरण गर्दै, मुलुकलाई राजनीतिक सहमतिको दिशातर्फ अघि बढाउने माग गरेको छ । द्वन्द्व बढाउने हो भने त्यसले नेपाली राष्ट्रियता र प्रजातन्त्र दुवैलाई नोक्सान गर्छ । नेपालका राजनीतिक शक्तिहरूमध्ये एकले अर्कोलाई निषेध गरेर अघि बढ्ने कुनै सम्भावना छैन । निषेधको बाटो भनेको भयानक टक्कर र हिंसात्मक भीडन्तको बाटो हो । आफ्नो अस्तित्व रक्षाको लागि पनि निषेधबाट बच्नको लागि हरेक पक्षले जस्तोसुकै किसिमको घातक नीति अपनाउन सक्छ । त्यसैले शान्तिपूर्ण र अधिकतम सुधारात्मक प्रयत्नबाट अग्रगामी परिवर्तनको दिशातर्फ अघि बढ्नुबाहेक अहिले हाम्रो सामु अर्को कुनै पनि विकल्प छैन । यही वास्तविकतालाई ठीक ढंगले

विश्लेषण गरेर तत्कालको कार्यनीति तय गर्नु बुद्धिमानी ठहर्छ । त्यसैले नै नेकपा (एमाले) वर्तमान सरकारमा सामेल भएको हो ।

२. **वर्तमान सरकारको विकल्प छैन**

वर्तमान सरकारमा सामेल पार्टीहरू अचानक सडकबाट टिपेर ल्याएका होइनन् । सरकारमा रहेका प्रमुख दुई ठूला पार्टीहरू त विगत लामो समयदेखि प्रजातन्त्रको लागि संघर्ष गर्दै आएका र पटक-पटक जनताबाट अनुमोदित भइसकेका पार्टी हुन् । ०५४ सालको स्थानीय निर्वाचन र ०५६ सालको आमनिर्वाचनको आँकडालाई हेर्ने हो भने सरकार संचालन गरिरहेका राजनीतिक पार्टीहरूले ७० प्रतिशत जनमतको प्रतिनिधित्व गरेका छन् । मुलुकमा अर्को निर्वाचन नभएसम्मको लागि उक्त पछिल्ला निर्वाचनहरू नै जनमतको निर्क्योल गर्ने मुख्य आधार हुन् । अहिले सडक संघर्ष गरिरहेका पार्टीहरूसमेत सरकारमा सामेल हुन सकेमा त्यो सुनमाथि सुगन्ध हुने थियो तर पनि वर्तमान सरकार मुलुकको अत्यधिक ठूलो जनमतको प्रतिनिधित्व गर्ने सरकार भएकोले यसको हैसियत विगत कुनै पनि सरकारहरूभन्दा बढी गऱ्हौं र महत्वपूर्ण छ । विगतमा दुईपटक त आफ्नै पार्टीको समेत समर्थन नभएका सरकारहरू बनेको परिप्रेक्ष्यमा वर्तमान सरकारको हैसियतमाथि प्रश्न उठाउनु दिनको घामलाई रात सम्झनु जस्तै हो ।

वर्तमान सरकारलाई विश्वका सबै मित्रराष्ट्रहरूबाट पूर्ण सहयोग र समर्थन प्राप्त भएको छ । अन्तर्राष्ट्रिय सबै मित्रहरूले सडकमा रहेका राजनीतिक पार्टीहरूलाई समेत सरकारमा सामेल हुन बारम्बार आग्रह गर्दै आएका छन् र वर्तमान सरकार समस्याको समाधान गर्न पूर्णतया सक्षम भएको कुरा प्रष्ट पार्दै आएका छन् । सडक संघर्ष चलाइरहेका राजनीतिक पार्टीहरूले सरकारको विरूद्धमा जतिसुकै चर्का नारा लगाए पनि सरकारविरूद्ध सडकमा उत्रने जनमत अत्यन्त सानो र साँगुरो किसिमको छ । किनकि जनता अहिले द्वन्द्व बढाउने पक्षमा छैनन् ।

नेकपा (एमाले), नेपाली कांग्रेस (प्रजातान्त्रिक), राप्रपा र सद्भावना पार्टीसमेत सरकारमा रहनुको कारणले, वर्तमान सरकारले माओवादीबाहेक सबै किसिमका मूलभूत राजनीतिक विचारको प्रतिनिधित्व गरेको छ । त्यसैले पार्टीगतरूपमा सबैलाई सामेल गर्न नसके पनि वैचारिक र राजनीतिकरूपमा भने प्रायः सबैलाई समेटिएको छ । यो वास्तविकतालाई महत्वका साथ लिनुपर्छ । त्यसैले यो सरकार राष्ट्रिय सहमतिको कोसेढुंगाको रूपमा खडा भएको छ । सरकारको सामु गम्भीर चुनौती, भयानक जटिलता र प्रतिकूलताहरू छन् । अनुकूल अवसरमा सरकार चलाउनु सजिलो काम हो । प्रतिकूलतामा सरकार चलाउन निकै कठिनाई पर्छ । विगतका सरकारमा बसेका कतिपय नेताहरू अहिले पनि सरकारमा हुनुहुन्छ । त्यसबेलाको अवस्था र अहिलेको अवस्थामा कति ठूलो अन्तर रहेछ, स्वयम् उहाँहरूले नै प्रत्यक्ष अनुभव गर्नुभएको छ । तर मुलुक भयानक खतराको डिलतिर धकेलिंदै गएको बेला, हिम्मत र आँटका साथ काँध थाप्नु, देश र जनताप्रति जिम्मेवार राजनीतिक पार्टीको मुख्य दायित्व हो । या त मुलुक चलाउने जिम्मा अरू कसैलाई दिनुपऱ्यो, या त राजनीतिक पार्टीले मुलुक आफैं चलाउने आँट गर्नुपऱ्यो । कोठामा बसेर पचास थरी कुरा गर्न र लेख्न जति सजिलो हुन्छ, संकटको बेला मुलुक चलाउन धेरै गाह्रो पर्छ । तर अहिले जतिसुकै ठूलो चुनौती भए पनि यो सरकारले बुद्धिमानीपूर्वक त्यसको सामना गर्नैपर्छ ।

अहिले विभिन्न राजनीतिक पार्टी र प्रवृत्तिसँग सहमति कायम भएको छ, यदि यो सहमति टुट्यो र सरकार असफल भयो भने नेपालमा केही वर्षको लागि नागरिक सरकारको अन्त्य भएको ठान्नुपर्छ । अहिलेको अवस्थामा तत्काल यसको कुनै सकारात्मक विकल्प छैन ।

३. **सरकारमा सामेल हुनुपूर्व गरिएका प्रयत्नहरू र यसको लक्ष्य**

नेकपा (एमाले) सरकारमा सामेल हुनुभन्दा एक महिनाअघि नै शेरबहादुर देउवाको नेतृत्वमा तीन सदस्यीय मन्त्रिमण्डल बनेको थियो । प्रधानमन्त्रीको लागि नेकपा (एमाले) र राप्रपाको समेत समर्थन रहे पनि सरकारमा सामेल हुने कुरामा धेरै अनुत्तरित प्रश्नको जवाफ आउन बाँकी थियो । सर्वप्रथमतः नेकपा (एमाले)ले अहिले सडकमा रहेका पार्टीहरूलाई समेत सरकारमा सामेल गरी एउटा बृहत् सहमति कायम गर्ने प्रयत्न गऱ्यो तर उनीहरू त्यसमा सहमत भएनन् । यसैक्रममा राप्रपा र सद्भावनासँग पनि वार्ता चल्यो । उक्त दुई पार्टी सहमत भए ।

त्यस्तै वार्ताद्वारा समस्याको समाधान खोज्ने कि सैनिक समाधानको दिशातर्फ अघि बढ्ने ? यो एउटा सबैभन्दा गम्भीर र महत्वपूर्ण प्रश्न थियो । लामो समयको छलफलपछि वार्ताद्वारा नै समस्याको निकास खोज्नुपर्छ भन्ने साझा सहमति कायम भयो । त्यस्तै सरकार निश्चित न्यूनतम साझा कार्यक्रमको आधारमा अघि बढ्नुपर्छ र उच्चस्तरीय साझा संयन्त्रको मार्गदर्शनमा सरकारले काम गर्नुपर्छ भन्ने मान्यताको आधारमा अनेक पटक छलफलहरू भए । यत्ति कामको लागि पनि करीब एक महिनाको अवधि बित्यो र ४३ बुँदे न्यूनतम कार्यक्रमिक सहमतिको आधारमा नेकपा (एमाले) सरकारमा सामेल भयो । यसरी बनेको ४३ बुँदे कार्यक्रमलाई कार्यान्वयन गर्ने उद्देश्यका साथ यो सरकार बनेको हो । ती ४३ बुँदामध्ये पनि नेपालको राजनीतिमा विगत नौ वर्षदेखि चल्दै आएको हिंसात्मक द्वन्द्वलाई अग्रगामी परिवर्तनको लक्ष्यसहित निश्चित राजनीतिक निकास निकाल्नु, वार्ताद्वारा शान्ति कायम गर्नु वर्तमान सरकारको प्रमुख लक्ष्य हो । सरकारले ४३ बुँदे कार्यक्रम अन्तर्गत राजनीतिक निकासको लागि अधिकतम लचकताको नीति अपनाएको छ । राष्ट्रिय सहमतिको लागि सरकारले सबै विकल्पहरू खुला राखेको छ । वार्ताको टेबुलमा बसेपछि मात्र निश्चित लक्ष्य र प्रक्रियाको अन्तिम टुंगो लाग्नेछ ।

४. **सरकारमा गएपछिको उपलब्धि के ?**

मुलुकको राजनीतिक निकासको लागि, सर्वदलीय सरकार बन्नु स्वयम्मा एउटा महत्वपूर्ण उपलब्धि हो । सर्वदलीय सरकार समस्याको निकास नभई, त्यसको लागि एउटा प्रस्थानविन्दु हो । सरकार बनेपछिका उल्लेखनीय उपलब्धिमध्ये जनपक्षीय बजेट निर्माण गर्नु, उच्चस्तरीय शान्ति समितिको गठन हुनु, शान्ति सचिवालयको स्थापना गरी वार्तालाई संस्थागतरूपले अघि बढाउने योजना बनाउनु, सरकार बनेलगत्तै मन्त्रिपरिषद्को बैठकद्वारा माओवादीलाई वार्ताको लागि आह्वान गर्नु, अन्तर्राष्ट्रिय सम्बन्ध र सम्पर्कलाई सुदृढ गर्नु, साउन महिनामा मात्रै निर्धारित लक्ष्यभन्दा १ अरब ७ करोड बढी राजस्व उठाउनु, २ वर्षदेखि बन्द रहेको वीरगञ्ज चिनी कारखानालाई पुनः संचालन गर्नु, चल्न नसक्ने अवस्थामा पुगी बन्द भएको रोजिन एण्ड टर्पेन्टाइन कारखाना पुनः संचालन गर्नु, सहकारी आन्दोलन अघि बढाउनेबारे महत्वपूर्ण नयाँ निर्णय गर्नु, कर्मचारीको तलब बढाउने सम्बन्धमा तलव निर्धारण आयोग गठन गर्नु, सरकारी खर्च व्यवस्थापनको सम्बन्धमा उच्चस्तरीय कमिटी गठन गर्नु, उद्योग मन्त्रालयअन्तर्गत नेपालमै पेट्रोल पत्ता लगाउने सम्बन्धमा महत्वपूर्ण सम्झौता सम्पन्न गर्नु, सरकारले नेपालको विकास निर्माण र शान्ति स्थापनाको सन्दर्भमा चीन, भारतलगायत विभिन्न मुलुकसँग महत्वपूर्ण सहयोग प्राप्त गर्नु, समाज कल्याण मन्त्रालयअन्तर्गत लैङ्गिक समानता कायम गर्ने केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश पारित गर्नु, राष्ट्रिय बाल कल्याण समिति, अपाङ्ग राष्ट्रिय समन्वय समिति गठनलगायत अनेकौं महत्वपूर्ण कार्य गर्नु, स्थानीय विकास मन्त्रालयअन्तर्गत स्थानीय विकास पूर्वाधार नीति पारित गर्नु जसअन्तर्गत स्थानीय निकायलाई स्वायत्तता दिने सम्बन्धमा निकै धेरै महत्वपूर्ण कुराहरू पारित भएका छन् । त्यस्तै यो आर्थिक वर्षदेखि योजना तर्जुमा गर्ने सम्पूर्ण अधिकार स्थानीय निकायलाई सुम्पनु, स्थानीय स्वायत्त शासन नियमावली तथा स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली पारित गर्नु, सामाजिक द्वन्द्व समाधान र अग्रगमनको कार्यक्रमको लागि ४० जिल्लामा बजेट विनियोजन गर्नु, थप ४० जिल्लामा जनसहभागितामा आधारित विकास कार्यक्रम संचालन गर्नु, देशका सबै विकास क्षेत्रमा वार्षिक समीक्षा गोष्ठी सम्पन्न गरी स्थानीय निकायको आगामी कामको योजना तय गर्नु आदि, श्रम मन्त्रालयअन्तर्गत चिट्ठा प्रणाली लागू गर्नुपर्ने निर्णय गर्नु, स्वास्थ्य मन्त्रालयअन्तर्गत निजी तथा गैरसरकारी संघ संस्थाहरूबाट संचालित क्लिनिक, नर्सिङ होम तथा अस्पतालसम्बन्धी मापदण्ड जारी गरी तिनलाई नियमित र व्यवस्थित गर्ने काम भयो । देशभर १५ सयभन्दा बढी सैय्या थप गर्ने काम गरियो । यस्तै अन्य महत्वपूर्ण काम भए । त्यसरी नै गृह, जलस्रोत, शिक्षा, संस्कृति तथा खेलकुद, भौतिक योजना तथा निर्माण मन्त्रालयलगायत विभिन्न मन्त्रालयहरूले उल्लेखनीय प्रगति गरेका छन् । प्रत्येक मन्त्रीहरू आ-आफ्नो कामप्रति जिम्मेवार एवं सक्रिय छन् । मन्त्रिमण्डलभित्र एकता र सहमतिकासाथ काम गर्ने भावना बढेको छ । सरकार बनेपछिको आँकडा हेर्ने हो भने विगत कुनै पनि समयभन्दा द्वन्द्वबाट मर्नेहरूको संख्या निरन्तर घट्दै गएको छ । विगतमा जस्तो यो सरकारमा रहेका मन्त्री, राज्यमन्त्रीहरू कुनै अनियमितता र भ्रष्टाचारको घेरामा नपर्नु पनि सरकारको सफलताको शुभसंकेत मान्न सकिन्छ ।

**५. सरकार बनेपछि उत्पन्न केही गम्भीर प्रतिकूलताहरू**

यो सरकार संकट समाधान गर्न बनेको हो । संकटको अवस्थामा स्वाभाविक रूपमा अनेक प्रतिकूलताहरू रहेकै थिए । मुलुकमा उत्पन्न समस्याहरू, वर्तमान सरकारद्वारा सिर्जित नभई विगतका सरकारका गलत नीति र व्यवहारको कारण उत्पन्न भएका हुन् । त्यस्तै माओवादीको ध्वंसात्मक काम-कारबाहीले मुलुकलाई भयानक क्षति पुऱ्याउँदै आयो । सरकार बनेपछि जटिलताहरू अझै थपिए । माओवादीले उद्योगधन्दा बन्द गराई मुलुकलाई ठूलो संकटमा फसाउने प्रयत्न गरे, फलस्वरूप यो सरकार बनेको केही समयपछि करीब एक महिनासम्म ठूला उद्योगहरू बन्द भए । इराकमा मारिएका नेपाली युवाहरूको बारेमा शोक मनाउने बहानामा, नेपाल राष्ट्रविरोधी तत्वहरूले भदौ १६ गते ठूलो विध्वंस मच्चाउने काम गरे । यसले निकै ठूलो क्षति भयो । त्यस्तै पहिलेदेखिका सरकारहरूको अयोग्यता र नालायकीपनले गर्दा आयल निगमले ठूलो घाटा व्यहोर्नुपरेको थियो । सरकारले उक्त घाटाको क्षतिपूर्ति दिने सम्भावना थिएन, त्यसैले बाध्य भएर ग्यास, मट्टितेल र डिजेलको मूल्यबृद्धि गर्नुपर्ने अवस्था आयो । यस्ता गम्भीर प्रतिकूलताको सामना गर्न पनि सरकार सक्षम सावित भएको छ ।

**६. के वार्ता सम्भव छ ?**

नेपालजस्तो सुन्दर मुलुकलाई सर्वनासको दिशातर्फ धकेल्न चाहने कतिपय तत्वहरू अहिले समस्याको समाधान वार्ताबाट हुन नपाओस् भन्ने चाहन्छन् । निरन्तर युद्ध र यसबाट उत्पन्न संकटबाट उनीहरू आफ्नो कुत्सित मनसाय पूरा गर्न चाहन्छन् । तर वर्तमान सरकार इमान्दारिताकासाथ वार्ताको पक्षमा रहँदै आएको छ । आम नेपाली जनता वार्ताद्वारा समस्याको समाधान चाहन्छन् । प्रायः सबै राजनीतिक पार्टीहरू, नागरिक समाज पनि वार्ताको पक्षमा छन् । अन्तर्राष्ट्रिय मित्रशक्तिहरू सबैले वार्ताद्वारा समस्याको समाधान हुनुपर्ने विचार व्यक्त गरिरहेका छन् । माओवादीहरूको केन्द्रीय कमिटीको बैठकले भारतीय हस्तक्षेपको सम्भावना बढेर गएको निष्कर्ष निकाल्दै भारतीय शासक वर्ग र नेपाली शासक वर्गबीचको साँठगाँठलाई मूल अन्तर्विरोधको रूपमा व्यक्त गरेको छ । माओवादीको उक्त निष्कर्षले अनिवार्य रूपमा सोहीअनुरूप कार्यनीतिक हेरफेरको माग गर्छ । बाहिर उनीहरूले जे जस्ता कुराहरू प्रचार गरे पनि अब उनीहरूको लागि वार्ताद्वारा केही उपलब्धि हासिल गरेर नयाँ किसिमले अगाडि बढ्नुबाहेक अर्को विकल्प छैन । राजनीतिमा सबैले आफ्नो हात माथि पार्न चाहन्छन्, यो अत्यन्त स्वाभाविक कुरा हो तर अहिले वार्ताको लागि परिस्थिति अनुकूल बन्दै गएको यथार्थतालाई ध्यानमा राखेर यसलाई सफल र परिणाममुखी बनाउनको लागि सम्पूर्ण ध्यान केन्द्रित गर्नु अहिलेको प्रमुख आवश्यकता हो । एमाले सरकारमा बसेर मात्रै वार्तालाई सफल र परिणाममुखी बनाउन सकिन्छ ।

◆

# सरकारका सय दिन र ज्वलन्त दायित्व

**' सूर्य थापा**

**चा**रपार्टीको संयुक्त सरकारमा नेकपा (एमाले) सहभागी भएको सय दिन पुगेको छ । संसदीय परिपाटीमा सय दिनको अवधि जुनसुकै नयाँ सरकारको निम्ति त्यस्तो अवधि हो, जतिबेला प्रतिपक्षीहरू समेत आलोचना र विरोध होइन, प्रतीक्षा गरेर काम गर्ने मौका प्रदान गर्ने गर्दछन् । यस हिसाबले वर्तमान सरकारले पनि सय दिनको अवधि गुजारेको छ । यद्यपि यो सरकार जनताको प्रत्यक्ष मतदानबाट बनेको र प्रतिनिधिसभाको उपज होइन, जसले गर्दा सय दिनको हनिमुन अवधिले तात्विक अर्थ राख्दैन । तथापि असोजतन्त्रका विरूद्ध प्रजातन्त्रको निम्ति २० महिना लामो संघर्ष गरेर त्यसको उपलब्धिकारूपमा गठन भएको वर्तमान सरकारले सय दिनमा के काम गर्‍यो ? यसले के के काम गर्नुपर्दथ्यो ? जस्ता सवालहरू उठ्नु अस्वाभाविक होइन । एउटा प्रजातान्त्रिक सरकारलाई सय दिनको हनिमुन अवधिको कसीमा मूल्यांकन गर्नुको मतलव बिहानीले कस्तो दिनको संकेत गरेको छ । थाहा पाउन खोज्नु पनि हो ।

प्रतिगमन विरूद्ध संघर्ष र प्रजातन्त्रको सुदृढीकरण, हत्या-हिंसा र आतंकको अन्त्य गरी वार्ताको माध्यमद्वारा शान्तिको बहाली, द्वन्द्व पीडितहरूको राहत र पुनर्स्थापना, भ्रष्टाचारमुक्त सुशासन र अग्रगमनको गन्तव्य तय गर्न न्यूनतम साझा कार्यक्रमको जग र आधारशीलामा उभिएर चार पार्टी सर्वदलीय सरकारमा सामेल हुन सहमत भएका थिए । तदनुरूप २०६१ असार २१ गते नेकपा (एमाले) संयुक्त सरकारमा सामेल भएको थियो । त्यसयता सरकारले जुन सय दिनको अवधि पार गरेको छ, यसको वस्तुपरक मूल्यांकन र समीक्षा गर्दै भएका कमी कमजोरी हटाएर सरकारलाई संकटपूर्ण परिस्थितिको सामना गर्ने संघर्षको मोर्चा बनाउनु अत्यावश्यक छ । एउटा सरकारको निम्ति सय दिनको खासै ठूलो समय अवधि होइन । तर नेपालमा विगतको साढे पाँच दशकमा बनेका प्रायःजसो सरकार औसत एकवर्ष मात्र टिक्न सकेका, कुनै पनि सरकार पाँच वर्ष नटिकेका र बहुमत प्राप्त पार्टीले समेत जनताको म्याण्डेट अनुरूप पाँच वर्ष शासनसत्ता सम्हाल्न नसकेको परिप्रेक्ष्यलाई ध्यानमा राख्ने हो भने यो अवधि खास धेरै समय होइन भन्न मिल्दैन । अहिलेको संकटपूर्ण राष्ट्रिय राजनीतिको विशिष्ट मोडमा बनेको संयुक्त सरकारको हकमा यो ठूलै समय अवधि हो ।

२०६१ असार १६ गते चार पार्टीले सार्वजनिक गरेको 'बृहत्तर राष्ट्रिय एकता तथा सहमतिको साझा प्रस्ताव' संयुक्त सरकारको कामलाई मार्गनिर्देश गर्ने दस्तावेज हो । सरकारका सारा प्रयास, प्रयत्न, उपलब्धि र कमजोरीहरूको विश्लेषण पनि यही दस्तावेजमा उल्लेखित कार्यक्रमिक प्रतिबद्धताको आधारमा गर्नुपर्दछ । यही दस्तावेजले विगतमा संचालित प्रतिगमनविरोधी सडक आन्दोलनका मागहरूलाई सम्बोधन गर्दै असोजतन्त्रमा गठन भएका विगतका चन्द र थापा सरकारको तुलनामा वर्तमान सरकारको भिन्न पहिचान दिने प्रयास गरेको छ । उक्त दस्तावेजको प्रस्तावमा चार पार्टीले स्पष्ट उल्लेख गरेका छन्-राष्ट्रका सामू उपस्थित गम्भीर चुनौतीहरूको सामना गर्न विगतका कमी कमजोरीहरूबाट शिक्षा लिएर बृहत्तर राष्ट्रिय एकता तथा सहमतिको दिशामा हामी अग्रसर भएका छौं । आ-आफ्ना राजनीतिक मान्यता र कार्यक्रम भए तापनि मुलुक र जनताप्रतिको जिम्मेवारीबोधका साथ पारस्परिक छलफल र समझदारीबाट सर्वदलीय सरकारका सहभागी भई त्यसको संचालन गर्न हामी मञ्जुर भएका छौं ।

०४७ को अन्तरिम सरकार, ०५१ मा अल्पमतको एकलौटी सरकार, ०५३ मा मिलीजुली सरकार र ०५६ को चुनावी सरकारमा रही नेकपा (एमाले)ले राज्य संचालनको अनुभव हासिल गरिसकेको सन्दर्भमा यसपालिको सत्ता साझेदारी एउटा भिन्नै परिस्थिति र लक्षका निम्ति हो भन्ने जाहेर भइसकेको छ । केन्द्रीय कमिटीको छैठौं बैठकले गरेको निर्णय-०४६ सालको जनआन्दोलनका उपलब्धिको रक्षा गर्दै देशलाई अग्रगमनको दिशातिर डोर्‍याउने मान्यताको आधारमा शान्ति स्थापना गर्न र माओवादी समस्याको समाधानको सन्दर्भमा नेकपा (एमाले) राष्ट्रिय सहमतिको आधारमा नयाँ संविधान निर्माणका निम्ति आवश्यकता अनुसार संविधानसभा समेत कुनै पनि प्रजातान्त्रिक विकल्पमा जान तयार छ भन्ने प्रष्ट मान्यताअनुरूप त्यसप्रति समर्पित बनेर एमालेको भूमिका देखिनुपर्छ । यसरी एमालेको सरकारमा सहभागिताका पछाडि रहेको प्रमुख कार्यभार मुलुकमा विद्यमान हत्या-हिंसाको समाप्ति तथा शान्तिवार्ता र राजनीतिक समाधानको निम्ति सशक्त भूमिका खेल्ने नै हो । यसमा गम्भीर भएर जनताले शान्तिको अनुभूति गर्न सक्ने परिस्थिति निर्माण गर्न सकेको खण्डमा मात्र एमालेको सत्तारोहणको औचित्य सावित हुनुका साथै पार्टीले सार्थक राष्ट्रिय भूमिका निर्वाह गरेको ठहरिन्छ । यसै सन्दर्भमा केन्द्रित भएर सरकारमा रहेको विगत सय दिनको अवधिलाई निम्नअनुसार मूल्यांकन र समीक्षा गर्नु न्यायोचित हुनेछ ।

१. **प्रतिगमनविरोधी आन्दोलन र प्रजातान्त्रिक सरकार गठनको सन्दर्भ** : २०५९ असोज १८ पश्चात मुलुकमा जुन परिवेश खडा गर्न सामन्ती दरवारिया तत्वहरू लागेका थिए, त्यसका विरूद्ध लामो संघर्ष चलेको तथ्य सर्वविदितै छ । प्रतिगमनविरोधी संयुक्त जनआन्दोलनको त्यही जगमा उभिएर वर्तमान सरकार गठन भएको थियो । जसका सामु राष्ट्रिय हित तथा प्रजातन्त्रको रक्षा र सम्वर्द्धन गर्ने जिम्मेदारी थियो र अद्यावधि छँदैछ । न्यूनतम साझा कार्यक्रमको शुरूका सात बुँदामा उल्लेखित विषयवस्तुले सरकारको यो कार्यभार स्पष्ट गरेका छन् । खासगरी मन्त्रिपरिषद्को कार्य सम्पादन नियमावलीमा भएको संशोधन खारेजीको निम्ति सरकारमा सामेल हुनु अगावै नेकपा (एमाले)ले गरेको संघर्षको सफलताले वर्तमान सरकारलाई विगतका चन्द र थापा सरकारभन्दा भिन्न प्रजातान्त्रिक पहिचान दिलाएको हो । तत्पश्चात् चार पार्टीको सल्लाह, सहमति र प्रधानमन्त्रीको सिफारिशमा मन्त्रीहरूको नियुक्तिले

प्रतिगमनविरोधी आन्दोलनको एउटा मूलभूत माग र राजनैतिक पार्टीहरूको भूमिकालाई केन्द्रमा राख्ने काम भएको छ। जनता नै राज्यशक्तिको स्रोत भएको यथार्थलाई आत्मसात् गर्नुका साथै जनप्रतिनिधिमूलक संस्थाहरूलाई क्रियाशील बनाई सार्वभौम जनताका निर्वाचित प्रतिनिधिहरूलाई राज्य संचालनको जिम्मेवारी हस्तान्तरण गरिने प्रतिबद्धतामा सहमत भएर यो सरकार गठन भएको हो।

सरकारले सय दिनमा उल्लेखित पहिचान, छवि र लक्ष्यअनुरूप भुटानी शरणार्थी समस्यालाई अन्तर्राष्ट्रियकरण गर्न भुटानी मानवअधिकारवादी नेता टेकनाथ रिजाललाई 'ट्राभल डकुमेन्ट' उपलब्ध गराएको छ। जबकि विगतको थापा सरकारको पालामा रिजालले आमरण अनसन गर्दासमेत ट्राभल डकुमेन्ट पाउन सक्नुभएको थिएन। आन्दोलनकारी नेताहरूले अनसन तोडाउने क्रममा उहाँलाई ट्राभल डकुमेन्ट उपलब्ध गराउन भूमिका खेल्ने आश्वासन दिएका थिए। यसले मुलुकले भोग्नुपरेको एउटा समस्यालाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउन मद्दत पुगेको छ भने विगतको 'प्रतिगामी थापा सरकार' र अहिलेको 'प्रजातान्त्रिक सरकार' बीच रहेको भिन्नता पनि स्पष्ट भएको छ। तर सडक आन्दोलनको जबर्जस्त मागअनुरूप दरवारको सुविधा र सुरक्षा बजेट घटाउने प्रश्नमा भने नयाँ सरकारले स्पष्ट कमजोरी देखाएको छ। साथै स्थानीय निकायको पुनर्वहाली गर्ने, राष्ट्रिय सभालाई क्रियाशील बनाउने जस्ता काम पनि हुन सकेका छैनन्। कतिपय स-साना सरूवाको प्रसँगमा समेत राजाले रोजेका मन्त्रालय र राजाले मन पराएका मन्त्रीहरूले तेर्स्याएको अवरोध भोग्नुपरिरहेको छ। यो वास्तविकतालाई यहाँनेर विर्सन मिल्दैन।

२. **शान्तिवहालीको निम्ति युद्धविराम र शान्तिवार्ता** : अहिलेको सरकारको मूल लक्ष्य र ध्येय शान्तिवहालीको निम्ति हस्तक्षेपकारी भूमिका खेल्नु नै हो। यदि सरकारले शान्तिवहालीको लक्ष्य हासिल गर्न सक्यो भने यसले आफ्नो औचित्य पूर्णरूपमा सावित गर्न सफल हुने तथ्य जगजाहेर छ। अन्यथा जतिसुकै राम्रा र जनमुखी काम गर्न खोजे पनि शान्तिबहालीको लक्ष्य हासिल गर्न नसकेको वा त्यस दिशामा सार्थक भूमिका खेल्न असफल भएको अवस्थामा वर्तमान सरकार पनि निरर्थक र प्रयोजनहीन बन्न जाने निश्चित छ। आम जनसमुदाय शान्ति बहालीको शर्तमा जस्तासुकै दुःख, कष्ट भोग्न र सरकारलाई सहयोग गर्न तयार छन्। जनताको यो आकांक्षालाई सार्थक तुल्याउन सरकारले भूमिका खेल्न सक्नैपर्छ।

बितेका अवधिमा सरकारले माओवादीलाई दुईपटक वार्ताको निम्ति आह्वान गरेको छ। दोस्रो आह्वान पश्चात् सरकार र माओवादीबीच वार्ताको सन्दर्भमा केन्द्रित रहेर खुल्ला सवाल-जवाफ पनि भएको छ। माओवादीले उद्योगधन्दाहरू बन्द गराएको र राजधानी लक्षित नाकाबन्दीको घोषणा गरेको स्थितिमा समेत वर्तमान सरकारले सम्वाद र सहमतिको आधारमा समस्या समाधानको प्रयत्न गरेको छ। र, शान्तिवार्तालाई प्राथमिकताको केन्द्रमा राखेर वार्ताको प्रयत्नलाई अघि बढाएको छ। यसै सन्दर्भमा सरकारले विगतमा असफल भएका दुईवटा वार्ताको अनुभवका आधारमा तेस्रो वार्तालाई संस्थागत र व्यवस्थित रूपमा सम्पन्न गर्न उच्चस्तरीय शान्ति समिति र त्यसअन्तर्गत शान्ति सचिवालयको गठन गरेको छ। र, शान्ति समितिमा अझै पनि प्रतिगमनविरूद्ध सडक आन्दोलनमा सक्रिय रहेका दलहरूलाई पनि सहभागी बनेर वार्ता प्रक्रियालाई अघि बढाउन आह्वान गर्ने काम पनि भएको छ। उक्त समितिका पदाधिकारीद्वारा राजासँग पनि भेटघाट गरेर वार्ता प्रक्रियालाई आम सहमतिको आधारमा अघि बढाउने प्रयास पनि गरिएको छ।

कुनै लिखित अभिलेख र माइन्यूट समेत नरहेको सन्दर्भमा यसपाली संस्थागत र व्यवस्थित रूपमा शान्तिवार्ता अघि बढाउने संयन्त्रको गठन र त्यसको माध्यमबाट वार्ता प्रयास अघि बढाउन खोज्नु सकारात्मक कदम हो। तर सय दिनको अवधिमा पनि विद्रोहीलाई युद्धविराम गर्नको निम्ति सहमत गराउने सफलता हासिल भएको छैन। यसले जनस्तरमा वार्ता नहुने हो कि भन्ने आशंका बढाउने काम गरेको छ। शान्ति समितिमा नेकपा (एमाले)ले दशैं-तिहारको सन्दर्भ पारेर एकतर्फी युद्धविरामको निम्ति प्रस्ताव गरेको भए पनि सरकारमा सहभागी अन्य दलहरू त्यसका निम्ति तयार भएको देखिएन। जसले प्रधानमन्त्रीको जेठ २७ को सम्बोधन तथा न्यूनतम साझा कार्यक्रममा उल्लेख भएको 'अधिकतम लचकता'का साथ प्रस्तुत हुने प्रतिबद्धता माथि मात्र प्रश्न खडा भएको छैन, एकतर्फी युद्धविराम गर्न समेत तयार नहुने सत्ताधारीहरूले माओवादीहरूलाई वार्ताको टेबुलमा ल्याई निकासको विन्दुमा पुऱ्याउन सक्लान् त ? भन्ने आशंका समेत पैदा गरेको छ। वार्ताको उपयुक्त वातावरण बनाउने जिम्मेवारी सरकारको हो, तर यसबीचमा माओवादीसँग अनौपचारिक र गोप्य वार्ताको पक्षमा निकै चर्चा भए पनि औपचारिक सम्पर्क सूत्र कायम गर्न समेत सरकार सफल भएको पाईंदैन। खासगरी राज्यको तर्फबाट मानवअधिकार सम्झौतामा हस्ताक्षर गर्ने, गैरकानूनी पक्राउ र बेपत्ता पार्ने क्रमलाई कडाईका साथ रोक्ने, मानवअधिकारको पूर्ण सम्मान गर्ने, आतंककारीको बिल्ला र रेडकर्नर नोटिस हटाएर माओवादीलाई वार्तामा आउन दवाव दिने काममा ठोस निर्णय हुन सकेको छैन। यस स्थितिमा लचकता देखाउन नसक्दा जनमानसमा सरकारले वार्ताको ठोस प्रयास नगरेको हो कि ? भन्ने प्रभाव परेको छ।

शान्तिवार्ताको शर्तमा सरकार अधिकतम् लचिलो बन्नैपर्छ। सय दिनको अवधिमा विश्वासको वातावरण बनाउन नसके पनि अब यसमा ठोस योजना साथ प्रभावकारी कदम चालेर कम्तिमा युद्धविरामको स्थिति सिर्जना गर्नुपर्छ। जसले गोलमेच सम्मेलनको परिस्थिति निर्माण हुन्छ र सबैले आ-आफ्ना प्रस्ताव गोलमेचमा राखिसकेपछि अन्तरिम सरकारको गठन र नयाँ संविधान निर्माणको प्रक्रिया अघि बढाउन सम्भव हुनेछ। यसका निम्ति माओवादीलाई निरन्तर दवाव दिने, एकपछि अर्को सकारात्मक निर्णय गरेर सरकारको हात माथि पार्ने तथा आम जनसमुदायलाई साथ लिएर अघि बढ्ने भूमिका खेल्न सरकार चुक्नु हुँदैन। यसो गर्दा माओवादीहरू कथं वार्तामा आएनन् भने पनि सरकारको हात माथिपर्छ र सरकारले जनसमुदायको साथ र समर्थनमा काम गर्न सक्छ।

३. **तत्कालिक राहत र जनपक्षीय काम** : वर्तमान सरकारले हत्या-हिंसाबाट पीडित र विस्थापितहरूको उद्धार तथा राहतको विशेष व्यवस्था गर्ने प्रतिबद्धता सार्वजनिक गरेको थियो। तर तीन महिना बित्दासम्म यस्तो कुनै कार्यक्रम घोषणा गरिएन। यसबीचमा माओवादीको ज्यादती अझ बढेको छ। अपहरण, कुटपिट, घरमा तालाबन्दी, गाउँ निकाला, हत्याको धम्की, विस्थापन र हत्या गर्ने जस्ता बर्बरताको शिकार भएका व्यक्तिहरूले मुलुकमा सरकार भएको अनुभूति गर्न पाएनन्। सरकारले माओवादी हिंसा पीडितहरुका निम्ति तीन महिनापछि भए पनि राहतको नयाँ कार्यक्रम घोषणा गरेको छ। जसअन्तर्गत शिक्षा, स्वास्थ्य, रोजगारी र पुनर्स्थापना तथा न्यूनतम मानवीय आवश्यकता एवं आर्थिक राहतको उल्लेख गरिएको छ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम वस्तुको मूल्य ६५ प्रतिशतसम्म बृद्धि भएको जनाएर यसै अवधिमा दुई-दुई पटक मूल्यबृद्धि भयो भन्न सजिलो छ। तर जनताका दैनिक अत्यावश्यक वस्तु तथा सेवालाई सुलभ र सुपथ बनाउन प्राथमिकताका साथ आवश्यक व्यवस्था गरिने पूर्व प्रतिबद्धताको प्रतिकूल यस्तो कदम चाल्दा सरकारले श्वेतपत्र जारी गरेर जनतासामू आफ्नो बाध्यता स्पष्ट

राख्नुपर्दथ्यो । उपभोक्ताहरूका संघ-संस्थालगायत राजनीतिक र नागरिक समाजका प्रतिनिधिहरूसँग छलफल गरेर तथ्यहरूको आधारमा परिस्थितिको बाध्यता बोध गराउन सक्नुपर्थ्यो । यसबीचमा पेट्रोलियम वस्तुको मूल्य र पानीको महसुलमा बृद्धि भएको छ, यसले सरकारको जनपक्षीय छविमा धक्का लाग्न पुगेको अनुभूति गर्न थालिएको छ । मूल्यबृद्धिको बाध्यता बताइरहँदा पेट्रोलियम वस्तुको आपूर्तिमा रहेका समस्या, चुहावट मिसावट र भ्रष्टाचारका सन्दर्भमा कडा कदम चाल्नु उपयुक्त हुन्थ्यो । सरकारमा नेकपा (एमाले)को तर्फबाट सम्हालिएका मन्त्रालयहरूको काममा जनपक्षीय कार्यक्रम, योजना र छवि हुनैपर्छ । जनतालाई प्रत्यक्ष राहत, सुविधा पुऱ्याउने काम आन्तरिकरूपमा वा मन्त्रीहरू आफूले मात्र बुझ्ने गरी होइन, देश-दुनियाँले अनुभूति गर्न पाउने गरी ठोस योजनाका साथ जुट्नु अत्यावश्यक छ । यद्यपि यो संयुक्त सरकार हो र यसका केही बाध्यता र जटिलताहरू अवश्यक होलान् । विद्यमान परिस्थिति र राजनीतिक समीकरणको सीमाभित्र प्रकट हुने आकांक्षाहरू मात्र गर्न सक्ला तर जनतालाई राम्ररी यसको हेक्का गराउन सक्नुपर्छ ।

४. **अग्रगमन र परिवर्तनको अपरिहार्यता** : यतिबेला नेकपा (एमाले) सरकारमा सामेल हुनुको अभिप्राय शान्ति, प्रजातन्त्र र अग्रगमनको निम्ति नै हो । वार्ताको माध्यमबाट राजनीतिक निकासमा पुगेर शान्ति बहाली गर्दै प्रतिगमनलाई पूर्णतः परास्त गरेर प्रजातन्त्रको सुदृढीकरणका साथै यथास्थितिको अकर्मण्यतालाई तोडेर मात्र अग्रगमनको यात्रा तय गर्न सकिन्छ । अग्रगमनका सन्दर्भमा सत्तासिन गठबन्धनको तर्फबाट ६ बुँदामा राजनीतिक, ६ बुँदामा आर्थिक र १५ बुँदामा सामाजिक परिवर्तनका एजेण्डा अघि सारिएको छ । देशका अरू राजनीतिक शक्ति र माओवादीहरूका पनि यस सन्दर्भमा आ-आफ्नै एजेण्डा छन् । सरकारले चार पार्टी लगायत देशका तमाम पक्षहरूको बीचमा सम्वाद, सहमति र साझा एजेण्डा निर्माणको कामलाई जोड दिनैपर्छ । तब मात्रै राष्ट्रिय सहमतिको वातावरण बनाउन र सहमतिको आधारमा अग्रगमनको दिशामा अघि बढ्न सम्भव हुनेछ । सय दिनको अवधिले सरकार यथास्थितिको जकडमा फसेको र अग्रगमनको लक्ष्य विमुख हुन खोजेको आशंका नबढाएको होइन । यथास्थितिलाई तोड्ने आँट, हिम्मत र योजनाकासाथ क्रियाशील नभई सरकारले प्रजातन्त्र र अग्रगमनको वातावरण सुनिश्चित गर्न सक्दैन । संविधान, ऐन कानुन, नियम र परम्परा आफ्नै ठाउँमा हुन्छन्, तर अग्रगमनको निम्ति राज्यसंयन्त्रले जनताको स्वार्थअनुरूप कदम चाल्नुपर्छ । यसका खातिर संविधान, ऐन कानून,  र सबचिजको सदुपयोग गर्नुपर्छ र कर्मचारीतन्त्रलाई पनि यही उद्देश्यका निम्ति परिचालन गर्ने क्षमता देखाउनुपर्छ ।

**समग्रमा**, सरकारले यस अवधिमा केही काम अवश्य गरेको छ । यसै अवधिमा भएको प्रधानमन्त्रीको औपचारिक भारत भ्रमण विगतका तीता अनुभवहरूको तुलनामा विवादरहित हुन पुगेको छ । शान्तिवार्ताको निम्ति संस्थागत संयन्त्रमार्फत् गृहकार्य भइरहेको छ । वैदेशिक रोजगारीलाई व्यवस्थित गर्ने, पेट्रोलियम वस्तुको सम्भाव्यताबारे अध्ययन गर्ने, सीमा क्षेत्रमा भारतले एकतर्फीरूपमा निर्माण गरेका बाँधको असर कम गर्न बात्चित गर्ने, सहमतिबिना एकतर्फी रूपमा बाँध निर्माण गर्न नपाउने कुरामा भारतीय पक्षको ध्यानाकर्षण गराउने, पूर्णागिरीमा बाँध बनाउँदा डडेल्धुराको जोगबुढा क्षेत्रसहितको रंगून उपत्यका डुबानमा पर्ने हुँदा पंचेश्वर बहुउद्देश्यीय आयोजनाको रि-रेगुलेटिङ्ग बाँध रूपालीगढमा बनाउन भारतलाई सहमत गराउने, अमलेखगञ्जसम्म ३५ किलोमिटर पेट्रोलियम पाइपलाइन निर्माण गर्ने जस्ता सहमति यसबीचका केही उपलब्धि हुन् । तर भदौ १६ गते काठमाडौंमा भएको तोडफोड, आगजनी र विध्वंसको पूर्वानुमान गरी आकस्मिक बैठकबाटै इराकमा मारिएका बाऱ्ह नेपालीका परिवारलाई तत्काल उचित क्षतिपूर्तिको घोषणा गर्न र पर्याप्त सुरक्षा व्यवस्था मिलाउन सरकार चुक्यो । त्यस घटनाको कसैले जिम्मेवारी लिएन । कतिपय कर्मचारीको सरूवा, आयोग, समतिहिरूमा नियुक्तिजस्ता दैनन्दिन काममा समेत ढिलासुस्ती गरेको नदेखिएको होइन । शाही नेपाली सेनाको ठूलो धनराशीलाई नियमावली बनाएर व्यवस्थित सुरक्षित गर्न खोज्नु राम्रो हो । तर यस सम्बन्धी निर्णयका कतिपय पक्ष पनि विवादास्पद बन्न पुगे । यस्ता कमी कमजोरीलाई हटाउँदै सरकार पूर्णरूपले हिंसा-हत्याको अन्त्य, शान्तिवार्ता, शान्तिबहाली र शान्तिपूर्ण राजनीतिक निकासको एकमात्र उद्देश्यमा समर्पित हुनुपर्छ । यसमा हासिल हुने सफलता या असफलताले नै शान्ति, प्रजातन्त्र र अग्रगमनको सुनिश्चितता वा हिंसा, गृहयुद्ध, प्रतिगमन र वैदेशिक हस्तक्षेपको दुश्चक्रको परिणाम निम्त्याउने देखिन्छ ।

◆

**अभियान**

# अनेरास्ववियुको सत्रौं राष्ट्रिय सम्मेलन

मुलुकको सर्बाधिक ठूलो विद्यार्थी संगठन अनेरास्ववियुको सत्रौं राष्ट्रिय सम्मेलन असोज १७ देखि २१ गतेसम्म वीरगञ्जमा सम्पन्न भएको छ । नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले उद्घाटन गर्नुभएको सो सम्मेलनले आगामी दुई बर्षका लागि संगठनको नयाँ नेतृत्व, नीति र कार्यक्रम तय गरेको छ । सम्मेलनले २१ सदस्यीय केन्द्रीय सचिवालय, ८१ सदस्यीय केन्द्रीय कमिटी र १ सय ६५ सदस्यीय राष्ट्रिय परिषद्को गठन गरेको छ । सो सम्मेलनमा देशभरिका एकहजार भन्दा बढी विद्यार्थी प्रतिनिधिहरू सहभागी भएका थिए ।

अखिल मुलुककै सबैभन्दा बढी लोकप्रिय र जुझारू विद्यार्थी संगठन हो । यसको ऐतिहासिक सन्दर्भ कोट्याउँदै महासचिव नेपालले भन्नुभयो-'पञ्चायती कालरात्रीको बेला म यही क्षेत्रमा विद्यार्थी फाँटमा क्रियाशील थिएँ । त्यतिबेला यो संगठनको महत्व, सान्दर्भिकता र आवश्यकता जति थियो, अहिले पनि त्यति नै छ भन्ने मलाई लाग्दछ ।' सामाजिक विकृति र अराजकतालाई परास्त गर्न विद्यार्थी बर्ग क्रियाशील हुनुपर्ने आवश्यकता औंल्याउँदै महासचिव नेपालले त्यसका लागि अखिलको

भूमिका अग्रणी र नेतृत्वदायी हुनुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो -'नेपालको प्रजातान्त्रिक आन्दोलनमा अखिलले पुऱ्याएको योगदानका कारण यो संगठन विद्यार्थी समुदायको नेता मात्र होइन, सिंगो प्रजातान्त्रिक आन्दोलनको भरपर्दो खम्बाको रूपमा स्थापित भएको छ। आफ्नो ऐतिहासिक भूमिकालाई तपाईहरूले यो सम्मेलनबाट अझै उजागर गर्न सक्नुपर्छ।'

सम्मेलनको उद्घाटन समारोहलाई पार्टीका केन्द्रीय सदस्यद्वय सुरेन्द्र पाण्डे र केदार न्यौपाने, बेकल्पिक केन्द्रीय सदस्य उर्मिला अर्याल, स्वास्थ्य राज्यमन्त्री डा.बंशीधर मिश्र, अनेरास्ववियुका पूर्व अध्यक्ष टंक कार्की, नेविसंघका अध्यक्ष किशोरसिंह राठौर, अर्को नेविसंघका उपाध्यक्ष बद्री पाण्डेका साथै विदेशी भाइचारा संगठनका प्रतिनिधिहरूले पनि सम्बोधन गर्नुभएको थियो।

विद्यार्थीहरूले सम्मेलनको प्रचारप्रसार गरी सिंगो वीरगञ्ज शहरलाई दुलहीझैं सिंगारेका थिए। बर्षाका कारण सम्मेलनस्थल आदर्श रंगशाला जलमग्न भए पनि पर्सा र वरपरका जिल्लाबाट ठूलो संख्यामा जनसमुदायहरू उद्घाटन समारोहमा भाग लिन वीरगञ्ज आइपुगेका थिए। पर्सास्थित विभिन्न संघसंस्था, राजनीतिक दल र अखिलका स्थानीय कमिटीहरूले आगन्तुकहरूको स्वागतका लागि ठाँउठाँउमा स्वागतद्वार निर्माण गरेका थिए। समारोहमा अखिलका पूर्व नेताहरू, एमालेका बारा, पर्सा, रौतहट, मकवानपुर र चितवनका नेताहरू, स्थानीय उद्योगी, व्यापारी, प्रशासकलगायतको सहभागिता थियो।

पार्टीका बैकल्पिक केन्द्रीय सदस्य उर्मिला अर्यालको अध्यक्षतामा बनेको अध्यक्षमण्डलले सो सम्मेलनको सञ्चालन गरेको थियो। सम्मेलनले तत्कालीन अध्यक्ष राजेन्द्रकुमार राईद्वारा प्रस्तुत राजनीतिक प्रतिवेदन, तत्कालीन महासचिव खिमलाल भट्टराईद्वारा प्रस्तुत विधान संशोधन प्रस्ताव र तत्कालीन कोषाध्यक्ष रामकुमार बस्नेतद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन सर्वसम्मतिले पारित गरेको छ।

**' विष्णु रिजाल, वीरगञ्जबाट फर्केर**

# अखिलको नयाँ नेतृत्व

अध्यक्ष-खिमलाल भट्टराई, उपाध्यक्ष-रामकुमार बस्नेत, महासचिव-ठाकुर गैरे र सचिव-यज्ञराज सुनुवार

**सचिवालय सदस्य**

गोकुल घर्ती, झपट रावल, राजन राई, श्रीप्रसाद साह, रामकुमारी झाँक्री, विजय राई, माधव ढुंगेल, त्रिबेणी चोङवाङ, रमा आलेमगर, हिराबहादुर के.सी, होम नेपाली, राजकुमार ओझा, नारायण बराल, सुधिर पौडेल, रत्न खत्री, जनकराज अवस्थी र उपेन्द्र पौडेल।

**केन्द्रीय कमिटी सदस्य**

शिव ढुंगेल, सोविस चेम्जोङ, निरकुमार सम्बाहाम्फे, दिनेश यादव, सुरेन्द्र राई, सुधिर साह, दिपक रेग्मी, घनश्याम कँडेल, किशोर मल्ल, सोभियत ढकाल, शिवजी गुरूङ, विष्णुभक्त सिग्देल, कृष्ण लम्साल, रमेश न्यौपाने, यमलाल आचार्य, पार्वती भण्डारी, गोविन्द नेपाली, मेटमणि चौधरी, विनोद के.सी., गोपाल शाही, चन्द्र बोहरा, यज्ञ ढुंगाना, नरबहादुर धामी, नारायण बस्नेत, रूपेश खतिवडा, चन्द्र शाही, भैरव रावल, पुरूषोत्तम आचार्य, विजय भट्टराई, रामप्रसाद रिमाल, उर्मिला कार्की, फूलमान बल र आनन्द श्रेष्ठ।

**केन्द्रीय कमिटी बैकल्पिक सदस्य**

मित्र लिङ्देन, छत्र रिमाल, नमिता न्यौपाने, अशोक यादव, तेजस बडाल, मनोज चौधरी, जुना दहाल, सावित्रा थापा, प्रेमनारायण गैरे, खुमबहादुर बानियाँ, उपेन्द्र खड्का, केशव बोहरा, सुमन भट्ट, नारायण श्रेष्ठ, रामशरण बस्नेत, रविन्सन प्रजापति, नवराज पौडेल, वालगोपाल उपाध्याय, विमल पुन, नविना लामा र रचना खड्का।

पार्टी जीवन

# सिद्धान्तलाई व्यवहारमा मिलाउने समस्या

## ' बेदुराम भुसाल

**मा**र्क्सवादी दर्शनले सिद्धान्त र व्यवहारलाई एक अर्काका अभिन्न अंग मान्दछ। सिद्धान्तले व्यवहारलाई मार्गदर्शन गर्दछ भने व्यवहारले सिद्धान्तलाई सही वा गलत ठहर गर्ने र गलत भए त्यसलाई सच्याउनको निम्ति आधार प्रदान गर्ने काम गर्दछ। त्यसैले भनिन्छ, सिद्धान्त र व्यवहार एक अर्कोका परिपूरक हुन्। सिद्धान्तबिनाको व्यवहार अन्धो हुन्छ र व्यवहारविनाको

सिद्धान्त कोरा हुन्छ । सिद्धान्त र व्यवहारकाबीच द्वन्द्वात्मक सम्बन्ध हुन्छ । सही सिद्धान्तलाई व्यवहारमा ठीक ढंगले मिलाउन सकेको खण्डमा मात्र जुनसुकै काम पनि सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ । त्यसैले सिद्धान्तलाई व्यवहारमा मिलाउने सवाल ज्यादै महत्वपूर्ण सवाल हो । यदि सिद्धान्तलाई व्यवहारमा मिलाउन सकिएन भने या त सिद्धान्त नै गलत हुन्छ या सिद्धान्तअनुरूपको व्यवहार गर्न नसकिएको हुन्छ । अहिले हाम्रो पार्टी नेकपा (एमाले) मा सिद्धान्त र विचारको कुनै समस्या छैन । मार्क्सवाद-लेनिनवाद मानव जातिले विकास गरेको सबैभन्दा वैज्ञानिक सिद्धान्त हो भने नेपाली समाजको वर्तमान विशिष्ट अवस्थामा मार्क्सवादलाई लागु गर्नका निम्ति हामीले अंगालेको जनताको बहुदलीय जनवाद एउटा अत्यन्तै सुन्दर र समय सापेक्ष विचार हो । त्यसैले अहिले हामीसँग विचारको समस्या छैन तर यो विचारलाई कार्यान्वयन गर्ने वा व्यवहारमा मिलाउने सन्दर्भमा भने थुप्रै समस्याहरू रहेका छन् । ती समस्याहरूलाई निम्न बुँदामा राखेर हेर्न सकिन्छ ।

१. सिद्धान्त कार्यान्वयनमा समस्या- हामीले जुन सिद्धान्त र विचार अँगालेका छौं, त्यसलाई ठीक ढंगले व्यवहारमा उतार्न सकेका छैनौं । यसका धेरै उदाहरणहरू हुन सक्छन् । ती मध्ये दुईटा प्रमुख सवाललाई मात्रै नमूनाको रूपमा प्रस्तुत गर्न चाहन्छु । एउटा नमूना हो हामीले आफ्नो संगठनात्मक सिद्धान्तका रूपमा स्वीकार गरेको जनवादी केन्द्रीयताको सिद्धान्तलाई व्यवहारमा लागु गर्ने सवाल । यस सवालमा नेपाली कम्युनिष्ट आन्दोलनभित्र शुरूदेखि नै समस्या रहेको देखिन्छ । विभिन्न समयमा पार्टी विभाजन हुँदाका जति पनि विवादका सवालहरू छन्, ती कुनै पनि सैद्धान्तिक र रणनैतिक महत्वका छैनन् । केवल कार्यनैतिक सवालहरूलाई समाएर पटक-पटक पार्टी विभाजन गरिएको छ । महाधिवेशनमा आफैं सहभागी भएर गरिएका निर्णयहरूलाई लत्याएर पार्टी विभाजन गर्नेसम्मका व्यवहार भएका छन् । पार्टी पदका निम्ति भएका निर्वाचनमा उम्मेदवार भएर प्रतिस्पर्धामा हार्ने तर पछि फेरि नेतृत्वलाई घुर्की लगाउने र गुटबन्दीपूर्ण क्रियाकलाप गर्ने तथा दबाब सिर्जना गर्ने जस्ता कार्यहरू गरी मतदाताले हराएको पदमा ठाडो मनोनयनद्वारा बहाल हुने गरिएको छ । यस्ता क्रियाकलापहरूलाई जनवादी केन्द्रीयताको सिद्धान्तअनुरूप मान्न कदापी सकिंदैन । अर्को नमुना हो, पार्टी सदस्यको वितरण । हाम्रो सिद्धान्त पार्टीका साधारण सदस्य धेरै र संगठित सदस्य थोरै बनाउने भन्ने हो तर व्यवहार त्यसको ठीक उल्टो भइरहेको छ । यसरी सिद्धान्त एउटा तर व्यवहार अर्को भएपछि समस्या उत्पन्न हुनु स्वाभाविक हो । त्यसैले अहिले हाम्रो पार्टीमा साधारण सदस्यहरूको अभिलेख नै व्यवस्थित हुन सकेको छैन, संगठित सदस्यहरूको संख्यामा बृद्धि भएको छ र तिनीहरूको गुणमा पर्याप्त विकास हुन सकेको छैन, संगठित सदस्यहरू सबै कमिटीबद्ध भएका छैनन्, पार्टी सदस्यका अधिकार र कर्तव्यहरूको ठीक-ठीक ढंगले प्रयोग र कार्यान्वयन हुन पनि सकिरहेको छैन ।

२. निर्णय कार्यान्वयनमा समस्या- कम्युनिष्ट पार्टी कुनै यान्त्रिक संस्था होइन । यो एउटा गतियुक्त संस्था हो । यसले अंगालेका विचारहरूमा सही र गलत पक्ष हुन सक्तछन् । तिनीहरूलाई लिएर पार्टीभित्र छलफल एवम् बहस हुन सक्तछ । र, मतदानको प्रक्रियाबाट निर्णयमा पुग्नुपर्ने हुन सक्तछ । एउटा जीवन्त पार्टीमा यो सबै हुनु स्वाभाविक हो र भइरहेको पनि छ । तर जब निर्णय कार्यान्वयन गर्ने कुरा आउँछ, त्यसबेला धेरै समस्या उत्पन्न हुने गर्दछन् । खासगरी निर्णयको बेला आफू सहमत नभएको कुनै निर्णय छ भने त्यसलाई आफ्नो निर्णय नमान्ने र विरोध गर्दै हिंड्ने प्रवृत्ति एउटा गम्भीर समस्याको रूपमा रहेको छ । महाधिवेशनमा प्रस्तुत गरिने सैद्धान्तिक वा वैचारिक दस्तावेजहरूउपर केन्द्रीय कमिटीमा छलफल हुँदा विधिवत् असहमति वा फरक मत (Note of Dissent) दर्ज नगर्ने तर बाहिर आएर चाहिँ फरक मतको वकालत गर्ने जस्ता विसंगतिपूर्ण क्रियाकलाप हुने गरेका छन् । अर्कोतिर पार्टीले कुनै खास दायित्व वहन गर्न पठाउने व्यक्तिका बारेमा भने आफूले भनेको व्यक्ति नभएपछि व्यक्तिको नाममा फरक मत लेख्ने जस्तो असैद्धान्तिक काम गर्न पछि नपर्ने व्यवहार हुन्छ । पार्टीले गरेको निर्णय आफूलाई चित्त बुझेको छैन भने त्यसलाई लागु गर्न तयार नहुने मात्र होइन, त्यस्तो निर्णयका विरूद्ध खुल्लारूपमा गतिविधि गर्ने प्रवृत्ति आम बन्दै जान थालेको छ । यो प्रवृत्ति लेनिनवादी संगठनात्मक सिद्धान्तसँग पटक्कै मेल नखाने कुरा हो र निर्णय कार्यान्वयनमा देखिएको एउटा गम्भीर समस्या हो । नेपाली कम्युनिष्ट आन्दोलनमा यो समस्या एक गम्भीर समस्याको रूपमा रहेको छ र हाम्रो पार्टी जीवनमा पनि यो निरन्तररूपमा बढ्दै गएको छ ।

३. कार्यसम्पादनमा समस्या- हाम्रो पार्टी जीवनमा रहेको अर्को एउटा समस्या हो कार्यसम्पादन विधिको समस्या । सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी भन्ने हाम्रो सैद्धान्तिक मान्यता हो । सामूहिक नेतृत्व भनेको कमिटी प्रणाली हो । कमिटी प्रणाली भनेको संस्थागत कार्यसम्पादन प्रणाली हो । यो सैद्धान्तिक मान्यता व्यवहारमा राम्रोसँग लागु हुनसकेको छैन । कमिटीगत हिसाबले भन्दा व्यक्तिगत हिसाबले काम हुने गर्दछन् । तल्ला कमिटीका निर्णय, सिफारिस र रिपोर्टिङका आधारमा भन्दा व्यक्तिगत पहुँच, पहल र प्रयासबाट माथिल्ला कमिटीका निर्णयहरू प्रभावित हुने गर्दछन् । कार्यसम्पादन र कार्यमूल्यांकनको वैज्ञानिक विधिको विकास हुन सकेको छैन । त्यसैले व्यक्तिवादी सोच र व्यवहार पन्पिन थालेको छ । गलत चिन्तन र व्यवहारलाई सुधार्नको निम्ति हामीले प्रयोग गर्ने गरेको आलोचना-आत्मालोचनाको एकमात्र विधि पनि प्रयोग हुन छाडेको छ । गल्ती गर्नेलाई नसिहत वा कारबाही गर्ने र राम्रो काम गर्नेलाई प्रोत्साहन वा पुरस्कारस्वरूप प्रमोशन गर्न कार्य मूल्यांकन गर्ने वैज्ञानिक एवं पारदर्शी विधि कायम हुन सकेको छैन । त्यसैले कार्यकर्ताबाट अस्वीकृत व्यक्तिहरू नेतृत्वमा तानिने र बर्षौंदेखि मेहनतपूर्वक काम गरिरहेका इमान्दार कार्यकर्ताहरू विस्थापित हुने क्रम बढ्दो छ । राम्रा-राम्रा कार्यकर्ताहरू उत्पादन गर्ने र तिनीहरूलाई विकास गरेर नेतृत्वमा ल्याउने योजनाका साथ काम भइरहेको छैन । पार्टी नेतृत्वदायी कमिटीहरूको निर्माण विभिन्न जाति, क्षेत्र, समुदाय, भाषा, लिङ्ग आदि विषयलाई समेटेर हुन थालेको छ । वर्गीय नेतृत्व विकासको सवाल हराउँदै गएको छ । "सादा जीवन उच्च विचार" भन्ने आदर्श अब सम्झनामा मात्र रहेको छ । पार्टीभित्रका मतभेदहरूमा विचारले भन्दा व्यक्तिगत सरोकार र सम्बन्धले प्राथमिकता पाउने स्थिति देखा परिरहेको छ । पार्टी कमिटीमा रहेका व्यक्तिहरूको मन आपसमा मिल्दा असाध्यै नजिक टाँसिने र मन नमिल्दा एकले अर्कोलाई पार्टीबाटै हुत्याउन चाहने

प्रवृत्ति बढ्दै गएको छ । यी सब समस्याहरू संस्थागत कार्यसम्पादन प्रणालीको सिद्धान्तलाई व्यवहारमा मिलाउन नसक्नाले उत्पन्न भएका हुन् । त्यसकारण यदि माथिका समस्याहरूको समाधान गर्ने हो भने संस्थागत कार्यसम्पादन प्रणालीलाई कडाइका साथ लागू गर्ने र विधिद्वारा शासित हुने वा चल्ने व्यवस्थालाई बेहिचक लागु गर्नुपर्दछ तथा व्यक्तिगत सम्पर्क एवं सम्बन्धका आधारमा कुनै पनि काम नगर्ने तरिका अवलम्नबन गर्नुपर्दछ ।

४. वैचारिक संघर्षको अभाव- अहिले हाम्रो पार्टी जीवनमा रहेको अर्को समस्या हो वैचारिक संघर्षको अभाव । वर्तमान नेपाली समाजको प्रमुख दुश्मन सामन्तवाद र दलाल-नोकरशाही पूँजीवाद हो, नेपाली कम्युनिष्ट आन्दोलनभित्रको खतरा उग्र वामपन्थी चिन्तन हो र हाम्रो पार्टीभित्रको खतरा दक्षिणपन्थी चिन्तन हो भन्ने हाम्रो सैद्धान्तिक मान्यता हो । तर यस मान्यताअनुरूप वैचारिक संघर्ष संचालन गर्न भने हामीले सकेका छैनौं । विचारमा स्पष्ट नभएका वा कमजोर रहेका केही व्यक्तिहरू राजाको पछि लागेका छन् भने कतिपय कार्यकर्ताहरू माओवादीतर्फ पलायन भएका छन् । कार्यकर्ताको चेतनास्तर उन्नत पार्ने गरी वैचारिक काम हुन नसकेकाले नै यस्तो भएको हो । अहिले व्यवस्थितरूपले वैचारिक काम हुनसकेको छैन । पार्टी प्रशिक्षण कक्षाहरू चल्न छाडेका छन् र पार्टी प्रशिक्षण भनेर जुन कार्यक्रमहरू राखिन्छन् ती पनि भाषणमा सीमित छन् । पार्टी पंक्तिलाई वैचारिक खुराक प्रदान गर्ने गरी सैद्धान्तिक-वैचारिक बहस, छलफल, अन्तरक्रिया आदि केही हुँदैनन् । पार्टीभित्र देखिएका वैचारिक समस्याहरूका सम्बन्धमा अन्तरपार्टी वैचारिक संघर्ष पनि भइरहेको छैन र पार्टीभन्दा बाहिरका गलत विचारहरूका विरूद्धको संघर्ष पनि राम्ररी चलिरहेको छैन । अहिले राजावादी, कांग्रेस, माओवादी सबैतिरबाट हाम्रो पार्टीमाथि प्रहार भइरहेको छ तर ती सब प्रहारको करारी जवाफ जान सकिरहेको छैन । पार्टीभित्रै उग्र दक्षिणपन्थी र उग्रवामपन्थी दुवैतर्फ नरम रूझान राख्ने विचार प्रवृत्तिहरू रहेका छन् । तिनको पनि राम्ररी प्रतिवाद हुन सकेको छैन । गहकिला सैद्धान्तिक एवं वैचारिक रचनाहरू तयार हुने र प्रकाशित हुने कार्य पनि सन्तोषजनक ढंगले भैरहेको छैन ।

माथिका सबै समस्याहरू सिद्धान्त वा विचारका समस्या नभएर पार्टीले अंगिकार गरेको सिद्धान्त र विचारलाई व्यवहारमा मिलाउने समस्या नै हुन् । यी समस्याहरूको समाधानका निम्ति पार्टीले जुन स्प्रिटमा सिद्धान्त र विचारलाई अंगालेको छ, त्यही स्प्रिटमा ती सिद्धान्त र विचारहरूलाई व्यवहारमा उतार्न कस्सिनु पर्दछ । हाम्रो पार्टी जीवनलाई व्यवस्थित गर्न र पार्टी कामलाई ठीक ढंगले अगाडि बढाउनका निम्ति माथि उल्लेख गरिएका चारवटै समस्यामा पार्टीका सबै निकायहरूले गम्भीरतापूर्वक ध्यान दिनुपर्दछ र हामीले अंगालेका विचार र सिद्धान्तका हरेक पक्षलाई ठोस व्यवहारमा मिलाउने अथक प्रयत्न गर्नुपर्दछ । त्यसो गर्न सकेको खण्डमा हाम्रो पार्टी फेरि पनि सुव्यवस्थित ढंगले अगाडि बढ्न सक्नेछ र प्रगति गर्दै जान पनि सक्नेछ । किनभने हामीले अंगालेको सिद्धान्त र विचारको विकल्प हाललाई देखापरेको छैन । तर यदि हामीले आफूले अंगालेको सिद्धान्त र विचारलाई व्यवहारमा मिलाउन सकेनौ भने चाहिं हाम्रो सिद्धान्त र विचारलाई अरू कसैले खोसिदिने छ र हामी निशस्त्र हुनेछौं । किनभने विचार नै हाम्रो मूल हतियार हो, जसको आधारमा हामी समाज बदल्न चाहन्छौं ।

◆

◆ cGt/f{li6«o ;DaGw

# नेकपा (एमाले) र जापान कम्युनिष्ट पार्टीबीच महत्वपूर्ण औपचारिक सम्बन्ध

**' भीम रावल**

**बे**जिङमा गत भाद्र १९ गते (४ सेप्टेम्बर २००४) मा सम्पन्न एसियाली राजनीतिक दलहरूको तेस्रो अन्तर्राष्ट्रिय सम्मेलनका अवसरमा नेकपा (एमाले) र जापान कम्युनिष्ट पार्टी (जाकपा) का प्रतिनिधिमण्डलबीच वार्ता भयो । वार्ताका क्रममा दुबै पार्टीहरू औपचारिकरूपमा सम्बन्ध स्थापित गर्न सहमत भएका छन् । महासचिव माधव कुमार नेपालको नेतृत्वमा केन्द्रीय कमिटीका सदस्य भीम रावल सम्मिलित नेकपा (एमाले) को प्रतिनिधिमण्डल र जापान कम्युनिष्ट पार्टीका अध्यक्ष टेत्सुजो फुआको नेतृत्वमा अन्तर्राष्ट्रिय ब्यूरोका निर्देशक एवं हाउस अफ काउन्सिलरका सदस्य यासुओ ओगाता र केन्द्रीय कमिटी तथा अन्तर्राष्ट्रिय ब्यूरोका सदस्य सिमादा मिनेताका सम्मिलित जापान कम्युनिष्ट पार्टीको प्रतिनिधिमण्डलका बीच दुबै पार्टीका गतिविधिहरू र समसामयिक विषयमा सौहार्द्रपूर्ण कुराकानी भएको थियो । यस अघि पनि समय-समयमा दुई पार्टीका नेताहरूका बीच विभिन्न अवसरमा कुराकानी हुँदै आएको थियो । दुई

पार्टीका बीच पार्टी प्रकाशनहरूको आदान-प्रदान भइरहेको थियो। तर औपचारिक सम्बन्ध स्थापित भएको थिएन। बेजिङ वार्ताबाट दुई पार्टीका बीच औपचारिक सम्बन्ध कायम भएको छ।

जाकपाको स्थापना जुलाई १९२२ मा भएको थियो। यसको स्थापनापछि लगत्तै तत्कालीन साम्राज्यवादी जापान सरकारको कोपभाजनमा परेर जाकपाले भूमिगत हुनुपर्‍यो। दोस्रो विश्व युद्धको समाप्तीपछि सन् १९४५ मा मात्रै जाकपा खुला बैध पार्टीको रूपमा बाहिर आयो। त्यस पछि लगत्तैका वर्षहरू पनि जाकपाका लागि सुखद् र सहज रहेनन्। सन् १९५० देखि १९५५ को अवधि जाकपाभित्र विवाद र विभाजनको अवधि रह्‌यो। विवादको क्रममा जाकपाको पहिले तत्कालीन सोभियत कम्युनिष्ट पार्टी र पछि चिनियाँ कम्युनिष्ट पार्टीसँग वादविवाद भयो। यद्यपि ती विवादहरू समयक्रममा छलफलद्वारा समाधान गरिएका थिए।

जाकपाले निर्वाचनको माध्यमबाट जनताको विश्वास प्राप्त गर्ने तथा संसदमा गएर राजनीतिक, आर्थिक र सामाजिक परिवर्तनका लागि कार्यरत रहने नीति अवलम्बन गर्दै आएको छ। जापानभर २५ हजार शाखाहरूमा चार लाखभन्दा बढी सदस्यहरू रहेको जाकपाले हाल जापानको संसद डायटमा २० स्थान ओगटेको छ। जुलाई २००० मा समानुपातिक निर्वाचन भएका स्थानहरूमा जाकपाले झण्डै १२ प्रतिशत मत प्राप्त गरी ११ संसदीय स्थानहरू प्राप्त गरेको छ भने अन्य स्थानका लागि भएको चुनावमा कुनै स्थान हासिल नभए पनि १२ प्रतिशत मत प्राप्त गरेको छ। जापानी संसदको माथिल्लो सदनमा पनि जाकपाले १५ स्थान ओगटेको छ। स्थानीय निकायहरूमा जाकपाले ४,४०० स्थान प्राप्त गरी आफूलाई सबभन्दा अग्रपंक्तिमा राख्न सफलता पाएको छ। यसरी जाकपाले जापानी राजनीतिमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। सामाजिक न्याय र जनाधिकारको पक्षमा जाकपाले निर्वाह गरिरहेको भूमिका उल्लेखनीय छ।

जाकपाले समाजमा प्रजातान्त्रिक परिवर्तन, जनताका आधारभूत अधिकारहरूको रक्षा र विश्वशान्तिको पक्षपोषण तथा प्रभुत्ववादको विरोध गर्दै आएको छ। जापानमा रहेका अमेरिकी सैनिक शिविरहरूको विरोध गर्दै तिनलाई तत्काल हटाउने माग गर्दै सैनिकीकरणको जाकपाले भर्त्सना गर्दै आएको छ। नयाँ अन्तर्राष्ट्रिय आर्थिक प्रणालीको पक्षमा आवाज उठाउँदै आएको जाकपाले विश्वव्यापीकरणको नाममा बहुराष्ट्रिय निगमहरूलाई मनपरी गर्न दिएर जनताका आधारभूत हितहरूमाथि आघात पार्ननहुने कुरामा जोड दिँदै आएको छ। विश्वका कम्युनिष्ट र समाजवादी पार्टीहरूसँग सम्बन्ध विस्तार गर्दै जाने उद्देश्य रहेको जाकपाले संयुक्त राष्ट्रसंघको बडापत्रलाई विश्वशान्तिका लागि सबैले अनुशरण गनुपर्ने दृढ विचार राख्दै आएको छ।

***आकाहाता*** नामक पत्रिकाको माध्यमबाट जाकपाले आफ्ना धारणाहरू सार्वजनिक गर्ने गर्दछ। यस पत्रिकाका संवाददाताहरू विश्वका प्रमुख दश शहरहरूमा कार्यरत छन्। जाकपाले मुलुकको सार्वभौमिकता र स्वतन्त्रमा जोड दिँदै कुनैपनि किसिमको बाह्‌य हस्तक्षेपको विरोध गर्दै आएको छ। जनताका अधिकार तथा राष्ट्रको स्वतन्त्रताका लागि कठोर संघर्ष गरेर जनताका माझ स्थापित जाकपा अहिले पनि जनताको बीचमा गहिरो गरी भिज्ने र आत्मनिर्भरताका साथ काम गर्ने कुरालाई महत्वका साथ कार्यान्वयन गरिरहेको छ।

जाकपा र नेकपा (एमाले) ले एक-अर्काबाट सिक्नसक्ने धेरै कुराहरू छन्। अशान्ति र अस्थिरताको समयमा कसरी संगठनात्मक अस्तित्व र गतिविधिहरूलाई अगाडि बढाउन सकिन्छ तथा निर्वाचनको मोर्चामा संघर्षलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने कुरामा दुबै पार्टीसँग महत्वपूर्ण अनुभव छन्। ती अनुभवहरूबाट पारस्परिकरूपमा लाभान्वित हुनसकिन्छ। यस दिशामा नेकपा (एमाले) र जाकपाका बीच हालै स्थापित औपचारिक सम्बन्धले मार्गप्रशस्त गरेको छ। जाकपासँगको औपचारिक सम्बन्धले नेपालको लागि निकै महत्व राख्दछ। जापान नेपालको लागि एक प्रमुख दातृराष्ट्र हो। जापानमा नेपालप्रति निकै सद्‌भाव र मैत्री रहेको छ। जाकपासँगको सम्बन्धले त्यस सद्‌भाव र मैत्रीलाई नेपाली जनताको सर्वोत्तम हितमा उपयोग गर्न सजिलो हुनसक्छ। आगामी दिनहरूमा यस कुराको महत्वलाई पक्रेर जाकपासँगको सम्बन्धलाई निरन्तर विकसित, फराकिलो र गहिरो तुल्याउँदै जानुपर्दछ।

*१२ असोज २०६१*

संस्मरण

# जेल हाल्ने व्यक्तिको मृत्युले दुखाएको मन

**' मोदनाथ प्रश्रित**

२०२२ वैशाखमा रूपन्देही जिल्लामा आएर मैले पत्रकारिता शुरू गरेको थिएँ। त्यसभन्दा अघिका कतिपय घटनाले गर्दा म राजनीतितिर नलागी साहित्य सिर्जन, पत्रकारिता र शिक्षण व्यवसायबाट अघि बढ्ने निधोमा पुगेको थिएँ।

त्यसबेला बुटवलमा दुईवटा प्रेस चलिरहेका थिए । महावीर पुस्तकालयमा चहलपहल थियो । साप्ताहिक 'लुम्बिनी' पत्रिका निस्कन्थ्यो । भैरहवामा पनि जनता पुस्तकालय थियो । विद्यालयहरू प्रशस्तै खुलेका थिए । तर पनि रूपन्देहीमा साहित्यिक र सांस्कृतिक गतिविधिहरू शून्य प्रायः थिए । बनारसको साहित्यिक चहलपहलमा निकै वर्ष रमाएर आएको हुनाले मलाई रूपन्देहीको वातावरण निकै खल्लो लाग्यो ।

हामीले 'लुम्बिनी साहित्य परिषद्'को स्थापना गऱ्यौं । त्यसको मुखपत्रको रूपमा 'गुराँस' (त्रैमासिक साहित्यिक)को प्रकाशन शुरू भयो । उत्साही युवा विद्यार्थीहरूलाई जम्मा गरेर साहित्य गोष्ठी गर्ने र भानुभक्त, मोतीराम, देवकोटा आदिका जयन्ती मनाउने काम शुरू भयो । आफ्नै सम्पादनमा निस्कने 'लुम्बिनी सन्देश' मा साहित्यका विभिन्न विधालाई मैले नियमित स्थान दिँदै गए । केही महिनाभित्रैमा बुटवल र भैरहवामा कवि-लेखकहरूका सकृय समूह बन्दै गए ।

हामीले नाटक मंचन पनि शुरू गऱ्यौं । 'मुनामदन'बाट शुरू गरिएको नाटक अभियानले भैरहवा र बुटवलमा सांस्कृतिक संस्था गठनको उत्साह जगायो । भैरहवामा उदीयमान कलाकारहरूलाई प्रोत्साहित गर्दै हामीले 'मिर्मिरे मिलन' सांस्कृतिक संस्था गठन गरी कलाकारहरूको प्रशिक्षण र कार्यक्रम प्रदर्शन शुरू गऱ्यौं । बुटवलका कलाकारहरू झन् उत्साहित भए । त्यहाँ 'रेलिमै सांस्कृतिक मण्डल' को स्थापना भयो र त्यसले ऐतिहासिक भन्न सुहाउने थुप्रै काम गऱ्यो ।

महावीर पुस्तकालय बुटवलमा प्रगतिशील साहित्यको पनि राम्रो संकलन रहेछ । त्यसअघि म आदर्शवादी मानवतावादबाट बढी प्रभावित थिएँ । बुद्ध र गान्धी मेरा आदर्श थिए । प्रगतिशील साहित्य थोरैमात्र पढेको थिएँ । त्यसै भावधाराबाट मेरो मानव, महाकाव्य जन्मेको थियो । महावीर पुस्तकालयले मभित्र प्रगतिवादी साहित्यको भोक जगाइदियो । बुटवलमा 'नेपाल-सोभियत मैत्री पुस्तकालय' पनि थियो । त्यहाँ कम्युनिष्ट साहित्य मात्र होला भनेर शुरू शुरूमा म गएको थिइनँ । तर एकपटक 'लेनिन जयन्ती'को अवसरमा त्यहाँबाट मलाई वक्ताको रूपमा निम्तो आयो । मैले तुरून्तै त्यहीँबाट लेनिनको जीवनी ल्याएर पढी बोल्ने तयारी गरें । मार्क्सवाद नपढेको हुनाले लेनिनलाई बुझ्न मलाई निकै गाह्रो भयो । त्यहाँ मैले लेनिन र गान्धीलाई तुलना गरी समान महत्व दिएर बोलें । बुटवलका पुराना कम्युनिष्टहरू मलाई क्रमशः मार्क्सवाद पढाएर आफूतिर तान्ने विचारमा रहेछन् । मैले पनि त्यहाँबाट पुस्तक ल्याएर मार्क्सवादी साहित्यको अध्ययन गर्दै गएँ ।

त्यसैबेला मेरो चेतनामा झड्का दिने एउटा घटना घट्यो । मैत्री पुस्तकालयमा काम गर्ने प्रयागलाल श्रेष्ठसित मेरो हिम्चिम् बढ्दै गएको थियो । एकदिन तिनले साँझको खाना खानेगरी मलाई आफ्नो डेरामा निम्त्याए । उनले मेरो 'मानव' महाकाव्य पढेका थिए र लेनिन र गान्धीको तुलना गरेको भाषण पनि सुनेका थिएँ । ती दुवैको प्रसँग उठाएर मलाई मार्क्सवादतिर तान्ने उनको मनसुवा रहेछ । त्यसनिम्ति रक्सीमा रम्झम् भएर कुरा शुरू गर्ने सोच उनको रहेछ । त्यसअघि दुई चार पटक रक्सी चाखेको भए पनि त्यसले मलाई मोहनी लगाउन सकेको थिएन र मैले त्यसलाई आफ्नो स्वास्थ्यको अनुकूल पनि ठानिन । तर प्रयागलालको विशेष आग्रहमा मैले थोरै चाखें । उनले भने पर्याप्त रन्कने गरी तन्काए । अनि उनले लेनिन र गान्धीलाई समान ठाउँमा राखेर मैले गरेको तुलनालाई हकार्दै भाषण शुरू गरे । कहाँ सर्वहारा वर्गका मुक्तिदाता र समाजवादी व्यवस्थाका संस्थापक लेनिन, कहाँ पूँजीवादका पक्षपोषक गान्धी ! यी दुवैको समान मर्यादाको अर्थ सबभन्दा ठूलो अवसरवाद हो । मैले तपाईंजस्ता पण्डित बाहुनहरूमा यस्तो दोधारे चरित्र भएका थुप्रै मान्छे भेटेको छु । ...

उनको भाषण चर्कंदै गयो र त्यसले सामान्य शिष्टताको मर्यादालाई भत्काउन थाल्यो । उनले आफ्नो आलमारीबाट मानव महाकाव्य झिकेर अश्लील गाली र संकेत गर्दै पुस्तक ढोकातिर हुर्र मिल्काउँदै भने-यस्तो अवसरवादी मानवतावादलाई आगोमा सल्काउनुपर्छ । मानवद्रोही पूँजीवादलाई चिर्न नसकेपछि केको मानवतावाद ?

तीव्र आक्रोसले भरिएको उनको छाडा भाषण बेलगाम घोडाझैं निकैबेर दगुऱ्यो । तर त्यसले मेरो दिमागमा भने ठूले झड्का हान्यो । उनले जुनसुकै शैलीमा आफ्नो भाव पोखेको भए पनि मैले त्यसलाई सकारात्मकरूपमा लिएँ र मार्क्सवादको गहिरो अध्ययन गर्ने अठोट गरें । त्यसपछि मैत्री पुस्तकालयमा गएर पुस्तकहरू ल्याई पढ्ने अठोट गरें । त्यसपछि मैत्री पुस्तकालयमा गएर पुस्तकहरूलाई पढ्ने क्रम बढ्यो ।

त्यसताक नेपालका कम्युनिष्टहरू पनि रूस र चीन पक्षमा बाँडिएका थिए । म पुष्पलाल समर्थक साथीहरूको नजीक पुगेको थिएँ । एकदिन त्यस पार्टीका एकजना कमरेडले भने-"मैत्री पुस्तकालय संशोधनवादी दक्षिणपन्थीहरूको अखाडा हो । तपाईंले मस्को समर्थकहरूसितको बसाउठी बन्द गर्नुपर्छ । यो हाम्रो पार्टीको निर्णय हो ।"

उनीहरूले वैचारिक छलफलको बाटो छोडी निन्दा र बहिष्कारको आदेश फर्माएपछि मलाई कम्युनिष्टहरूमा मैत्री र लोकतान्त्रिक व्यवहार कमजोर भएको अनुभव भयो । मैले त्यहाँबाट पुस्तक ल्याएर पढ्न छोडिन । पढ्दापढ्दै मार्क्स र लेनिनको वैचारिक विशालता र रूपन्देहीका कम्युनिष्टहरूको संकिर्णतामा ठूलो विरोधाभाष देख्नथालें ।

अब मेरो सोच र लेखनमा मार्क्सवादी छाप व्यक्त हुन थाल्यो । 'रेलिमै सांस्कृतिक मण्डल' भित्र चल्तीका साधारण गीतको बहुलता थियो । मैले थुप्रै प्रगतिशील र क्रान्तिकारी गीतहरू गाउन थालेपछि कलाकारहरूमा पनि नयाँ उत्साह थपिंदै गयो । त्यसबेला मैले रचेको एउटा गीत थियो-

*पूर्वमा रातो लालिमा छाउँदैछ*
*धुरूमा धुरू नरोऊ साहिंला, हाम्रो दिन आउँदैछ ।*

त्यसै गीतलाई अभिनयसहित गाएर सामूहिक सल्लाहबाट दृश्यहरू थप्दाथप्दै 'पचास रूपियाँको तमसुक' नाटक बन्यो । त्यो नाटक अनेकौं जिल्लामा र भारत प्रवासमा पनि खेलियो र त्यसले सबैतिर सामन्तवादविरोधी संगठित भावना बढाउँदै गयो । त्यस अभियानमा बुद्धिबहादुर थकाली र म साहिंला (गरीब किसान) र मानसिंह साहु (सामन्त)को भूमिकामा धेरै ठाउँमा नाटकको मञ्चमा उठ्यौं ।

त्यसरी हामी सांस्कृतिक अभियानमा उत्रन थालेपछि प्रगतिशील नाटक रचनाको पनि लहर चल्न थाल्यो । रामप्रसाद प्रदीप, बुद्धिबहादुर थकाली, धर्मलाल भुसाल, दिल साहनी, रणबहादुर छेत्री, मोती सिंह, मोदनाथ शास्त्री आदिका कलम नाटकतिर दगुर्न थाले । प्रगतिशील, क्रान्तिकारी गीतहरूको धमाधम रचना थाल्यो । थुप्रै गायक-गायिका मञ्चमा उत्रन थाले । हामीले रेलिमै

संस्था प्रशासनबाट दर्ता गरेकाले शुरूशुरूमा हाम्रा कार्यक्रममाथि रोक लागेन, तर हामीमाथि प्रशासनको बक्रदृष्टि भने क्रमशः बढ्दै गयो ।

त्यसबेला लुम्बिनी अञ्चलाधीश टेकबहादुर रायमाझी थिए । उनी निरंकुश पञ्चायती व्यवस्थाविरोधीहरूको दमनमा निकै चर्कोरूपले लागेका थिए र खुँखार अञ्चलाधीशमा गनिन्थे । त्यसबेला क्रान्तिकारी नेता-कार्यकर्ता र समर्थकहरूको जासूसी गर्नमा कुख्यात 'जनसम्पर्क अधिकारी' भनिने सूर्यध्वज थापा थिए । तिनी कुकुरको जस्तो नाक भएका आफ्ना प्यादाहरूलाई हाम्रा सांस्कृतिक कार्यक्रम, भाषण र साहित्यिक गोष्ठीहरूमा पठाएर खूब सुँघ्न लगाउँथे ।

हामीले गरीब किसान, मजदूर, महिला र दलितहरूको पक्षमा नाटक र गीत चलाउन थालेपछि अञ्चलाधीशकी श्रीमतीसहित सरकारी हाकिमका कतिपय श्रीमती र दिदीबहिनीहरू पनि हाम्रा कार्यक्रम हेर्न र सुन्न आउन थालेका छन् । चारैतिर नयाँ सांस्कृतिक वातावरण देखेपछि उनीहरूलाई पनि महिला जागरणको पक्षमा नाटक खेली गीत घन्काउने जोस चलेछ । एकदिन बिहानै अञ्चलाधीश टेकबहादुरकी श्रीमती पञ्चायती महिला संगठनका केही महिला र एक दुई शिक्षिकाहरूलाई लिएर मेरो घरमा आइन् । अनि उनीहरूले महिला जागरणको पक्षमा जोशिलो नाटक र गीत लेखिदिन मलाई अनुरोध गर्दै भने-अब हामी महिला पनि तपाईंहरू जस्तै नाटक र गीतहरूको माध्यमबाट अगाडि बढ्छौं ।

त्यसबेला म क. पुष्पलालसँग पटकपटक भेटघाट गरी सक्रिय कम्युनिष्टको रूपमा सांस्कृतिक मोर्चा गठनको भित्री तयारीमा लागिरहेको थिएँ । त्यस्तो बेला स्वयं अञ्चलाधीशकी श्रीमती र पञ्च महिलाहरू आएर महिला जागरणको नाटक र गीतहरू लेखिदिन अनुरोध गर्दा मनमा अनेकौं अनिष्ट कुरा पनि नाचे । मैले फुर्सद नभएको बहाना गरेर उम्कने प्रयास पनि गरें । तर उनीहरूको निकै चर्को आग्रह दोहोरिएपछि मैले नाटक र गीत लेखिदिने जिम्मा लिएँ । त्यसबेला मैले पुरूषहरूको निरंकुशता र छाडापनविरूद्ध "यहाँ सीता खोज्नेले राम बन्न सक्नुपर्दछ" भन्ने गीत र त्यसै शीर्षकमा नाटक पनि लेखेर उनीहरूको हातमा थमाइदिएँ । तर त्यतिले मात्र मैले छुट्कारा पाइन । उनीहरूले नाटकको तालिम पनि मैले नै दिनुपर्ने जोडदार आग्रह गरे । जे जे पर्ला पर्ला भनेर मैले नाटकको तालिममा पनि सघाएँ र गीतहरूको धुन, संगीत र तालिमको लागि 'मिर्मिरे मिलन'का कलाकारको सहयोग जुटाइदिएँ ।

नाटक मञ्चनको दिन आयो । अञ्चलाधीशसहित अधिकांश सरकारी हाकिमहरू, तिनका परिवारहरू, सैनिक, प्रहरी र ठूला-बडा आमन्त्रितहरू दर्शकको रूपमा आए । अञ्चलाधीश, जनसम्पर्क अधिकारी, सैनिक प्रमुख र एस.पी. हरू दर्शकको अघिल्लो पंक्तिमा थिए । त्यहीँनिर एउटा पर्दाको आडमा बसेर म एकातिर मञ्चका कलाकारहरूलाई सांकेतिक निर्देशन दिंदै थिएँ भने अर्कातिर अञ्चलाधीशहरू कस्तो प्रतिक्रिया व्यक्त गर्छन् भनेर सुन्ने प्रयास पनि गर्दै थिएँ । नाटकको मध्यतिर पुगेपछि अञ्चलाधीशसित जनसम्पर्क अधिकारीले भने-'मोदनाथले नाटक र गीत लेखेर किसान, विद्यार्थी र मजदूरहरूलाई त भड्काइरहेको थियो नै अब त उसले हाम्रै परिवारहरूलाई पनि नाटक र गीतबाट भड्काउन थाल्यो । यसले बारबार पुष्पलालसित भेट गर्छ र भूमिगतरूपले पार्टीमा पनि काम गर्छ । अब यसलाई कुनै निहुँमा जेलको चिसो छिंडीमा नपुऱ्याइहुँदैन ।'

अञ्चलाधीश रायमाझीले भने-'बिलकुल ठीक भन्यौ, म पनि यस्तै सोच्दै थिएँ । अब कुनै जुक्तिले यसलाई जालमा पार्नुपर्छ ।'

उनीहरूले त्यहाँ जीवराज आश्रित र अरू केही कमरेडहरूलाई पनि पक्डनुपर्ने कुरा गरे । प्रशासन के गर्न चाहँदैछ भन्ने प्रष्ट भयो । मैले पार्टी कामको गोपनीयताबारे सतर्कता बढाएँ ।

त्यसताक निजी क्षेत्रको प्रयासमा देशका विभिन्न भागमा बीस-बाइसवटा क्याम्पस खुलेका थिए । तर तिनले मान्यता नपाएकाले विद्यार्थी आन्दोलनमा उत्रेका थिए । २०२६ फागुनको शुरूतिर 'क्रान्तिकारी विद्यार्थीलाई आह्वान' भन्ने एउटा पर्चा देशभरि छरिएछ । म त्यसबेला बुटवलमा लुम्बनी कलेज र गणेश जनता मा.वि. मा पढाउँथे र मा.वि. को प्रधानाध्यापक पनि थिएँ । हाम्रो विद्यालयमा पनि विद्यार्थीहरूको पर्चा छरिएको थियो । अञ्चल प्रशासनले मलाई 'विद्यार्थी भड्काएर पर्चा छर्न लगाएको' कल्पित आरोपमा पक्डाउ गऱ्यो र त्यसमा दुई-चार अरू आरोप थपेर राजकाज मुद्दा लगाई तीन वर्ष जेल र तीन हजार जरिमानाको फैसला गऱ्यो । अञ्चलाधीश र जनसम्पर्क अधिकारीले ठूलो पौरख गरेको अनुभव गरे भन्ने सुनें ।

मैले त्यस मुद्दाविरूद्ध सर्वोच्चमा रिट हालेर जेलभित्र लेखपढको काम अघि बढाएँ । मभन्दा अगाडि जीवराज आश्रित, केशव ज्ञवाली आदि साथीहरू पक्डाउ परिसक्नुभएको थियो । बाहिर दौडधूप बढी हुन्थ्यो, लेखपढलाई समय कम मिल्थ्यो । जेलभित्र मैले इतिहास पढ्ने र काव्य र उपन्यास लेख्ने काम अघि बढाएँ । देवासुर संग्राम, नारी बन्धन र मुक्ति, संकल्प, रूपको हाट आदि रचना त्यसैबेला तयार भएका हुन् ।

म सर्वोच्चको निर्णय अनुसार सफाइ पाएर ठीक एक वर्षमा जेलमुक्त भएँ । तर टेकबहादुर रायमाझीले क्रुद्ध भएर फेरि वारेन्ट जारी गरे । म क. पुष्पलालको सल्लाहअनुसार बनारस गई उतै पार्टी काम गरेर बस्न थालें ।

मलाई जेल हालेकोमा अनेकौं बुद्धिजीवी, लुम्बिनी कलेज र गणेश जनता मा.वि. का संचालक समितिका सदस्य र अध्यापकहरूले अञ्चलाधीशको आलोचना गरेछन् । पहिले त उनले 'मैले बिल्कुल ठीक गरें, मोदनाथ व्यवस्थाविरोधी खतर्नाक मान्छे हो' भन्ने अड्डी लिएछन् । तर केही वर्षपछि 'प्रश्रितलाई बलियो आरोपबिना नै जेल संजाय दिएर गल्ती गरिएछ' भन्ने अनुभव उनलाई भएको मैले सुनें ।

एकपटक साहित्यकार एवं अन्वेषक पूर्णप्रकाश नेपाल 'यात्री' कुनै पुस्तक छपाउने सन्दर्भमा आर्थिक सहयोग जुटाउन तिनै अञ्चलाधीशकहाँ पुग्नुभएछ । उनले भनेछन्-मैले एउटा लेखकलाई थुनेर गल्ती गरेको छु । त्यसको प्रायश्चित पनि गर्नुपऱ्यो भनी यात्रीजीलाई आर्थिक सहयोग गरेछन् ।

म भूमिगत जीवनतिर लागेपछि टेकबहादुर रायमाझीसँग भेट हुने कुरै भएन । २०३७ मा म पुनः पक्डिएर राजकाज मुद्दामै जेल हालिएँ । त्यसपालि पनि रीट गरियो र तीन वर्षपछि सर्वोच्च अदालतले सफाइ दियो तर प्रशासनले अदालत परिसरबाटै

गिरफ्तार गरेपछि म फेरि थुनिएँ। त्यसपछि २०४३ मा मात्र म रिहा भएँ र नेकपा (एमाले)को सांस्कृतिक फाँटको प्रमुख भई काठमाडौंमा डेरा लिएर जिल्लाहरूमा जान-आउन थालें ।

अञ्चलाधीश रायमाझी त्यसभन्दा निकै अघि पदबाट निवृत्त भइसकेका रहेछन् । पछि उनलाई जीवनमा धेरै नराम्रा काम गरियो भन्ने लागेछ र उनी समाज सुधारका कामतिर लागेछन् । एक दिन उनी मलाई भेट्न अचानक मेरो डेरामा आए र आफ्नो क्रूर अतीतप्रति पश्चाताप गर्दै मलाई अनावश्यकरुपमा पक्डेर थुनेकोमा क्षमायाचनासमेत गरे । त्यसबेला उनी 'आर्यसमाज' संस्थामा सकृय रूपले काम गर्दैरहेछन् । उनले मलाई आर्यसमाजको एउटा विशेष कार्यक्रममा प्रमुख अतिथि बन्ने निम्ता दिए । उनी पुरानो अन्धो घमण्ड टुटेर सादा जीवन अंगाली विनम्रतासाथ समाजसुधारका काममा लागेको देखेर खुसी लाग्यो । म उनको निम्तामा खुसीसाथ गएँ ।

कार्यक्रम सकिएपछि मलाई बिदा गर्न उनी तलसम्म आएर हात जोड्दै भने-म प्रशासक छँदा क्रूर र अविवेकी, आधा मान्छे थिएँ । अब म सग्लो मान्छे बनेर जीवन बिताउन चाहन्छु । म फेरि पनि पुरानो दुष्कर्मप्रति क्षमायाचना गर्दछु ।

वास्तवमा अञ्चलाधीश रायमाझी र आर्यसमाजी रायमाझीको चिन्तन र जीवन पद्दतिमा आकास-पातालको अन्तर आएको थियो । समयले ल्याएको त्यो परिवर्तन देखेर मलाई खुसी लाग्यो । तपाई समाजसुधारका यसखाले काममा पूर्ण सफल हुनुहोस् भन्ने शुभकामना दिएर म फर्कें । त्यसरी चिन्तन, जीवनपद्धति र व्यवहारको क्षेत्रमा ठूलो परिवर्तन देखिएका टेकबहादुर रायमाझीले कुन्नि के कारणले हो केही समयपछि आत्महत्याद्वारा जीवनको अवसान गरे ।

जुन व्यक्तिले मलाई जेल हालेर ठूलो यातना दिन खोजेका थिए, तिनकै मृत्युको खबर सुन्दा म निकै दुःखी भएँ । मलाई लाग्यो-उनी असल काम गरेर लामो समय बाँच्न पाएका भए ज्यादै राम्रो हुन्थ्यो । ***स्वयम्भू, २०६१/६/७***

◆d s;/L sDo'lgi6 eP" <

# राज्यसत्ताविरुद्ध मुस्लो निकाल्यौं

मेरो बाल्यकालको ६-७ वर्षपछिको कुरामात्र मलाई केही केही सम्झना आउँछ । त्यसबेला मेरो पिताजीले सिद्धार्थ गौतमबुद्धका जीवनगाथाहरू सुनाउनुहुन्थ्यो र भन्ने गर्नुहुन्थ्यो-मन शुद्ध राख्नुपर्छ, अरूको अहित गर्नुहुन्न, गरीब, दुःखी र रोगीहरूलाई सहयोग गर्नुपर्छ, धेरै पढेर ज्ञानी भए-बुद्ध जस्तै ज्ञानी बनिन्छ । मेरा पिताका यी शिक्षा, स्कुलमा पढ्दा इसु क्राइस्ट र श्रीकृष्णका जीवनलीला भएका चित्रकथाहरूले मेरो बाल मस्तिष्कमा ठूलो छाप छाडेको थियो । मैले ८-१० वर्षको उमेरमा श्रीकृष्ण, बुद्ध र यसु क्राइस्ट भएर जनसेवा गर्दै हिंडेको सपना धेरै पल्ट देखेको छु । त्यसबेला मैले 'कम्युनिष्ट' शब्द सुनेको पनि थिइनँ-मैले असल मान्छे भनेको गौतम बुद्ध, श्रीकृष्ण, यसु हुन् भन्ने बुझेको थिएँ । भगवानहरू भनेको नै असल मान्छे हो भन्ने बुझेको थिएँ । ममा यसरी बाल्यकालमा मानतावादी चेतना विकसित भएको थियो ।

मेरो जीवनयात्राको हिसाबले बाल्यकाल पार गरेर किशोर अवस्थाको उत्तरार्द्धमा पुगेको थिएँ-२०२५ सालको सुरूमा म १५ वर्षको थिएँ । ९ कक्षामा रात्री पाठशालामा विजय मेमोरियल पढ्न जाने गर्थें । कक्षाको कोर्सबाहेक साहित्य अध्ययनमा मेरो धेरै अभिरूची थियो । त्यसबेला ९ र १० कक्षामा नेपाली पद्य संग्रह पढ्नु पर्दथ्यो । त्यसै संग्रहभित्र लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' कविताले मभित्र मानवतावादी प्रगतिशील भावना जगायो, ममा साहित्य सिर्जना गर्ने भावना जगायो र मेरो जीवनको पहिलो कविता, प्रकृति र मानवतालाई तुलना गरेर लेखेको कविता-'आत्मकथा' लेखेको थिएँ । मभित्र किशोर अवस्थामा पुनः मानवतावादी चेतना भरेको थियो-त्यो 'यात्री' कविताले । मेरो किशोर मस्तिष्कमा अत्याय, अत्याचारप्रतिको विरोध-दुःखी-गरीबको सेवा गर्ने भावना जागृत गराउन लक्ष्मीप्रसाद देवकोटाका रचनाहरूको प्रभाव रहेको तथ्य भुल्न सक्दिनँ । मभित्र कम्युनिष्ट हुने चेतनाको बीउ वास्तवमा मानवतावादी चेतनाले नै भरेको थियो ।

२०२५ साल भदौ महिनाको कुरा हो, त्यसबेला मलाई राजनेता र शहीदहरूको जीवनी पढ्ने ठूलो उत्सुकता जागेको थियो । नेपाल-भारत मैत्री संघद्वारा संचालित पुस्तकालयबाट मैले भगतसिंह, चन्द्रशेखर 'आजाद, सुभासचन्द्र बोस र गान्धीको जीवनी ल्याएर पढेको थिएँ । यी जीवनीको अध्ययनबाट ममा क्रान्तिकारी विद्रोही भावना जागृत भएको थियो । मैले नेपालका शहीदहरूको पनि जीवनी पढ्ने अठोट गरें र काठमाडौंका धेरै पुस्तक पसलहरूमा खोजें तर पाउन सकिनँ । शहीदकै जीवनी खोज्नेक्रममा म निरञ्जनगोविन्द वैद्यको प्रगतिशील पुस्तक पसल भोटाहिटी पुगें-त्यहाँ मैले नेपालका शहीदहरूको जीवनी त पाइनँ तर हिन्दीमा लेखिएको चीनका महान नेता माओ त्सेतुङ्गको जीवनी किन्ने मौका पाएँ । त्यसबेला मैले माओ जीवनी

दुईपटक दोहोऱ्याएर पढें-म धेरै प्रभावित भएँ, त्यही पुस्तकबाट पहिलोपल्ट 'कम्युनिष्ट' 'कम्युनिष्ट पार्टी'-'लालसेना' बारे थाहा पाएको थिएँ । त्यस पुस्तक अध्ययनपछि नै कम्युनिष्ट र कम्युनिष्ट पार्टीप्रति मेरो आदरभाव जागृत भएको थियो । मेरो जीवनको युवाकालको प्रारम्भमा कम्युनिष्ट हुनु असल मान्छे हुनु हो भन्ने छाप परेको थियो । माओ त्सेतुङ्गको जीवनीको अध्ययनपछि ममा क्रान्तिकारी विचार भावना जागृत भएको थियो । नेपालमा पनि किसान-मजदुर-आमजनताको एकतामा सामन्तवाद र साम्राज्यवाद विरूद्ध शोषण, उत्पीडन, अन्यायविरूद्ध जनवादी-समाजवादी क्रान्ति गर्नुपर्ने रहेछ भन्ने विचार मेरो मनमा उब्जेको थियो । मैले एकदिन होइन धेरैपल्ट लालसेना भएर क्रान्ति गर्न हिंडेको सपना त्यसबेला देखेको थिएँ ।

मेरो घर काठमाडौंको भ्होंछेटोलमा थियो । हाम्रो परिवारको क्यूरीयो र गहना पसल थियो । दिनभरी पसलमा बस्नु, साँझ रात्री पाठशाला पढ्न जानु, बिहान ठूलो बा'को गहना पसलमा -ग्राहकहरूलाई बील लेख्ने, हिसाब राख्ने काम गर्नु, त्यसकारण छुट्टै बसेर पढ्ने समय कम हुन्थ्यो तर भाइबहिनी-दाइहरूसँग पालो फेर्दै मैले पढ्ने समय निकाल्ने गर्थें । पसलमा बस्दा पनि घण्टा घण्टाको रूटिन बनाएर स्कुल कोर्ष र पुस्तकालयबाट ल्याएका पुस्तकहरू अध्ययन गर्ने गर्थें । मेरो घरबाट १० मिनेट पश्चिमतिर बसन्तपुर हनुमानढोका क्षेत्रमा दमकलसँगै नेपाल-चीन मैत्री संघद्वारा संचालित चिनियाँ पुस्तकालय थियो । त्यो पुस्तकालयसँगै नेपाल- सोभियत मैत्री समाजले संचालन गरेको अर्को पुस्तकालय थियो । यी दुईवटा पुस्तकालयमा ५-६ वर्ष मैले लगातार अध्ययन गरेको थिएँ । चिनियाँ पुस्तकालयमा मैले चीनको साहित्य, चीनको इतिहास, चीनको क्रान्ति, त्यहाँको समाजवाद आदिबारे त्यस्तै रूसी पुस्तकालयमा सोभियत संघको समाजवाद, १५ गणराज्यहरूबारे त्यहाँको इतिहास-भूगोल, साहित्य, लेनिन, स्टालिन, मार्क्स, एंगेल्स-विश्वको कम्युनिष्ट र मजदुर आन्दोलन आदिका बारेमा अध्ययन गरेको थिएँ । मैले यिनै पुस्तकालयहरूमा बसेर नेपाली क्रान्तिको सिद्धान्त र बाटोबारे सोच्न शुरू गरेको थिएँ । मलाई कम्युनिष्ट बनाउन यी दुई पुस्तकालयको विशेष योगदान रहेको छ ।

सोभियत पुस्तकालयमा भन्दा चीनको पुस्तकालय जाँदा आउँदा मैले धेरै मित्र, साथीहरू बनाएको थिएँ । पहिलो पल्ट युगकवि सिद्धीचरण श्रेष्ठ, पूर्णबहादुर एम.ए., दुर्गालाल श्रेष्ठ, शान्तदास मानन्धर, कृष्णदासजस्ता आदरणीय व्यक्तित्वहरूसँग मेरो मित्रता त्यही पुस्तकालयमा भएको थियो । नैनबहादुर क्षेत्री (पुस्तकालय पिउन) मेरो राम्रो साथी हुनुहुन्थ्यो । त्यहीं कमरेड माधव पौडेल (लुभु), कमरेड रामकृष्ण दुवाल (पांगा), प्रणय मानन्धर, सुलोचना मानन्धर, लक्ष्मी मानन्धर, कविन्द्र रिमाल, नृपेन्द्रलाल मास्के, सुमन श्रेष्ठ, सुशीला बज्राचार्य, शारदा मानन्धर, विष्णु रंजितकार नानीबाबु, सुरेन्द्र, पुष्प आदिलाई मैले राम्रो साथी बनाएको थिएँ । आज पनि धेरै साथीहरू समाज परिवर्तनको क्रान्तिकारी काममा कुनै न कुनै रूपमा लागिरहनुभएको छ ।

नेपाल-कोरिया मैत्री संघद्वारा संचालित पुस्तकालयमा पनि मेरो जाने आउने धेरै हुन्थ्यो । त्यहाँ मैले कोरियाको श्रमिक पार्टी, किम इल सुङका रचनाहरू अध्ययन गर्ने-साम्राज्यवादविरोधी देशभक्ति अन्य धेरै क्रान्तिकारी कुराहरू सिकेको छु । त्यहाँ मैले कमरेड वीरबहादुर लामासँग भेट्ने र मित्रता गाँस्ने मौका पाएँ । कमरेड माणिकलाल श्रेष्ठ जस्तो व्यक्तित्वसँग त्यहीं परिचय भएको थियो । अरू धेरै मित्र साथी त्यहाँ मैले बनाएका थिएँ । मलाई कम्युनिष्ट बनाउन कोरियाली पुस्तकालयको पनि योगदान छ ।

२०२९-३१ सालसम्म ब्रिटिस काउन्सिल पुस्तकालय र अमेरिकन लाइब्रेरी नयाँ सडकमा पनि जाने आउने गर्थें, त्यहाँको सदस्य थिएँ म । मेरो युवा मस्तिष्कमा नयाँ ज्ञानहरू यी दुई पुस्तकालयले पनि भरेको थियो । त्यहाँ मैले इङल्याण्डको इतिहास, अमेरिकाको इतिहास, त्यहाँको संविधान, राजनेताहरू, वैज्ञानिक आविस्कार-वैज्ञानिकहरू बारेमा यी दुई पुस्तकालयबाट धेरै बुझ्ने र सिक्ने औसर पाएँ ।

मेरो राजनीतिक जीवनयात्रामा युगकवि सिद्धिचरण श्रेष्ठ र प्रमानन्द बज्राचार्यको प्रेरणा पनि अविस्मरणीय रहेको छ । यो कुरा २०२६-२७ तिरको हो-गंगालाल, दशरथ, शुक्रराज शास्त्री, गणेशमान, पुष्पलाल आदिको बारेमा प्रजापरिषद् पार्टी, नेपाली राष्ट्रिय कांग्रेस, नेपाली कांग्रेसको बारेमा पुरानो प्रजा परिषद् सदस्य प्रमानन्द दाजुले पहिलो पल्ट मलाई बताउनुभएको थियो । युगकवि सिद्धिचरण श्रेष्ठले राणाविरोधी संघर्ष-क्रान्तिको बारेमा, आफ्नो जेलयात्रा-त्यसबेलाको साहित्यिक गतिविधि, गोपालप्रसाद रिमालको क्रान्तिकारी कवितावारे, शारदा पत्रिकाको भूमिका, साहित्य लेख्न र राजनीतितिर लाग्न शुरूमा मैले प्रेरणा यी दुई व्यक्तित्वहरूबाट नै पाएको थिएँ । युगकवि सिद्धिचरण श्रेष्ठले मलाई त्यसबखत भनेको कुरा अझै सम्झन्छु-"युगकाल राम्रो छैन-तिम्रो सोचविचार राम्रो छ, अलिक विचार पुऱ्याएर, होस गरेर काम गर्नू, क्रान्तिबिना शान्ति यो देशमा आउँदैन ।"

मैले २०२८ सालमा प्रवेशिका (एसएलसी) पास गरेको थिएँ । त्यसपछि महेन्द्र कलेज वसन्तपुरमा बिहान आई.ए. पढ्न शुरू गरें । बिहान कलेज जाने, दिउँसो पसलमा बस्ने, फुर्सदमा पुस्तकालय जाने काम सँगसँगै ओलम्पस क्लव, ॐ बाल, लियो क्लवको सदस्यको हैसियतले समाजसेवी कामहरूमा संलग्न हुने, साहित्य, गोष्ठीहरूमा जाने, साहित्यिक मित्रहरूसँग भेटघाट गर्ने मेरो दैनिकीभित्र पर्दथ्यो । २०२९ सालतिर केही हामी साहित्यमा रूची राख्ने साथीहरू मिलेर एउटा संस्था निर्माण गऱ्यौं-त्यसको नाम थियो-'साहित्य अध्ययन समिति-नेपाल' । संस्थाका अध्यक्ष दाई वीरेन्द्र शाक्य, उपाध्यक्ष सिरोसा, सचिव भुलें, कोषाध्यक्ष अमुदा श्रेष्ठ र महासचिव म आफैं थिएँ । साहित्य अध्ययन समितिले विश्वका विभिन्न देशका साहित्य अध्ययन गर्ने, राम्रो र स्तरीय रचनाहरू अनुवाद गर्ने, नेपाली साहित्यका विविध विधाहरू अध्ययन गर्ने, विभिन्न जाति-भाषाहरूमा साहित्य सृजनाको निम्ति प्रेरित गर्ने उद्देश्य राखेको थियो । हामीहरूले गोष्ठी, भेलाहरू आयोजना गरिरहयौं । हाम्रो निमन्त्रणामा बालकृष्ण सम, शान्तदास, गोविन्दबहादुर गोठाले, कृष्णचन्द्र सिंह प्रधान, ईश्वर बल्लभ, मंजुल, रामेश आदि धेरै साहित्यकार संगीतकारहरू गोष्ठी भेलामा आउने गर्दथे । साहित्यिक व्यक्तिहरूसँग मेरो राम्रो मित्रता थियो । हामीले देवकोटा, भानु, हृदयचन्द्र जयन्ती गोर्की, प्रेमचन्द्र, लुसुन, जयन्ती आदि साहित्यका विभिन्न विधामा अलग-अलग छलफल गोष्ठीहरू पनि गरेका थियौं । त्यसबेला ४०-५० जना युवा साहित्यिक व्यक्तित्वहरू हाम्रो संस्थामार्फत् सक्रिय थिए । त्यसबेलाको क्रियाशीलताले मेरो आफ्नो नेतृत्व विकासमा ठूलो सहयोग पुऱ्याएको थियो ।

२०२८ को अन्त्यमा मेरो कान्छी बहिनी असम कोइला पहाडमा विरामीको कारण मृत्यु भएको तार आयो । म भारत असामतिर लागें । त्यहाँ मेरो मित्रता गोपाल जैसी (भारतको कम्युनिष्ट पार्टी (माले) सत्यनारायण समूहको केन्द्रमा थिए), त्यस्तै नेकपा (पुष्पलाल समूह)का दिलु सुवेदी, लालबहादुर क्षेत्रीसँग भएको थियो । उहाँहरूबाट मैले भारत र नेपालको कम्युनिष्ट आन्दोलन, भूमिगत पार्टीहरूबारे थाहा पाएको थिएँ । दिलु सुवेदीले बाटो नामको नेपाली भाषामा पत्रिका पनि निकाल्नुभएको थियो । मैले पनि त्यो पत्रिकाको निम्ति त्यसबेला कविता निबन्धहरू लेखेको थिएँ । भारत प्रवास तीन चार महिना बिताएर पुनः काठमाडौं फर्केपछि कमरेड शम्भुराम श्रेष्ठले मलाई बोलाएर पार्टीमा काम गर्न अनुरोध गर्नुभयो । क. मनमोहन, शम्भुराम, मोहनविक्रम, निर्मल लामाले कम्युनिष्ट एकताको निम्ति आह्वान गर्नुभएको थियो । हामी युवाबीच पनि त्यता जाने वा नजाने छलफलहरू चलिरहेको थियो । भारत प्रवासबाट पुष्पलाल कमरेडका रचनाहरू ल्याएर मैले केही पढेको थिएँ । म क. पी.एल. तिर अलिक झुकेको थिएँ । त्यसकारण त्यस कम्युनिष्ट एकताको आह्वानमा सक्रियता देखाइनँ । मसँग घनिष्ट मित्रता रहेका दिल बरदान, सुवास श्रेष्ठ त्यतातिर सक्रिय हुन थाल्नुभएको थियो ।

साहित्य र राजनीतिक अध्ययन अन्य सामाजिक सेवाका क्रियाकलापहरूमा मेरो सक्रियता बढ्दै गएको थियो । कलेजको पढाईमा कम ध्यान दिन थालियो । त्यसबेला बुर्जुवा शिक्षा नपढ्ने-त्यसलाई त्याग्नुपर्छ भन्ने सोचहरू आइरहेको थियो । मैले २०३० सालमा प्राइभेट दिएर आई.ए. पास गरें । २०३१ मा बी.ए. पहिलो वर्ष पनि प्राइभेट दिएँ, त्यसपछि मैले बुर्जुवा शिक्षा बहिष्कार गरेको थिएँ । २०२९-३१ तीन वर्ष मेरो जीवनमा महत्वपूर्ण रहेका छन् । मेरो राजनीतिक सांगठानिक कार्यहरू सचेतताका साथ यसैबेला शुरू भएका थिए ।

२०२९ सालको लुस्यून स्मृति जयन्तीको कार्यक्रममा भेटघाट भएपछि रामेश र मंजुल दाइसँग मेरो मित्रता घनिष्ट बनेको थियो । प्रगतिशील साहित्य अध्ययन गर्न उहाँहरूले थप प्रेरणा दिनुभयो । लेख्न, गीत गाउन सिकाउनुभयो । पछि रामेश दाइको ठहिंटीको डेरा हाम्रो भेटघाट गर्ने अड्डा नै बन्यो । उहाँहरूले सुरूमा माओ, लेनिनभन्दा चेग्वेभाराबारे मलाई धेरै कुरा बताउनुभयो । 'राल्फा' बारे बताउनुभयो । मसँग मित्रता हुँदा राल्फा छाडिसक्नुभएको थियो । मेरो कलिलो प्रगतिशील दिमागले 'राल्फा' लाई अमूर्त- आयाम भनेको थियो । मञ्जुल दाइको धोबीधाराको डेरामा मेरो आवाज-जावत धेरै हुन्थ्यो-कुन्ता दिदीसँग मेरो परिचय त्यहीँ भयो । कमरेड प्रदीप नेपालसँग मेरो पहिलो परिचय थलो पनि त्यही डेरा थियो । त्यसबेला कमरेड प्रदीपलाई हामी सिरोज नामले जान्दथ्यौं । सिरोजसँगको मित्रता घनिष्ट बन्यो-मैले सिरोजलाई मेरो घरमा माधव पौडेलसँग परिचय गराएको थिएँ । त्यसपछि हामी तीनजना घनिष्ट मित्र बनेका थियौं । हाम्रो सम्बन्ध साहित्यमात्र होइन, राजनीतिक हुँदै गइरहेको थियो । मार्क्स, एंगेल्स, लेनिन, स्टालिन, माओ, होचिमिन्ह, किम इल सुङ, चेग्वेभारा, फिडेल क्यास्ट्रो आदिका बारे अध्ययन-सामूहिक अध्ययन गर्न थाल्यौं । मैले प्रवासबाट ल्याएका पुष्पलालका रचनाहरू पनि त्यसबेला सामूहिक अध्ययन गरेका थियौं । कमरेड पी.एल. को सशस्त्र संघर्षसम्बन्धी स्पष्ट धारणा नभएको त्यसबेला हामीले टिप्पणी गरेका थियौं ।

म कम्युनिष्ट बन्नमा कमरेड गोपाल जैसी, लालविन क्षेत्री, दिलु सुवेदी, माधव पौडेल, प्रदीप नेपाल, वीरबहादुर लामा, नैनबहादुर क्षेत्री, दिल बरदान, सुवास श्रेष्ठ, शान्तदास मानन्धर, मञ्जुल, कुन्ता, रामेश, राजु तुलाधर, मोहन श्रेष्ठ, रामकृष्ण दुवाल, अर्जुन श्रेष्ठ, शम्भुराम श्रेष्ठ आदिको माया र प्रेरणा पनि कुनै न कुनै रूपमा सहयोगी रहेको थियो ।

२०२९ सालमा लिथो गरेको 'गोरिल्ला' नामको पत्रिका क. माधव पौडेलले ल्याएर क. प्रदीप र मलाई देखाउनुभयो । हामीले उत्साहित भएर पढ्यौं-त्यो पत्रिका झापाका विद्रोही कम्युनिष्ट क्रान्तिकारीहरूले निकालेका थिए । त्यसैबाट प्रभावित भएर सशस्त्र संघर्ष नगरी मुलुकलाई सामन्तवाद र साम्राज्यवादबाट मुक्त गर्न सकिन्न भन्ने निष्कर्ष प्रदीप, माधव र मेरो थियो । त्यसमा कमरेड वीरबहादुर पनि पछि सामेल हुनुभएको थियो । हामीले कुनै कम्युनिष्ट संगठन बनाएनौं तर कार्यविभाजन गरेर काम गरेका थियौं । कमरेड प्रदीपले बुद्धिजीवी, साहित्यकार, संगीतकार आदिसँग सम्पर्क गर्ने क. माधवले विद्यार्थीसँग सम्पर्क गर्ने, मैले साना व्यापारी मजदुरसँग सम्पर्क गर्ने । मैले मजदुरहरूसँग सम्पर्क गर्ने क्रममा नै कमरेड वीरबहादुर लामासँग भेटघाट भएको थियो । हामीले होटेल मजदुर, साना व्यापारीहरूको अध्ययन कक्षाहरू पनि चलाउने गरेका थियौं । झोंछे न्हूँसालको बालसेवा स्कुल, नेपाल-चीन मैत्रीसंघ, नेपाल-कोरिया मैत्री समाज, क्रिटल होटल, झोंछेका केही रेष्टुराँहरूमा रातिराति सानो स्वरले बोलेर अध्ययन कक्षाहरू चलाएका थियौं । हाम्रो घोषणा नै नगरे पनि एकप्रकारको संगठन थियो । यही चारजनाको न्यूक्लेसले २०३१ मे दिवसको दिन झापा विद्रोहलाई समर्थन गरेर राजा वीरेन्द्रको नेतृत्वमा रहेको राज्यसत्तालाई चुनौती दिएर "मुस्लो' नामबाट पर्चा छापेर काठमाडौं शहरभरी छरेको थियो । काठमाडौं बाहिर जाने बसहरूमा पनि उक्त पर्चा राखिएको थियो । दरवारभित्र पनि मुठ्ठो बनाएर फ्याँकिदिएको थियो । त्यसबेला त्यो पर्चा राजनीतिक वृत्तमा धेरै चर्चित भएको थियो । त्यो पर्चा नेपाल- कोरिया मैत्री संघको लिथो मेसिनमा लिथो गरिएको थियो । पर्चा छर्न ५०-६० जना युवाहरू सक्रिय भएका थियौं । पर्चा भूमिगतरूपमा छापियो, वितरण गरियो र छरिएको थियो । हामीले छरेको पर्चाले काठमाडौंमा प्रतिक्रियावादीहरूको सात्तो लियो । काठमाडौं उपत्यकाका सबै सार्वजनिक महत्वपूर्ण ठाउँमा पञ्चायतकालमा त्यसरी पर्चा छरिएको थिएन । त्यो पहिलो थियो । पर्चा छरेको तेस्रो दिन क. प्रदीप र म पोखरा, बुटवल हुँदै धरान गएका थियौं । त्यसबेला हामी सम्पर्क विस्तार गर्न अन्य क्रान्तिकारी साथीहरू, प्रगतिशील साथीहरूसँग विचार आदान-प्रदान गर्ने उद्देश्यले नै काठमाडौंबाट हिंडेका थियौं । पोखरामा हामीले नोरेम र अरू साथीहरूसँग भेटेका थियौं । बुटवलमा मैले भुलें वा भेट हुन सकेन । धरानमा वम देवान, विक्रम सुब्बालगायत धेरै साथीहरूसँग भेटघाट भएको थियो । यता प्रतिक्रियावादीहरूले माधव पौडेल, वीरबहादुर लामा, सूर्य शर्मा, राजेन्द्र पाण्डे, रामकृष्ण दुवाल, रूम्बा तामाङ, झिल्के तामाङलगायत दर्जनौं मजदुर, विद्यार्थी, शिक्षक, साना व्यापारी आदिलाई गिरफ्तार गरेको र मेरो घर खानतलासी गरेर पुस्तकहरू लुटेर लगेको खबर लिएर मेरो भाइ धरानमा मलाई खोज्दै (भाइ पद्मबहादुर शाक्य) पुगेको थियो । मलाई भारत प्रवासतिर भागेर जान रू. २००० हजार पनि भाइकै हात बाले पठाउनुभएको थियो । कुन्ता दिदीको आमाको घरमा भाइलाई भेटेर फर्कायौं र हामी सतर्क बन्यौं । कुन्ता दिदीको आमाको घरबाट अन्तै सरेर बस्ने काम गर्‍यौं । बिक्रम सुब्बा कमरेडले मलाई पाँचथर लिएर जाने र त्यतै केही समय रहने सल्लाह भयो र भारत प्रवास म नजाने भएँ, कमरेड प्रदीप धरानमा नै भूमिगत रहने सल्लाह भयो । "दो चट्टान भन्ने

हिन्दी फिल्म राम्रो छ भोलि गोपाल र विक्रम पनि जाने, हामी सबै फिल्म हेर्न जाऔं" भन्ने प्रस्ताव वम देवानले राख्नुभयो । हामी सबैले स्वीकार गऱ्यौं । राति फिल्म हेरेर क. प्रदीप खान खाना छाताचोकतिर लाग्नुभयो र म र वम देवान कुन्ता दिदीको आमाको घरमा सिलिपिङ ब्याग लिन पस्यौं । भित्र पस्नेवित्तिकै चारैतिरबाट घेरा हालेर बसेका प्रहरीले क. देवान र मलाई गिरफ्तार गऱ्यो । बस स्टपतिरको प्रहरी चौकीमा लग्यो-केही छिनपछि कमरेड प्रदीपलाई पनि गिरफ्तार गरेर त्यही चौकी ल्याइपुऱ्याएको थियो । यो घटना २०३२ जेठको हो । हामी तीनजनालाई विराटनगर हुँदै काठमाडौं ल्याएको थियो । काठमाडौं ल्याएर हामीलाई हनुमानढोका कस्टडीमा राखेको थियो । त्यहाँ २०३२ सालको विद्यार्थी आन्दोलनका विद्यार्थी नेताहरू पनि थुनेको थियो । त्यहाँ पुगेर हामीले थाहा पायौं । कमरेड माधव, वीरबहादुरलगायत हाम्रा साथीहरूलाई ठूलो यातना दिएको रहेछ । गएको तेस्रो दिन बयानको निम्ति प्रदीप र मलाई अञ्चलाधीश कार्यालय रत्नपार्क लगियो । त्यहाँ हामीलाई यातना दिने काम भयो । पैतालामुनी लठ्ठीले कुट्ने, हातमा सियोले घोच्ने, उधोमुन्टो मारेर खुर्सानी नाकबाट हाल्ने आदि यातना दिएका थिए । कमरेड प्रदीप, माधव, वीरबहादुर लामा र मलाई १० वर्ष र १० हजार संजाय तोकियो । तोक्ने काम अञ्चलाधीशले गरेका थिए । संजाय सुनाउँदा मैले रीसले अञ्चलाधीशको मुखमा थुकिदिएको थिएँ ।

हनुमानढोकापछि डिल्लीबजार खोरमा केही दिन राखेपछि हामीलाई सेन्ट्रल जेल लगियो । सेन्ट्रल जेलमा हाम्रो भेट झापा विद्रोहका क्रान्तिकारी कम्युनिष्टहरूसँग भएको थियो । कमरेड चन्द्रप्रकाश मैनाली, राधाकृष्ण मैनाली, मोहनचन्द्र अधिकारी, खड्गप्रसाद ओली, घनेन्द्र बस्नेत, नरेश खरेल, सानु दुर्गा, ठूलो दुर्गा, छविलाल राजवंशी, निमू सिंह, भोर्गेन राजवंशी सागर आदिसँग पहिलो पल्ट परिचय भएको थियो । त्यसबेला उहाँहरूसँगको भेटघाटले क्रान्तिकारी उत्साह अरू थपिदिएको थियो । निराशा ममा थिएन । जेलमा बमकाण्डका नेता भीमनारायण श्रेष्ठ र ओखलढुंगा टिम्बुरे काण्डका नेता यज्ञबहादुर कप्तानसँग पनि मेरो परिचय भएको थियो । यी दुई नेता वास्तवमा नै राजतन्त्रविरोधी क्रान्तिकारी प्रजातन्त्रवादी थिए ।

जेलभित्र मार्क्सवाद, लेनिनवाद, माओत्सेतुङ्ग विचारधारा, चारूमजुदुर लाइन सम्बन्धमा अरू अध्ययन गर्ने मौका मिल्यो । सशस्त्र संघर्ष, कृषि क्रान्ति, वर्ग, संघर्ष, जनवाद र समाजवादबारे अरू सामूहिक छलफल कक्षाहरू पाइयो । आफूले जानेका जति कुरा क्रान्तिकारी साथीहरूलाई सुनाउने र बुझाउने काम पनि गरियो । राजनीतिक बाहेक अन्य बन्दीहरूमाझ पनि राजनीति राख्ने, उनीहरूलाई सचेत बनाउने काममा लागिरहन्थ्यौं । जेलभित्र लेख्ने, पढ्ने, सार्ने, कामहरू मैले गर्थें । रातरातभरी नसुती जेल बाहिरबाट आएको, क्रान्तिकारी लेख रचना र जेल बाहिर पठाउने, लेख रचना साना अक्षरमा सार्ने, अझै बाहिर र गोल घरभित्र पठाउने रचनाहरू सेतो कागजमा कागतीको रस (मसी सट्टा) पेनमा राखेर लेख्ने काम गरिन्थ्यो ।

मलाई कम्युनिष्ट बनाउन चन्द्रप्रकाश मैनाली, राधाकृष्ण मैनाली, मोहनचन्द्र अधिकारी, खड्गप्रसाद ओली, घनेन्द्र बस्नेत, नरेश खरेल, छवि राजवंशी, निमूसिंह राजवंशी आदिको विशेष प्रेरणा रहेको थियो । २०३२ साउन ४ गते सेन्ट्रल जेलको कोठा नं. १ मा मैले अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (मार्क्सवादी-लेनिनवादी)को सदस्यताको सपथ ग्रहण गरेको थिएँ । मसँगै पार्टी सदस्य लिने, सपथग्रहण गर्ने अन्य तीन कमरेडहरू प्रदीप नेपाल, राजेन्द्र पाण्डे र सुवास नेम्वाङ हुनुहुन्थ्यो । हामीलाई सपथ गराउने नेता कमरेड घनेन्द्र बस्नेत हुनुहुन्थ्यो । म यसरी कम्युनिष्ट भएँ ।

*शंखमूल, ललितपुर , २०६१ भदौ ३१*

◆ l;4fGt÷ljrf/

# काल्पनिक समाजवाददेखि वैज्ञानिक समाजवादसम्म

## ' रविन्द्र अधिकारी

**स**न् १७८९ को फ्रान्सेली राज्यक्रान्तिले मानिस मानिसका बीचमा 'समानता, स्वतन्त्रता र भातृत्व' जस्ता नारा अगाडि सारेर विश्वलाई नै प्रभावित बनाएको थियो । तर तत्कालीन बुर्जुवा वर्गले फ्रान्सेली राज्य क्रान्तिका उपलब्धीहरूलाई जनताको हितमा होइन आफ्नै बर्गीय हितका निम्ति प्रयोग गरेतापनि फ्रान्सेली राज्यक्रान्ति त्यहाँको समाजको वर्गसंघर्षको सुसम्बद्ध र सशक्त नमूना थियो । त्यसको संघर्षले महान् विचारकहरू रोबर्ट ओवेन र चार्ल्स फ्यूरेरलाई जन्म दियो ।

हुन त त्यसभन्दा अगाडि पनि चिन्तनशील मानिसको दिमागमा सत्ययुग ल्याउने, पृथ्वीमा स्वर्गको निर्माण गर्ने विचार र परिकल्पना थिए । खासगरी सोह्रौं र अठारौं शताब्दीहरूमा पश्चिम युरोपका कतिपय मुलुकहरूमा सामन्तवादको स्थान पूँजीवादले लियो । यस परिवर्तनले उत्पादन, प्रविधि र विज्ञानको तीव्र विकास गऱ्यो । ठूला-ठूला कारखानाहरू बने । मानव मसल, पानी र वायुशक्तिको स्थान वाष्पशक्ति र त्यसपछि विद्युत शक्तिले लिए तर पूँजीवादले श्रमजीवीहरूको अवस्थामा कुनै सुधार गर्न नसकेको मात्र होइन, शोषण प्रणाली, दासप्रथा र सामन्तवादको बेलामा जस्तै क्रुर र अमानवीय नै रह्यो । जसको परिणाम जनताको असन्तोष बढ्यो, वर्गसंघर्ष चर्कंदै गयो । यी सबै परिवर्तन र घटनाले बौद्धिक जीवनलाई प्रभावित बनायो । जसले गर्दा मानिसप्रति आदरको भावना र मानवतावादी विचारहरू जन्मे जसलाई हामी काल्पनिक समाजवाद भन्दछौं ।

युरोपमा देखापरेका सवैभन्दा पहिलो काल्पनिक समाजवादी बेलायती राजनीतिज्ञ तथा विचारक थोमस मूर (सन् १४७८-१५३५) हुन् ।

उनले पूँजीवादको प्रारम्भमै त्यसको शोषक चरित्रलाई देखाएका थिए । श्रमिक जनताको लागि वास्तविक मानवोचित जीवन प्रदान गर्न पूँजीवादी समाज असमर्थ छ, यो व्यवस्था आफ्नो व्यक्तिगत फाइदामात्रै चाहने धनीहरूको षड्यन्त्र हो भन्ने कुरा बताएका थिए । थोमस मूरले आफ्नो पुस्तक 'युटोपिया' मा मानिसहरूको बीचमा समानता र उनीहरूको सुख उनीहरूको शारीरिक एवं बौद्धिक विकास, सामाजिक न्याय तथा सामाजिक व्यवस्थाको कुशल सञ्चालन यी सब कुरा त्यस बेलासम्म असम्भव हुन्छ, जबसम्म व्यक्तिगत सम्पत्तिको अस्तित्व रहनेछ र बहुसंख्यक जनताले सृजना गरेको सम्पदा मुट्ठीभर मान्छेको हातमा केन्द्रित हुनेछ भन्ने विचार प्रतिपादन गरेका थिए । उनले व्यक्तिगत सम्पत्ति हटाउनका लागि समाजमा समस्त सदस्यहरूको सामूहिक स्वामित्व र सामूहिक श्रममा आधारित एकबद्ध, प्रजातान्त्रिक तरिकाले संचालित, सुव्यवस्थित समाजको परिकल्पना गरेका थिए । यही थोमस मूरको सबभन्दा ठूलो योगदान थियो ।

उनले एउटा काल्पनिक टापुको कल्पना गरेका थिए, जहाँ बेलायतको भन्दा भिन्नै खालको राजनैतिक व्यवस्था पैसाको कुनै खाँचो नपर्ने, न निजी पूँजी, न धनी गरिब हुनेछन् । त्यहाँ सबै मिलेर शारीरिक तथा बौद्धिक काम गर्छन्, अल्छीहरूको लागि त्यस समाजमा ठाउँ हुँदैन, उत्पादित वस्तु भण्डारमा जम्मा गर्ने र आवश्यकता अनुसार सित्तैमा लिने जस्ता कुराहरू अगाडि सारेका छन् ।

लेनिनले युटोपियाको बारेमा लेख्नुभएको छ-' राजनीतिमा युटोपिया भन्ने यस्तो इच्छा हो, जुन कहिल्यै पूरा हुन सक्दैन किनकि त्यो सामाजिक शक्तिहरूमाथि आधारित छैन र जसलाई राजनैतिक बर्गीय शक्तिहरूको बुद्धि र विकासले समर्थन गर्दैन ।'

इटालीका कल्पनावादी तोम्माजो कम्पानेल्ला (सन् १५६८-१६३९) ले भावी समाजको नाम सूर्यनगर राखेका थिए । उनी इटलीको मुक्ति आन्दोलनमा एक सक्रिय नेता थिए । १६२३ मा उनले सौर्यशहर भन्ने किताव प्रकाशित गरे । जसमा- हिन्द महासागरको काल्पनिक टापु टाप्रोवेनमा बस्ने सोलारीयज समाजको बारेमा विश्व भ्रमणमा निस्किएका जेनोआ भन्ने व्यक्तिले त्यहाँको समाजमा निजी सम्पत्तिको बारे थाहै नभएको, शारीरिक र बौद्धिक श्रममा भेद नभएको, सम्पूर्ण कामलाई सम्मान गरिने गरेको, मानिसले वस्तुको सेवा होइन, वस्तुले मानिसको सेवा गर्ने गरेको, यस शहरको प्रमुख प्रशासक गहन ज्ञान र व्यापक व्यवहारिक अनुभव भएका व्यक्ति भएको बयान गरेका छन् ।

**अठारौं शताब्दीका फ्रान्सेली कल्पनावादीहरू**

१) जान मेल्य (सन् १६६४-१७२९) : उनले आफ्नो सम्पूर्ण जीवन गाउँमा नै बिताएको हुनाले भयंकर गरिबी, किसानहरूको पीरमर्का, सामन्तहरूको लागि उनीहरूले गर्ने कठोर परिश्रम आफैंले देखेका थिए । उनले 'इच्छापत्र' नामक पुस्तकको पाण्डुलिपीमा सामन्ती शोषण, शाही शासन र चर्चको निकै कडा आलोचना गरिएको छ । शोषकहरूले स्वेच्छापूर्वक आफ्ना विशेषाधिकार छोड्ने छैनन् । तसर्थ विद्यमान प्रणालीलाई क्रान्तिकारी तरिकाले उन्मूलन गर्न आह्वान गरेका छन् ।

२) माब्रियल माब्ली (सन् १७०९-१७८५) : यिनले वितरणको साम्यवादी सिद्धान्तको विकासमा निकै ठूलो देन दिए । उनले एक त्यस्तो समाजको स्थापना गर्ने आह्वान गरे जसमा प्रत्येक नागरिकले 'बढी से बढी आनन्द तथा सुखको अनुभव गर्न सकोस् ।' निजी सम्पत्तिको उन्मूलनद्वारा मात्र यस्तो समाज स्थापना गर्न सकिन्छ । उनको विचारमा सम्पत्तिको विभाजनले लोभको भावना व्यूँभन्छ र मानिसलाई भ्रष्ट बनाउँछ भन्ने थियो । उनले शोषितहरूले क्रान्ति गरेर जनवादी गणतन्त्र स्थापना गरे मात्र निजी स्वामित्वका घृणित आदतहरूबाट छुटकारा पाउन सकिन्छ भनेका थिए । उनका विचारमा यो गणतन्त्र निजी सम्पत्ति र शोषणको समाजबाट साम्यवादी समाजमा संक्रमण गर्ने एक समन्वय चरण हुनुपर्दथ्यो ।

३) ग्राक्ख बाव्योफ (सन् १७६०-१७९७) : उनी एक राष्ट्रव्यापी कम्यून 'समानहरूको गणतन्त्र' को स्थापनाको लागि चलाइएको क्रान्तिकारी किसान आन्दोलनका नेता थिए । उनी वर्तमान घृणित व्यवस्थालाई जबर्जस्त हटाएर क्रान्तिकारी साम्यावादी समाजको निर्माण गर्नुपर्दछ भन्दथे । उनले सन् १७८९-१७९३) को महान् फ्रान्सेली बुर्जुवा क्रान्तिलाई आफैंले भोगेका थिए र त्यसबाट उनले विद्रोह र सत्ता कब्जा गर्ने प्रेरणा पाएका थिए । त्यस क्रान्तिले शोषण प्रणालीको अन्त नगरी त्यसमा सामान्य हेरफेर गरेको कुरालाई राम्रोसँग बुझेका थिए । बुर्जुवा क्रान्तिको स्थान एक नयाँ जनक्रान्तिले लिनुपर्दछ जसको फलस्वरूप जनताले आफ्नो हातमा सत्ता लिनेछ । क्रान्तिकारी अधिनायकवादको स्थापना गर्नेछ र 'समानहरूको समाज' खडा गर्नेछ । जहाँ न त धनीहरू हुनेछन्, न त गरिबहरू नै । कसैले सम्पत्ति थुपार्ने छैन, प्रत्येक मानिसले जनहितको लागि आफ्नो योग्यताअनुसार काम गर्नेछ भन्ने विचार उनको थियो । उनले साम्यवाद सामाजिक स्वामित्वमा आधारित तथा राष्ट्रियस्तरमा एकबद्ध एक उच्चरूपले संगठित समाज हुनुपर्छ भनेका थिए ।

यसरी कल्पनाहरू पनि सामान्यबाट उच्चरूपमा विकसित भएर आए उनीहरूका विचारले समाजवादी विचारधारामा नयाँ-नयाँ विकास गरेको थियो । उन्नाइसौं शताब्दीमा आइपुग्दा यिनीहरूले एउटा आकार ग्रहण गरिसकेका थिए । यी कल्पनाहरूमध्ये समाजवादको लागि बढी महत्व राख्ने सेन साइमन, चार्ल्स फ्युरेर, रवर्ट ओवेनका विचारहरू बुझ्न् आवश्यक छ ।

**उन्नाइसौं शताब्दीका काल्पनिक समाजवादीहरू**

यस शताब्दीमा विकसित काल्पनिक समाजवाद नै मार्क्सवाद निर्माणको महत्वपूर्ण विचारधारात्मक स्रोत हो ।

**क) सेन्ट साइमन (सन् १७६०-१८२५)** : उनको जन्म फ्रान्सको एक अभिजात परिवारमा भएको थियो । उनी पूँजीवादविरूद्ध बढी आक्रोशित थिए । भविष्यको आदर्श राज्य उद्योगपति र वैज्ञानिकहरूद्वारा सञ्चालित हुन्छ र जसले गर्दा ठूला उद्योगधन्दाको विकास निश्चित योजनाअनुसार वैज्ञानिक आधारमा हुनेछ । तर उनको उद्योगपति शब्दभित्र मजदूर, पूँजीपति, व्यापारी, बैंक सञ्चालकहरू सबै पर्दथे ।

सेन्ट साइमनको विचारमा त्यो सामाजिक प्रणाली उत्कृष्ट हुन्छ । जसले आफ्ना अधिकांश सदस्यहरूलाई सुखद् जीवन प्रदान गर्दछ र उनीहरुका आवश्यकताहरूको परिपूर्तिको लागि उनीहरूका सब योग्यताहरूको पूर्ण विकासका लागि ज्यादा कोसिस गर्दछ । पहिलेका युगहरूमा क्षमता र सामर्थ्यको विकास नभएका उत्पादकहरूलाई प्राथमिकता नदिई अल्छीहरूलाई प्राथमिकता दिएको कारणले गर्दा हो ।

उनका विचारमा मानव समाजको विकास तल्लो स्तरबाट माथिल्लो स्तरमा प्रगति उन्मुख हुन्छ । दास युग-आदिम साम्यवाद भन्दा, सामन्तवादी युग दासभन्दा र पूँजीवादी युग सामन्तवादी युगभन्दा प्रगतिशील थियो । दास व्यवस्थाअन्तर्गत शासक वर्गले आफ्नो बृद्धि विकास गर्ने मौका पाए । त्यस्तै दासहरुले आफ्नो अवस्थामा सुधार गरेर पुरानो व्यवस्था हटाएर मानवजातिको ठूलो सेवा गरे । त्यो सामाजिक विकासमा एक महत्वपूर्ण पाइला थियो । अब पुरानो व्यवस्था हटाएर नयाँ सामाजिक व्यवस्थाको सृजना गर्नुपर्दछ जसमा बहुसंख्यक जनतामाथि अल्पसंख्यकको शासन हुनेछैन । यस समाजमा प्रत्येक सदस्यले आफ्नो क्षमताअनुसार काम गर्दछ र आफ्नो श्रमअनुसार पारिश्रमिक पाउँछ । शोषणको कुनै अस्तित्व हुनेछैन । प्रशासन व्यवस्था समस्त सामाजिक कार्यहरूको सञ्चालन प्रणालीमा परिणत हुनेछ ।

उनले शोषकहरूको र शोषितहरूको बीचमा शान्तिपूर्ण सहयोगको विचार अगाडि सारेर राजाहरूलाई आवश्यक राजनैतिक परिवर्तन गर्नका लागि जनताले सुम्पेको सत्ता उपयोग गर्ने आह्वान गरे । उनी बर्गसंघर्ष देखेर डराउँथे, क्रान्ति अस्वीकार गर्दथे । मानिसहरूका बीचमा भाइचारा सम्बन्ध कायम गर्न उपदेश दिन्थे, माथिबाट गरिने सुधारको पक्षपोषण गर्दथे । त्यसैले गर्दा उनले मजदुर वर्गलाई, पूँजीवादविरूद्ध न्यायपूर्ण समाज स्थापनाको लागि अजय योद्धाको रूपमा देखेनन् । जसका कारण शोषणमा आधारित पूँजीवादी व्यवस्थालाई हटाउने उपाय निस्कन सकेन ।

सेन्ट साइमनका विचारहरू सुधारवादी र असंगतिपूर्ण भए पनि उनका विचार अत्यन्त उपयोगी र महत्वपूर्ण छन् । जस्तो क्षमताअनुसारको काम र कामअनुसारको दाम सर्वहारा वर्गको समाजवादी कार्यक्रमको अङ्ग बन्यो । त्यस्तै मानिसद्वारा मानिसको शोषण खत्तम भएपछि समाजले विशाल सृजनात्मक क्षमता प्राप्त गर्ने छ त्यसले विज्ञान र प्रविधिको विकास गर्दै प्रकृतिमाथि विजय प्राप्त गर्ने उद्देश्य राख्ने छ । त्यसका साथै जनतामाथि दमनको साधन बनेको राज्यलाई समाजका कार्यहरू संचालन गर्ने साधनमा फेर्ने कुराहरू निकै महत्वपूर्ण छन् ।

**ख) चार्ल्स फुरे (सन् १७७२–१८३७) :**

पूँजीवादी व्यवस्थाका कट्टर आलोचक फूरे एक धनी ब्यापारीका छोरा थिए जसको पछि गएर टाट उल्टियो । फूरेरले मानवजातिको इतिहासलाई तीन चरणमा बाँडी पहिलो चरणलाई मानवजातिको बाल्यकाल आफू रहेको वर्तमान चरणलाई सभ्यता र भावी चरणलाई मेलमिलापको समाज भन्ने संज्ञा दिए । उनले पूँजीवादी सभ्यतालाई विरोध गर्दै पूँजीवादमा बाँधित श्रम हुन्छ, कामप्रति मजदूरको चाख हुँदैन, उद्योगको बृद्धिले ठूला-ठूला खराबी पैदा गर्दछ, धनदौलत बढ्दछ र गरिबी घट्दैन, थोरै जनताका सुख धेरैको दुःखमाथि आधारित हुन्छ । सार्वजनिक हित र निजी हितका बीचमा न कुनै मेल छ न त सामान्जस्यता । कागजी अधिकार धेरै हुन्छन् तर ती अधिकार भ्रम हुन् किनभने तिनको उपयोग हुनसक्दैन भन्ने कुरा अगाडि सारे । संविधानमा जनताको सार्वभौमसत्ताको उल्लेख भए पनि जसले बाँच्नको लागि रोटीसम्म कमाउन सकेको हुँदैन र कामको ग्यारेन्टी पाएको हुँदैन, ऊ सार्वभौम हुन सक्ने कुराको कल्पना पनि गर्न सकिँदैन भनेर पूँजीवादका खराबी र भ्रमहरूको पर्दाफासमात्र गरेनन् र त्यसको विकल्पमा मेलमिलापको व्यवस्थाको पनि कल्पना गरे । जहाँ पूँजीवादी समाजमा रहेको मुख्य अन्तरविरोध हुनेछैन । यो समाज समूहमा विभाजित हुनेछ र प्रत्येक समूहमा (३०००-४००) परिवारहरू (१५००-१६००) मानिसहरू हुनेछन् । मुलुकभर त्यसको गठन स्वेच्छाले हुनेछ ।

उनले कल्पना गरेको समूहमा महिला र पुरूषका अधिकार समान हुनेछन् । शुरूमा केही असमानता भए पनि बिस्तारै समानता हुँदै जानेछ । त्यसका लागि बाल समान शिक्षा, श्रममा धनीहरूको सहभागिता, औद्योगिक कार्यदक्षताको निम्ति प्रतियोगिता र ज्यालाको उन्मूलन, प्रत्येक समूह एउटा बिशाल दरबारमा रहनेछ र त्यहाँ काम गर्ने ठाउँ स्कूल, पुस्तकालय, क्यान्टिन आदि हुनेछ । पुरानो श्रम विभाजनअनुसार होइन मानिसहरूले आफ्नो चाख र सामर्थ्यअनुसारको काम छान्न र काम फेर्ने मौका पाउनेछन् । यस तरिकाबाट श्रमको रूपान्तरण हुनेछ र श्रम आनन्दको स्रोत बन्नेछ । **क्रमशः**

◆ ;fdlosL

# आप्रवासी कामदारको मानवअधिकार

**’ कुन्दन अर्याल**

**ई**राकमा बाह्रजना नेपाली कामदारको हत्यापछि वैदेशिक रोजगारीका सम्बन्धमा हामीले ध्यान पुऱ्याउन नसकेका कतिपय सवाल उजागर भएका छन् । खासगरी विदेशी भूमिमा काम गर्न जानेहरूको हक, हित र सुरक्षाको सवाल टड्कारो भएर उठेको छ । वैदेशिक रोजगारीको क्षेत्र मूलतः राजनीतिक संरक्षणकै कारण मानवतस्करीका रूपमा बद्नाम हुँदैआएको अवश्य थियो । तर हाम्रो

राज्यले विदेशिन बाध्य आफ्ना नागरिकको हितका सम्बन्धमा ध्यान पुऱ्याएको थिएन । आजको विश्वमा नेपालीहरू मात्र अरूको भूमिमा श्रम गरिरहेका छैनन्, संसारका यावत देशका नागरिक यताबाट उता उताबाट यता गरिरहेकै छन् । यस्तो अवस्थामा अरूको देशमा काम गर्ने कामदारहरूलाई मानवोचित व्यवहारबाट विमुख गर्न पाइँदैन भन्ने कुरा मानवअधिकारको परिधिमा समेटिएको छ । त्यसैले आप्रवासी श्रमिकहरूको अधिकारको सवाल हामीले निर्धक्क भएर उठाउन सक्नुपर्छ ।

तर त्यसका निम्ति सबभन्दा पहिले देशभित्रै वैदेशिक रोजगारीको व्यवसायउपर यथोचित नियन्त्रण कायम गरिनै पर्छ । यस व्यवसायलाई जसरी पनि पैसा कमाउने अमानवीय कर्मका रूपमा फस्टाउने मौका कसरी मिल्यो ? यस्तो प्रश्नको निर्क्योल गर्ने उपयुक्त समय अहिले नै हो ।

नेपालले अनुमोदन गरेका सोह्र वटा राष्ट्रसंघीय अभिसन्धिहरूमा आप्रवासी श्रमिक र उनीहरूको परिवारको अधिकारसम्बन्धी महासन्धि पर्दैन । सन् २००३ को पहिलो जुलाईदेखि लागू भएको त्यो अन्तर्राष्ट्रिय कानून आप्रवासी मजदूरहरूको हकहितको संरक्षणका निम्ति पारित गरिएको थियो । नेपालका उर्जावान युवा कामदारहरूलाई विदेशी भूमिमा अत्यन्त अमानवीय ढंगले मारिएपछिको यो दुखद् क्षणमा त्यस अन्तर्राष्ट्रिय कानूनको चर्चा अत्यन्त सान्दर्भिक ठहर्छ । आप्रवासी मजदूरहरूको अवैध भर्ति र उनीहरूको अनियमित रोजगारीको अन्त्यको उद्देश्यका साथ पारित त्यस महासन्धिलाई नेपालले अनुमोदन गर्ने विषयमा व्यापक छलफल आरम्भ गरिनु जरूरी छ । विश्व समुदायसमक्ष हामीले आप्रवासी कामदारहरूको अधिकारका सम्बन्धमा बहस अगाडि बढाउनै पर्छ । आप्रवासी मजदुरहरूसँग मानवोचित व्यवहार हुनैपर्छ भन्ने सवाल हाम्रो जस्तो वैदेशिक रोजगारीबाट उल्लेख्य आम्दानी गर्ने देशका निम्ति अत्यन्त महत्वपूर्ण छ ।

विश्वमा आज पन्ध्र करोड मानिस आप्रवासी मजदूरका रूपमा आफू जन्मिएको ठाउँभन्दा टाढा अरू देशमा रोजगारीमा संलग्न छन् । यो संख्या विश्वको कूल जनसंख्याको दुई प्रतिशत हुन आउँछ । आप्रवासीको अधिकारसम्बन्धी राष्ट्रसंघीय महासन्धि अनुसार आप्रवासी श्रमिक ठहरिएको व्यक्तिलाई मानवअधिकारहरूबाट वञ्चित गर्न पाइँदैन् । नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूमा नागरिक तथा राजनीतिक लगायत छ वटा ठूला कहलिने सबै पर्दछन् । तर सम्पूर्ण आप्रवासी श्रमिक तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकार रक्षासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका सम्बन्धमा हामी नेपालीले त्यति ध्यान दिएका छैनौं ।

सशस्त्र द्वन्द्व वा गरिबीलगायत्का विविध कारणहरूले गर्दा विश्वभरका मानिसले आफ्नो थलो छाड्नुपरेको छ । तर यस्ता परदेशीहरूले सधैं नै शंकाको घेरामा रहँदैआउनु परेको छ । उनीहरू नयाँ समाजमा समाहित हुन सकेका छैनन् । आप्रवासी श्रमिक र उनीहरूका परिवार समाजका सबभन्दा हेपिएका वा ठगिएका मानिसका रूपमा कष्टपूर्ण जीवन व्यतित गर्न बाध्य छन् ।

दोश्रो विश्वयुद्धपछि विश्वव्यापी घोषणापत्रद्वारा परिभाषित मानवअधिकारहरूको एउटा महत्वपूर्ण विशेषता भनेकै विश्वव्यापी स्वरूप हो । मानवअधिकारहरूको यस्तो विशेषता हरेक अवस्थामा जीवित हुनैपर्छ । संयुक्त राष्ट्रसंघको महासभाले चौध वर्षअघि पृथ्वीको कुनै पनि कुनामा पुगेको मानिस आधारभूत मानवअधिकारहरूबाट वञ्चित नहोस भनेरै आप्रवासी श्रमिक तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकार रक्षासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि पारित गरेको थियो । तर विश्वका विकसित राष्ट्रहरू यस महासन्धिप्रति उदासिन रहँदैआएका छन् । राष्ट्रसंघले यसलाई ठूला छ पछिको महत्वपूर्ण महासन्धिको श्रेणीमा राखेको बताइन्छ । तर महासभाबाट पारित भएको दश वर्षसम्म यसको अनुमोदन गर्ने राष्ट्रहरूको संख्या एक दर्जनमात्र पुगेको थियो ।

आतंककारीहरूले इराकमा गरेको नृशंस अपराधको प्रतिक्रिया नेपाली समाजमा उत्पन्न हुनै पर्थ्यो । वीभत्स हत्याको समाचार सुनेर मानिस सडकमा ओर्लिए । त्यो पनि स्वभाविक थियो । तर आफ्ना दाजुभाइ मारिएको घटनाको स्वभाविक प्रतिक्रियालाई अस्वभाविक दंगामा परिणत गर्ने दुष्प्रयाससमेत गरियो । त्यो कुरा भने अत्यन्त निन्दनीय छ । केवल चार दिनको अवधिमा त्यस घटनाले अनेक परिघटनालाई जन्मायो । साथै त्यस घटनाले ध्यान नदिइएका कैयन सवालमा हाम्रो आँखा खोलेको पनि छ । भविष्यमा त्यस्तो दिन फेरि नआओस् भन्ने सोचका साथ आप्रवासी कामदारहरूको अधिकारका सवालमा सम्पूर्ण नेपाल एक भएर अग्रसर हुन जरूरी छ ।

***सम्पूर्ण आप्रवासी श्रमिक तथा उनीहरूको परिवारका सदस्यहरूको अधिकार रक्षासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि :***

*कूल नौ खण्ड र ९३ धारामा विभाजित*

*मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र सन् १९४८ लगायत नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, सबै किसिमका जातीय भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तराष्ट्रिय महासन्धि, बालअधिकारसम्बन्धी महासन्धि, महिलाविरूद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलनसम्बन्धी महासन्धि एवं यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरूद्धको महासन्धिका प्रावधानहरू आप्रवासी श्रमिकहरूका निम्ति समेत लागू गराउन सन् १९९० मा राष्ट्रसंघीय महासभाद्वारा पारित*

◆

# शान्तिवार्ताको सम्भावना अन्त्य भएको छैन

***प्रकाश, सहमहामन्त्री, नेकपा (एकताकेन्द्र–मसाल)***

*० नेकपा (माओवादी)को केन्द्रीय समितिको विस्तारित बैठक प्लेनमले त शान्तिवार्ताको सम्भावनालाई समाप्त पारिदियो, होइन र ?*

- तत्कालको लागि वार्ताको सम्भावना टरेर गएको छ भन्ने कुरा त केन्द्रीय समितिको बैठकको निर्णय सार्वजनिक हुनुअघि नै प्रचण्डजीको एउटा वक्तव्यमा आइसकेको थियो । अहिले पुनः त्यही कुरामा उहाँले जोड दिनुभएको छ । तर मैले वार्ताको सम्भावना अन्त्य भएको ठान्दिनँ । किनभने वार्तामार्फत् समस्या समाधान गर्नुपर्छ भन्ने पार्टीको निष्कर्ष माओवादीले परिवर्तन गरिसकेको छैन । दोस्रो- यो निष्कर्षमा परिवर्तन गरेर उहाँहरू जानका लागि जुन परिस्थिति हुनुपर्थ्यो, त्यसरी हिजोको विश्लेषणमा परिवर्तन गर्नुपर्ने आधार तयार भइसकेको छैन । यस स्थितिमा वार्ताको सम्भावनालाई नकारिएको छ, अब वार्ता सम्भव छँदै छैन भन्ने मलाई लाग्दैन ।

*० माओवादीले राज्यसँग वार्ता गर्न आनाकानी गर्ने तर नागरिक समाज, संचार क्षेत्र, मानवअधिकारकर्मी र राजनीतिक पार्टीलाई खुशी पार्न चाहिँ वार्ता गर्ने रूचि देखाउनुको अर्थ के हुन्छ र ?*

- यो विषयको महत्वलाई हामीले न्यून गरेर हेर्न मिल्दैन । किनभने राज्य र माओवादीबीच वार्ता गर्नुपर्छ र त्यसलाई सफल पारेर शान्ति स्थापित गर्नुपर्छ भन्ने कुरा राज्यलाई अग्रगामी निकासमा सहमत गराउने पक्षसँग सम्बन्धित छ । अहिले सेनालाई पकडमा लिएर बसेका राजा अग्रगामी निकासमा बाधक देखिएको अवस्था छ । तसर्थ, अग्रगमनको पक्षमा रहेका सम्पूर्ण शक्तिहरू सबैले राजालाई दबाब दिएर अग्रगामी निकास गर्न बाध्य पार्नुपर्‍यो । त्यसका लागि राजनीतिक दल, नागरिक समाज आदिसँग वार्ता गर्नुको ठूलो महत्व छ । माओवादी र राजनीतिक दलहरू, नागरिक समाज तथा नेपाली जनताका विविध तह र तप्काबीचको अन्तर्क्रिया, सहकार्य र दबाबले मात्र राजालाई पनि अग्रगामी निकासमा आउन बाध्य पार्नेछ ।

*० भारतले एकतर्फीरूपमा लक्ष्मणपुर बाँध निर्माण गरेको बेलादेखिको मौनता यसपाली माओवादीले भंग गरेको छ । यस्तो निष्कर्षमा पुग्नुको कारण के होला ?*

- अहिले माओवादीले जुन निष्कर्ष निकालेको छ, यो सही छ भन्ने हामीलाई लाग्छ । किनभने नेपाली समाजको प्रजातान्त्रिकरण गर्ने र नेपाल राष्ट्रलाई पूर्ण स्वाधिन बनाउने प्रक्रियामा सबभन्दा ठूलो बाधक बाह्यरूपले भारतीय विस्तारवाद नै हो । त्यसकारण भारतीय विस्तारवादको भूमिकालाई ठीक ढंगले परिभाषित गर्ने र आक्रामक ढंगले प्रस्तुत भई त्यसको भण्डाफोर गर्ने निर्णय माओवादीले गरेको छ । माओवादीले हिजो अन्तर्विरोधहरूमा विभिन्न ढंगले खेल्नको लागि विभिन्न बेलामा मौनता वा आक्रमणमा नरमपनको निर्णय गरेको देखिन्छ, जनसुकै कारणले होस्, त्यसले विचलन ल्याउने वा व्यवहारवादमा फस्ने खतरा हुन्थ्यो, जसप्रति हामीले शुरूमै सचेत गराएका थियौं ।

*० भारतलाई निकासको प्रमुख बाधक भनेर उनीहरूले प्रधान अन्तर्विरोधको सम्बन्धमा नै नयाँ निष्कर्ष निकालेको जस्तो लाग्दैन ?*

- प्रधान अन्तर्विरोधको बारेमा त उहाँहरूले अहिले पनि विश्लेषण परिवर्तन गर्न सक्नुभएको छैन । भारतलाई प्रमुख बाधक भनिएको भए पनि त्यसलाई उहाँहरूकै तर्फबाट अन्तर्विरोधको रूपमा परिभाषित गरिसकिएको छैन ।

*० माओवादी जनयुद्ध उग्रवामपन्थी भड्काव हो भन्नुहुन्न ?*

- मैले भनिहालें- यसको वस्तुगत र आत्मगत दुईवटा कारण छन् । यी दुईवटालाई अलग गरेर हेर्न मिल्दैन । हामी मार्क्सवादीहरू हौं-वस्तुगत कारण नै प्रधान हुन्छ । वस्तुगत कारणकै जगमा माओवादी जनयुद्ध अगाडि बढेको हो । तर आत्मगत पक्ष भनेको माओवादीको चिन्तन र राजनीति, जसलाई उग्रवामपन्थी भनिएको छ, त्यो हो । चिन्तन, राजनीति र आत्मगत पक्षमा रहेको गलत विश्लेषणले यसमा भूमिका खेलेको छ । तर मूलपक्ष वस्तुगत कारण नै हो ।

*० माओवादी जनयुद्धलाई व्यवहारको कसीमा कसरी हेर्नुभएको छ ? बर्बर र ज्यादती निकै बढ्दै गरेको अवस्था भए पनि माओवादीको आलोचनाका स्वरहरू त बन्द भइरहेको अवस्था छ, किन होला ?*

- यसमा विविध कारणहरूले भूमिका खेलेका छन् । खासगरी विभिन्न शक्तिले आ-आफ्नो कोणबाट विश्लेषण गरेका छन् र आ-आफ्नो ढंगले भूमिका निर्वाह गरिरहेका छन् । प्रतिक्रियावादी शक्तिहरू आफूले देश र जनताको विरूद्ध गरेका क्रियाकलापको कारणले बोल्न नसक्ने स्थितिमा छन् । उनीहरू माओवादीका गलत क्रियाकलापहरूप्रति समेत नैतिकरूपले बोल्ने साहस गर्न सक्दैनन् वा भयको कारणले बोल्न सकिरहेको अवस्था छैन । अवसरवादी शक्तिहरूका पनि आ-आफ्ना सीमा र कमजोरी हुनसक्छन् । जहाँसम्म हाम्रो पार्टीको कुरा हो, हामीले पथप्रदर्शक सिद्धान्त, राजनीतिक कार्यदिशा, तात्कालिक कार्यनीति, तात्कालिक राजनीतिक आचरण र व्यवहारको प्रश्नमा माओवादीका गलत क्रियाकलापको विरूद्ध दृढतापूर्वक आवाज उठाएका छौं र संघर्ष गरेका छौं ।

*० माओवादीका ज्यादतीको विरोध उनीहरूलाई सच्याउनका लागि पनि गर्नैपर्छ ?*

- निश्चितरूपमा। हाम्रो पार्टी एकता केन्द्र-मसाल बन्नुभन्दा अगाडि तत्कालीन नेकपा (एकता केन्द्र)को ०५८ भदौमा बसेको बैठकले माओवादीको व्यवहारमा देखापरेको मुख्य समस्या सामाजिक फासिवादी तथा सैन्यवादी रूझान हो भन्ने ठेगान गरेको थियो। तत्पश्चात् हामीले लगातार त्यसखालको प्रवृत्ति र व्यवहारका विरूद्ध संघर्ष गर्दै आएका छौं। यसरी संघर्ष नगर्ने हो भने न त माओवादीलाई सच्याउन सकिन्छ, न जनता र आफ्ना कार्यकर्ताको प्रतिरक्षा गर्न सम्भव हुन्छ, न अग्रगामी निकासको लागि आवश्यक सुदृढ एकताको प्रक्रियालाई नै अघि बढाउन सकिन्छ, न त संकट समाधानको प्रक्रियालाई नजिक ल्याउन सम्भव हुन्छ। तसर्थ, उनीहरूको गलत व्यवहारका विरूद्ध दृढतापूर्वक संघर्ष गर्नैपर्छ।

◆

df]km;n

# मेरो स्मृतिमा उदयपुरको कम्युनिष्ट आन्दोलन

**' राममणि पोखरेल**

**यो** जिल्ला पूर्वी नेपालको भित्री मधेशमा पर्दछ। यसले-

१. लगभग ९ अन्य जिल्लालाई छोएको छ। निरंकुश राणा शासनको विरूद्ध उठेको २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा यहाँका जनताले सक्रियरूपमा भाग लिएका थिए। २०१५ सालको प्रथम आमनिर्वाचनमा यहाँ आठवटा प्रजातान्त्रिक पार्टीहरूले भाग लिएका थिए। तर दुर्भाग्य त्यसभित्र कम्युनिष्ट पार्टीको सहभागिता थिएन। पार्टी स्थापनाको ९ वर्षपछि, अनेकौं संघर्ष संचालनमा अगुवाई गर्दा पनि यस जिल्लामा पार्टी सम्पर्क हुन नसक्नुमा त्यसबेला पार्टी नेतृत्वमा पुग्ने नेताहरूको कमजोरी हो भन्ने कार्यकर्ताको ठहर छ।

२. २०२२ सालमा अध्ययनको सिलसिलामा दरभंगा आएका उदयपुरको ठोक्सिला गाविसका भीमप्रसाद सेढाईं प्रथम पटक पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठलाई भेट्न पुग्छन्। पार्टीका केही पुराना दस्तावेजहरू हात पारे पनि, विभाजित मनस्थितिका कारण कमरेड सेढाईंमा खास उत्साह देखा पर्दैन। पञ्चायतको निरंकुशताले थिचिएका र सम्पर्क अवस्थामा नै विभाजनको कथा र व्यथा सुनेर उनी राजनीतिमा सक्रिय हुन सकेनन्।

३. ०२५ साल चैतमा धरानमा नर्मल तालिम पूरा गरी घर फर्कने क्रममा ०२५ साल जेठमा गोरखपुरमा पुष्पलालद्वारा बोलाइएको एकता सम्मेलन अथवा विस्तारित बैठकमा वितरित पर्चा, विराटनगरमा मनमोहन अधिकारीको फेला पारी उदयपुरको कटारीबजारमा प्रथमपटक राममणि पोखरेलले वितरण गरेको कुरा जिल्ला कमिटीको प्रथम जिल्ला अधिवेशनले पारित गरेको प्रतिवेदनमा उल्लेख। पोखरेल भनाइ।

४. ०२६ सालको अन्त्यतिर भीम सेढाईंको दोस्रोपल्ट पुष्पलालसँग भेट। उहाँसँग सल्लाहपछि सोही साल बेलटारमा पार्टी सेल कमिटीको गठन। पछि त्यही सेल कमिटीलाई जिल्ला कमिटीको नाम दिएर पुनर्गठन गरिएको।

५. सिरहा जिल्लाका किसान नेता जयगोविन्द साहको घरमा मणिलाल राई र राममणि पोखरेल सम्पर्क भएको। ०२८ साल जेठमा उदयपुर जिल्लामा जिल्ला संगठन कमिटी गठनका लागि प्रयत्न। आनन्दबहादुर क्षेत्रीका नामबाट लिखित गद्दार पुष्पलाल र मसाल नामका केही कम्युनिष्ट बुलेटिनको जिल्लामा वितरण। राममणि पोखरेल, पूर्णबहादुर खत्री र मणिलाल राईसमेतको कटारी बजारमा भेटघाट, छलफल र जिल्ला संगठन कमिटी गठनको प्रारम्भ। त्यहीबीच ऋषिराज देवकेटासँग राममणि पोखरेलको सम्पर्क। मोहनविक्रम सिंहको नेतृत्वमा चौथो महाधिवेशन गरिने विचारको प्रचार र संगठन विस्तार प्रारम्भ।

६. जिल्लाको पूर्वी भागमा गठित कमिटीको विस्तार। पुष्पलालद्वारा प्रतिपादित कार्यदिशामा कमिटी दृढ। कम्युनिष्ट दर्शनको प्रचार प्रारम्भ। मोही र सुकुम्वासी समस्या चर्काउन कार्यकर्ताहरू भीम सेढाईं, मणिराज पौडेल, हरि राउत र गोवर्धन तामाङ सक्रिय।

७. झापा आन्दोलनको विस्तारको क्रम मुकुन्द न्यौपानेको सिरहाका मणिलाल राईसँग सम्पर्क। मणिलाल झापा संघर्षबाट कन्भिन्स। मोहनविक्रम निकट जयगोविन्द साहसँग मणिलालको राजनीतिक फुट र सम्बन्ध विच्छेद। उदयपुर बडउराका पूर्णबहादुर, ऋषिराज देवकोटाका कारण चौथो महाधिवेशन नजिक र रूपाटारका राममणि पोखरेल, मणिलाल मार्फत् झापा आन्दोलन निकट थिए।

८. अखिल नेपाल कम्युनिष्ट क्रान्तिकारी को-अर्डिनेशन कमिटी (माले) का एकजना संस्थापक सदस्य मणिलाल राईको नेतृत्वमा सगरमाथा कोअर्डिनेशन कमिटी (माले) २०३२ साल असार २७ गते सिरहाको धनगढी उत्तर गुणीटोलमा गठन गरियो। उदयपुर जिल्लाको तर्फबाट त्यस कमिटीमा राममणि पोखरेललाई सामेल गरियो। त्यही समयमा बसाल गाविसका श्रीमान थुलुङ, विराटनगर जुट मिल्स इलाकाबाट कोअर्डिनेशन कमिटीद्वारा प्रकाशित पर्चा र वर्गसंघर्ष एकबाट पुष्पलाल समूहमा क्षयीकरण प्रारम्भ भयो। पद्म राई, उद्योग राई, थुसुङ घिसिङ कोकेको लाइनको खोज गर्न थाले।

९. अञ्चल कोअर्डिनेशन कमिटी (माले)मा सामेल भएपछि ०३२ सालको प्रारम्भमा जनकपुरधाममा विनोद घिमिरे, कटारीबजारमा भूमिगतरूपमा कार्यरत भए। तर आश्रयस्थल गतिलो नभएकाले उनी एक सप्ताहपछि फर्केर सिरहा गए। त्यसको

केही समयपछि शिक्षण पेशाबाट बिदा लिएर राममणि पोखरेल भूमिगत भए। त्यसको ९ महिनापछि बेदप्रसाद पोखरेल र राधा तिम्सिना पनि भूमिगत भएर पार्टी काममा लागे।

१०. त्रियुगाका लक्ष्मीनारायण चौधरी बी.एड. उत्तीर्ण गरेपछि कामको खोजीमा इलाम पुगेर एउटा माविमा कार्यरत थिए। त्यहीं झलनाथ खनालसँग सम्पर्क भई कम्युनिष्ट दर्शनबाट प्रभावित भए। कोअर्डिनेशनको केही प्रकाशन लिंदै दशैं मान्न घर आउँदा त्यस क्षेत्रका आफ्ना निकट व्यक्तिहरूलाई वितरण गरे। अनन्त दनुवार, मानबहादुर र लालबहादुर दनुवारलाई सम्पर्कमा ल्याए।

११. गौरबहादुर देवकोटा, ऋषि तिम्सिना, चुडामणि खड्का, उपेन्द्र पोखरेल, थीरप्रसाद पोखरेल र शारदा भट्टराईको एउटा सक्रिय दल बन्यो रूपाटारमा। रिस्कुमा बेदप्रसाद पोखरेल, चक्रबहादुर राई र झापाबाट आएका तेजबहादुर कुँवरको एक इलाका पार्टी कमिटी बन्यो। माधव डोटेल काण्डमा मुछिएका पारवीर विश्वकर्मा पनि त्यही रिस्कुमा गएर गोप्य आश्रयमा बसें।

१२. उता चौथो महाधिवेशनका केन्द्रीय सदस्य ऋषिराज देवकोटा, हदैनीका तेजबहादुर राउत र पूर्णबहादुर खत्रीकोमा बस्तथे। कटारीबाट सर्लाही बसाई गएर उतैबाट कम्युनिष्ट आन्दोलनको नजिक भएका सुग्रीव थापा (चीरञ्जीवी) प्रकाशबहादुर काण्डपछि निस्क्रिय भए। ०३३ साल फागुनमा नेकपा चौथो महाधिवेशनका साथीहरूले जिल्लाका १४ वटा स्थानमा एकैदिन पोस्टर र पर्चा छरेका थिए।

१३. पुष्पलाल समूह केही नयाँ स्थानमा विस्तारित भयो भने केही पुराना सम्पर्कित साथीहरू अर्को नयाँ समूहमा सामेल भए।

१४. ०३४ साल मंसिरमा राममणि पोखरेल, बेदप्रसाद पोखरेल, राधा तिम्सिना गिरफ्तार भएर राजकाज मुद्दामा जेल हालिए। ९ महिनापछि राधा तिम्सिना छुटिन्। ११ महिनापछि बेदप्रसाद छुटे। २१ महिनापछि राममणि पोखरेल जेलबाट रिहा गरिए। तेजबहादुर कुँवर-झापा फर्के। ऋषिराम तिम्सिना र चक्रबहादुर राई थानामा २/४ दिन बसेर कागज गरेर छुटे। उपेन्द्र पोखरेल, वीरप्रसाद पोखरेल, शारदा भट्टराई, गौरबहादुर देवकोटा निस्क्रिय भए।

१५. सबै समूहगत रूपमा रहेका कम्युनिष्टहरूको सहभागिताका कारण ०३६ सालको जनमत संग्रहमा बहुदलीय पक्षको जीत यस जिल्लामा अत्याधिक भयो। जनमत संग्रहमा अन्य कम्युनिष्ट समूहको अनुपातमा पुष्पलाल समूहको अग्रणी भूमिका रह्यो। यसको मूल कारण जनमत संग्रहमा भाग लिन मनमोहन अधिकारीद्वारा राखिएका पाँच पूर्वशर्तको प्रचार प्रभावकारीरूपमा भएको थियो।

१६. ०३६ सालपछि बेदप्रसाद अध्ययन गर्न राजविराज बसें। राधा तिम्सिनाको परिवार हिमालीबास बसाईं सरे। उपेन्द्र पोखरेल राई गाविस रौतहटबाट बसाईं सरे। चक्रबहादुर, गौरबहादुर देवकोटा निस्क्रिय बने। नरेन्द्र पोखरेल र सरोज धिताल भूमिगतरूपमा उदयपुरमा काममा रहनुभयो।

१७. ०३८ साल मंसिरमा कमरेड ईश्वर पोखरेलले राममणि पोखरेलको घर रूपाटारमा बसेर सिन्धुलीका रसबहादुर कार्की, हदैनीका तेजबहादुर राउतलाई नेकपा (माले)मा प्रवेश गराउनुभयो। त्यही समयमा गौरबहादुर देवकोटा, चुडामणि खड्का, शारदा भट्टराईको एक सक्रिय दल बन्यो। कमिटीमा लिलबहादुर राउत र भीमकुमारी राउतको घर सम्पर्क थलो बन्यो। उता पूर्वी भागमा भने नेकपा (माले)को विस्तार व्यापक भएको थियो। पार्टी सक्रिय दल बनेको थियो। त्यही मंसिर महिनाको अन्त्यतिर अनेरास्ववियुको सम्मेलन गरियो-राती देउटीमा भूमिगत ढाँचामा। बासु थापा र एकजना अर्को विद्यार्थी साथी गिरफ्तार भए। विदुर राउत फरार हुनुभयो। लालबहादुर दनुवार र राममणि पोखरेललाई एकदिन थानामा राखेर तारेखमा छाडियो। त्यही समयमा उदयपुर गढी मा.वि.मा अध्ययनरत विद्यार्थी बोधकुमार घिमिरे, दानबहादुर बुढाथोकी, महानन्द तिम्सिना, विष्णु खड्कालाई समातेर ल्याएर थानामा राखियो। उनीहरूलाई दुईदिनपछि छोडिएको थियो।

१८. ०४२ सालको नेपाली कांग्रेस र अन्य केही पार्टीको सत्याग्रह आन्दोलनमा राममणि पोखरेललाई दुई दिन प्रहरी थानमा राखियो। राजविराजमा सगरमाथा सन्देशमा कार्यरत रहँदारहँदै विदामा घर जाँदा उहाँलाई थुनिएको थियो। कुनै मुद्दा लगाइएन।

१९. ०३८ सालमा पञ्चायतले प्रथम पटक गरेको बालिग मतको रापंसको निर्वाचनमा विरोधी तह लगाउने क्रममा लक्ष्मीनारायण चौधरीलाई बिना मुद्दा २१ दिन जति राजविराज ल्याएर थुनाइयो। चौधरीलाई थुनाउन स्थानीय प्रशासनलाई हरिबहादुर बस्नेतको इशारा थियो भन्ने कुरा जिल्लामा व्याप्त थियो।

२०. चौथो महाधिवेशन समूह संगठन विस्तारमा सेलाउँदै गयो भने नेकपा (मार्क्सवादी) र नेकपा (माले)को संगठन विस्तारमा व्यापकता देखियो। प्रशासनको निगरानी पनि प्रशस्त बढेको थियो।

२१. २०४३ सालमा भएको रापंसको निर्वाचनमा जनपक्षीय उम्मेद्वार भनेर नेकपा (माले)का तर्फबाट लक्ष्मीनारायण चौधरीलाई उठाइयो। नेकपा (माले) बाहेकका अन्य कम्युनिष्ट समूहले सहयोग गरेनन्। तर पनि मतदानमा कर्मचारी र प्रशासनको अनेकौं धाँधलीका बाबजुद पनि लक्ष्मीनारायणले दोस्रो स्थान हासिल गरेका थिए। तर पञ्चायती निरंकुश शासकहरूलाई यो दोस्रो स्थान सैह्य नभएपछि लक्ष्मीका ४३ मत रद्दीको टोकरीमा हालेर तेस्रो स्थान पारिइयो।

२२. ०४६ साल माघ २ गते संयुक्त वाममोर्चा बन्यो। माघ ५ गते भारतीय नेता चन्द्रशेखरको भाषण काठमाडौंमा भयो। यसमा सहभागी हुन लक्ष्मीनारायण चौधरी, राममणि पोखरेल र श्रीबहादुर खड्का काठमाडौं पुगे। काठमाडौंबाट एक भारी पर्चा-पोष्टर बोकेर जिल्लामा पुग्ने आन्दोलनलाई चर्काउने उपलब्धिमूलक कार्य थिए। ऐतिहासिक संयुक्त जनआन्दोलन प्रारम्भ हुने बित्तिकै, कार्यशैलीमा देखिएको कमजोरीकै कारण लक्ष्मीनारायण, मणिराज पौडेल, विदुर राउत, मोहन कार्की, दीर्घलाल चौधरी, बैकुण्ठनाथ दाहाल, श्रीबहादुर खड्का, चन्द्रनारायण चौधरीहरू र केही नेकांका साथीहरू गिरफ्तार गरिए। यति धेरै योद्धाहरूको गिरफ्तारीका बाबजुद पनि जिल्लामा प्रशस्त पर्चा, पोष्टर वितरण गरिएका थिए। गिरीधारी मैनाली, किरण राई, सुशीला श्रेष्ठ र अन्य केही साथीहरू भूमिगत हिसाबले काममा लागेका थिए। राममणि पोखरेल, लालबहादुर दनुवार, भेषराज राउत, पद्मराज राई, तेजबहादुर र हरि राउत खुल्ला पार्टीको प्रचार आन्दोलनमा देखिएका थिए। गम्भीरबहादुर कार्की, मुकुन्द आचार्य आन्दोलनको विजयपश्चात् जेलबाट छुट्नेहरूलाई चैत २६ गते प्रथम बहुदलीय आमसभामा सम्मान गरियो र पाँचवटा आमसभा संयुक्तरूपमा गरिएका थिए। गाइघाट देउरी, हडिया, बेल्टार र कटारी नेपालटार आदि स्थानमा।

२३. ०४७ साउनमा तीनवटा वामघटक मिली संयुक्त वाममोर्चा बन्यो । जसमा राममणि पोखरेल, लक्ष्मीनारायण चौधरी, विदुर राउत, शम्भु गुप्ता, मोहन कार्की र श्रीबहादुर खड्का थिए । यस कमिटीले दुईटा आमसभा र एउटा संविधानसम्बन्धी विचार गोष्ठी गऱ्यो । यसैबीच नेकपा (संयुक्त)को एउटा गाईघाटमा आमसभा गरियो । नेकपा (मार्क्सवादी)को बेलटारमा अमसभा भयो । नेकपा (माले)को एउटा आमसभा गाइघाटमा भयो । कटारी बजारमा जनमोर्चा र नेकपा (मार्क्सवादी) र नेकपा (माले)को सभा भयो । संविधान निर्माणका लागि मत संकलन गर्न कम्युनिष्ट नेता निर्मल लामा जाँदा ठूलो स्वागत र जनसहभागिता भएको थियो ।

२४. ०४७ साल पुस २२ गते नेकपा (माले) र नेकपा मार्क्सवादी विधिपूर्वक एकीकरण भएपछि माघ २८ गतेका दिन जिल्लामा भीमप्रसाद सेढाईं र युवराज कार्कीको उपस्थितिमा एकीकृत ३१ सदस्यीय जिल्ला कमिटी निर्माण भयो । तत्काल कामचलाउ कावा सचिवमा मणिराज पौडेललाई बनाइयो ।

२५. दोस्रो बैठकपछि कुनै राजनैतिक विवादबिना मात्र व्यक्तिको उम्मेदवारीको निहुँमा भीमप्रसाद सेढाईंलगायत पूर्व मार्क्सवादी समूहबाट एकीकरण भएका साथी विद्रोह गरेर हिंड्नुभयो । दुई क्षेत्रमा विभाजित जिल्लामा एक नम्बर क्षेत्रबाट लक्ष्मीनारायण चौधरी र दुई नम्बरबाट भीम सेढाईंलाई उम्मेदवारी दिएको थियो । विद्रोही समूहको भीम सेढाईंलाई एक नम्बर क्षेत्रबाट माननीयको उम्मेदवारी दिइएको थियो ।

२६. ०४८ सालको निर्वाचनमा विष्णुबहादुर राउत र लक्ष्मीनारायण चौधरी जनताको बहुमतले नेकपा (एमाले)को तर्फबाट विजय हुनुभयो ।

२७. आमनिर्वाचनको लगत्तै केही जिल्ला कमिटीको सदस्यको उपस्थितिमा क. विष्णु राउतको पहलमा किरण राईलाई सचिव बनाइयो । तर विधानको वैधानिक नियम नपुगेको, कमिटीको पूर्ण उपस्थिति नभएकोले पछि अञ्चल इन्चार्ज युवराज कार्कीको उपस्थितिमा कमिटीको पूर्ण बैठकले राममणि पोखरेललाई सचिव बनायो ।

२८. ०४८ साल पुसमा जिल्लाका ११२ जना पार्टी सदस्यको उपस्थितिमा प्रथम जिल्ला अधिवेशन आयोजना गरियो । पार्टी अध्यक्ष मनमोहन अधिकारीले उक्त प्रथम अधिवेशनको उद्घाटन गर्नुभएको थियो । समापन समारोहमा स्थायी कमिटी सदस्य चन्द्रप्रकाश मैनालीको उपस्थिति थियो । राममणि पोखरेलको नेतृत्वमा १७ सदस्यीय जिल्ला कमिटी बन्यो ।

२९. ०४९ सालको स्थानीय निकायको निर्वाचनमा पार्टीले सक्रियरूपमा भाग लियो । यसैबीच ३३ वटा गाउँ पार्टी कमिटी र तीनवटा इलाका पार्टी कमिटी बने । इलाका नं. १० र ४ मा इलाका अधिवेशन सम्पन्न भए ।

३०. ०४९ सालको पाँचौं महाधिवेशनमा जिल्लाबाट निम्न व्यक्तिहरूको सहभागिता रह्यो । राममणि पोखरेल, श्रीमान थुलुङ, तेजबहादुर राउत, मोहन कार्की, दिलबहादुर तामाङ, भीमकुमारी राउत ।

३१. पाँचौं महाधिवेशनले निर्धारित गरेका कार्यदिशा कार्यकर्तासमक्ष पुऱ्याउन ०५० साल असोजमा बृहत् कार्यकर्ता भेला बोलाइयो ।

३२. ०५१ साल जेठ महिनामा पार्टीको दोस्रो जिल्ला अधिवेशन आयोजना गरियो । मोदनाथ प्रश्रित प्रमुख अतिथि हुनुभयो । मीनबहादुर ठकुरीको नेतृत्वमा १९ सदस्यीय जिल्ला कमिटी बन्यो ।

३३. ०५१ सालको मध्यावधि निर्वाचनमा पुनः लक्ष्मीनारायण चौधरी र विष्णुबहादुर राउत अत्याधिक मतले विजयी हुनुभयो ।

३४. ०५४ सालको स्थानीय निकायको निर्वाचनमा जिल्ला विकास समिति, नगरपालिका र बहुमत गाविस एमालेले कब्जा गऱ्यो ।

३५. ०५४ सालमा दुर्भाग्यबस पार्टी विभाजित भयो । त्यसले राष्ट्रिय राजनीतिमा नकारात्मक प्रभाव पाऱ्यो र कम्युनिष्ट आन्दोलनलाई ठूलो धक्का पुऱ्यायो । जिल्लामा यसको जबर्जस्त प्रभाव पऱ्यो । सचिव, उपसचिव र एकजना माननीय सदस्यसहित १९ जनाको जि.क.मा १२ जना विभाजनतिर लाग्नुभयो । पहिला विभाजनमा लाग्नुभएका मणिराज पौडेल र अन्य साथी नेकपा (एमाले)मा समाहित हुनुभयो ।

३६. ०५४ सालको छैटौं महाधिवेशनमा भेषराज राउत, गमेलाल राई, लालबहादुर दनुवार, विष्णुबहादुर राउत, बेदप्रसाद पोखरेल, कृष्ण के.सी., भीमकुमारी राउत सहभागी भएका थिए भने जगन्नाथ खतिवडा अन्य क्षेत्रबाट मनोनीत गरिएका थिए ।

३७. नेकपा (एमाले)को पुनर्गठित जिल्ला कमिटीमा मणिराज पौडेललगायत १३ जनाको जिल्ला कमिटी निर्माण गरियो । त्यही कमिटीले दुःखद् घटनालाई बिर्साउन विशेष मद्दत गऱ्यो ।

३८. ०५६ सालमा भएको प्रतिनिधिसभाको निर्वाचनमा विभाजनको बाबजुद पनि दुवै प्रतिनिधिसभाका सिटमा नेकपा (एमाले)का उम्मेदवार सुरेशकुमार कार्की र जगन्नाथ खतिवडा विजयी हुनुभयो ।

३९. ०५६ सालको वैशाखमा तेस्रो जिल्ला अधिवेशन सम्पन्न गरियो । विद्या भण्डारी र कृष्णगोपाल श्रेष्ठ प्रमुख अतिथि रहनुभएको थियो । मणिराज पौडेलको नेतृत्वमा १९ सदस्यीय जिल्ला कमिटी बन्यो ।

४०. ०५९ सालको प्रतिगमनपछि त्यस प्रतिगमनविरोधी आन्दोलनमा र केन्द्रले निर्देशित गरेका प्रत्येक कार्यक्रममा जिल्ला कमिटी सक्रिय रहँदै आएको छ ।

४१. ०५९ सालको सातौं महाधिवेशनमा निम्न कमरेडहरू सहभागी हुनुभएको थियो । राममणि पोखरेल, लक्ष्मीनारायण चौधरी, मणिराज पौडेल, शम्भु पोखरेल, प्रमेश घिमिरे र अम्बिका थापा ।

४२. ०५८ साल चैतमा नेकपा (एमाले) र मालेको जिल्ला कमिटी सौहाद्रपूर्ण वातावरणमा एकीकृत भयो ।

४३. ०६० साल वैशाखमा चौथो जिल्ला अधिवेशन सम्पन्न गरियो । मणिराज पौडेलको नेतृत्वमा २४ सदस्यीय जिल्ला कमिटीको गठन भयो ।

◆

# चे ग्वेभाराको सम्झनामा

' अग्निशिखा

पैंतालीस वर्ष अघि फिडेल क्यास्ट्रोद्वारा नेतृत्व गरिएको क्यूवाको नयाँ क्रान्तिकारी सरकारले अर्नेष्टो ग्वेभारा डेला सेर्नालाई क्यूवाली नागरिकता प्रदान गरेको थियो र क्यूवाली जनताले स-सम्मान ती मुक्तियोद्धालाई 'चे'को उपनाम दिएका थिए। अर्नेष्टो ग्वेभारा अर्जेन्टिनी थिए र अर्जेन्टिनी भाषामा 'चे' को अर्थ 'अभिवादन' हो। यसरी 'चे' नै विश्वविख्यात नाम बन्यो।

जब चे, महत्वपूर्ण सरकारी ओहोदा त्यागेर क्यूवाबाट बीचमा गायब भए र चेको ठौरठिकानाबारे अन्तर्राष्ट्रिय सञ्चार माध्यमले प्रश्न उठाए तब क्यास्ट्रोले भनेका थिए: 'जहाँ क्रान्तिको लागि आफ्नो महत्वपूर्ण उपयोगिता रहन्छ त्यहाँ नै चे' हुनेछन् अवश्य।'

त्यतिखेर चे कंगोमा 'तातु'को नाममा एकसय क्यूवाली स्वयंसेकका साथ रहेका थिए र त्यहाँको त्शोम्बे सत्ताविरूद्ध युद्धरत प्याट्रिस लुमुम्बाका अनुयायीहरूलाई सशस्त्र प्रशिक्षण दिंदै थिए। पछि, चे गेप्यरूपमा क्यूवा फर्किए र फेरि बोलिभियाको गुरिल्ला अभियानमा सामेल भए।

आजभन्दा सैंतीस वर्षअघि बोलिभियाको ला हिगेरामा एउटा स्कूलमा बन्द विख्यात गुरिल्ला नेता तथा मुक्ति योद्धा चे ग्वेभारालाई एकजना गुप्तचरले सोधेको थियो-"तिमी के सोचिरहेका छौ ?" र, वैरीको पंजामा परेका घाइते चे ग्वेभाराले जवाफ दिएका थिए-"म क्रान्तिको अमरत्वको बारेमा सोचिरहेको छु।" शायद, यही वाक्य चे ग्वेभाराको अन्तिम वाक्य थियो। यसर्थ कि, अमेरिकी साम्राज्यवादबाट सम्पूर्ण ल्याटिन अमेरिकालाई मुक्त पार्ने दृढतामा लडेका चे त्यसपछि मारिएका थिए। त्यो दिन थियो-९ अक्टोबर १९६७।

"जब सम्पूर्ण मानव जातिको भाग्य नै खतरामा परेको छ भने त्यस्तो अवस्थामा एउटा व्यक्ति वा राष्ट्रले भोग्नुपर्ने खतरा वा बलिदानको अर्थ नै के रहन्छ ?"

चेको लागि अमुक देशको सीमानाको कुनै अर्थ थिएन। सिंगो ल्याटिन अमेरिकी महादेश नै उनको आफ्नो देश थियो। त्यतिखेरको ल्याटिन अमेरिकी राजनीतिमा अमेरिकाको समर्थन प्राप्त तानाशाहहरूको दवदवा थियो र त्यसको प्रतिरोधमा वामपन्थी आन्दोलन पनि उभारमा थियो। एक अर्का देशबाट निर्वासित क्रान्तिकारीहरू कुनै पनि देशको आन्दोलनमा आफूलाई होम्ने गर्थे या त्यसप्रति ऐक्यबद्धता जनाउँथे। उनीहरूको लागि ल्याटिन अमेरिकाको कुनै पनि देशमा जनआन्दोलन सफल हुनुको अर्थ अमेरिकी साम्राज्यवादको पराजय थियो।

"पैसाको अभावमा आफ्ना विमार सन्तानको उपचारसमेत गर्न असमर्थ आमा-बाबुलाई मैले देखें। निरन्तरको भोक र सन्तापले मानवीय संवेदनालाई समेत गुमाएर क्रुर बन्न पुगेका ती बाबुलाई पनि देखें जो आफ्नो सन्तानको मृत्युलाई समेत निर्विकार रूपमा स्वीकार्थ्यो। र, मैले अनुभूत गरें एउटा प्रख्यात अनुसन्धाता बन्नु वा औषधि विज्ञानमा उल्लेखनीय योगदान दिनु जत्तिकै महत्वपूर्ण कुरा त्यस्ता व्यक्तिहरूको सहयोगको पक्षमा उभिनु पनि हो।

चिकित्सक बन्ने आकांक्षा बोकेका चे मानवीय संवेदनाका धनी थिए। सर्जनको उपाधि हासिल गरेर पनि मासिक आठसय डलरको जागीरलाई लत्याएर युवावस्थामै ल्याटिन अमेरिकाको प्रायःजसो सबै देशमा घुम्ने र कुष्ठरोगीहरूको उपचारमा डुबेर सम्बन्धित देशको राजनैतिक, सामाजिक, आर्थिक स्थिति अध्ययन गर्ने चेलाई आफ्ना साथी-संगाती र समाजबाट परित्यक्त कुष्ठरोगीहरूको अवस्थाले द्रवित पार्ने गर्थ्यो।

"असल क्रान्तिकारीको रूपमा हुर्क। सम्झिराख, महत्वपूर्ण कुरा भनेको क्रान्ति नै हो। एक्लो रूपमा हाम्रो कुनै अर्थ छैन। संसारका जुनसुकै भागमा जुनसुकै व्यक्तिमाथि भएको अन्याय किन नहोस्, त्यसले तिमीहरूलाई पनि घोचोस्। यो नै क्रान्तिकारीहरूमा रहेको सुन्दर गुण हो।"

आफ्ना सन्तान हिल्दिता, एलिडा, क्यामिलो, सिलिया र अर्नेष्टोलाई पठाएको अन्तिम पत्रमा चेले लेखेका थिए। चेका बाबु अर्जेन्टिनाका निरंकुश शासक पेरोंका विरोधी थिए र एउटा भूमिगत लडाकू संगठनसँग आबद्ध थिए। चेकी आमा सिलिया पेरों विरोधी प्रदर्शनमा भाग लिंदा दुईपटक गिरफ्तार भएर थुनामा परेकी थिइन् भने क्यूवाको मुक्ति पछि चे मारिनु चारवर्ष अघि मात्र क्यूवामा चेलाई भेटेर अर्जेन्टिनामा फर्कदा तेश्रो पटक गिरफ्तार भएर कैयौं हप्ता कारागारमा राखिएकी थिइन्।

"तिमीहरूका बाबुले सधैं आफ्नो विश्वास अनुसार कार्य गरेको थियो र निश्चित रूपमा आफ्नो आस्थाप्रति ऊ इमान्दार रहेको थियो।"

चेले आफ्ना छोराछोरीलाई लेखेका थिए। आस्था र विश्वासको त्यो परिवेशमा चेकी प्रारम्भिक कालकी साथीमा नेग्रीता थिइन्। नेग्रीता कम्युनिस्ट विचारधारा अंगालेका कवि सी. कोर्दोभा इतुरबुरूकी छोरी थिइन्। र, ती कवि चेका सानो बा थिए। यस बाहेक फाशिष्टहरूसँग लड्दा-लड्दै मरेका स्पेनी योद्धा फर्नान्डो बार्लालका छोरासँग पनि चेको मित्रता थियो। सम्बन्धको त्यो क्रममा ग्वाटेमालामा चेको भेट हिल्डासँग भएको थियो। हिल्डा पेरूकी निर्वासित क्रान्तिकारी थिइन्। चे र हिल्डाको वैवाहिक सम्बन्ध कायम भयो, छोरी हिल्दता जन्मी र जब चे सानो पानी जहाज "ग्रान्मा"मा सवार भएर क्यूवाको मुक्ति अभियानमा प्रस्थान गरे, हिल्डासँगको सम्बन्ध त्यहीं टुंगियो। छोरी हिल्दिता भने चेसँग रहिन् र क्यूवाली गुरिल्ला योद्धा एलिडासँग हिल्डाको सहमति अनुसार चेले दोश्रो वैवाहिक सम्बन्ध कायम गरेका थिए।

“क्रान्तिकारी राजनेताले साधुको जीवन बिताउनुपर्छ । आडम्बरहीन भएर बाँच । समाजवादमा पूँजीवादी वातावरण सिर्जना गर्ने प्रयास नगर ।”

चे भन्ने गर्थे । र, उनले आफू उदाहरण बनेर पनि देखाए । तानाशाही शासनबाट क्यूबाको मुक्तिपछि चे नेशनल बैंकको निर्देशक बने, मन्त्री बने, अनेकौं देशहरूको भ्रमण पनि गरे । तर, व्यक्तिगत सम्पत्तिको नाममा उनको एउटा धरो पनि थिएन ।

“म पराजित भएर घर फर्कने छैन । पराजय भन्दा बरू मृत्यु नै मलाई स्वीकार्य छ ।”

क्यूबाको मुक्तिले मात्र चे सन्तुष्ट भएनन् र बोलिभियालाई स्वेच्छाचारी शासन तथा साम्राज्यवादी पकडबाट मुक्त पार्ने सपना बोकेर उनी बोलिभियातर्फ लागे । मान-सम्मान र उच्च ओहोदाले पनि चेलाई रोक्न सकेन । आधिकारिक रूपमा नै उनले पार्टी नेतृत्व, मन्त्री र मेजर पदबाट राजीनामा दिनुका साथै क्यूबाको नागरिकता समेत त्यागे ।

“मेरो पराजयको अर्थ विजय अप्राप्य छ भन्ने होइन । एभरेष्टको शिखरमा पुग्ने प्रयास गर्दा कैयौं व्यक्तिले पराजय भोग्नुपरेको छ । र, पनि अन्तिम परिणाममा एभरेष्ट माथि विजय नै हासिल भएको छ ।”

पराजयबाट कहिल्यै निराश नहुने चेको भनाइ थियो । विजयप्रतिको यही विश्वासलाई सधैंको लागि मार्न सि.आई.ए. र निरंकुश शासनका चाकरहरूले घाइते अवस्थामा बन्दी बनाइएका चेमाथि कानूनी कारवाही चलाउने आँटसम्म नगरेर तत्कालै मारे । जस्तो कि पछि स्वयं अमेरिकाले नै अस्वीकार गऱ्यो-चेमाथि मुद्दा चलाउनुको अर्थ भूकम्प निम्त्याउनु थियो र यस्तो क्रान्तिकारीलाई अदालतको कठघरामा उभ्याउनु असम्भव नै थियो ।

“गोली हान् कायर ! तँ एउटा मान्छेलाई मार्दैछस् ।”- यो नै विश्वविख्यात क्रान्तिकारी चे ग्वेभाराको अन्तिम गर्जन थियो । ट्रकमा चे लगायत मारिएका गुरिल्लाहरूको शव कोचेर हवाइपट्टी पुऱ्याइएको थियो, गाडिएको थियो । तर, यो कुरा अट्ठाइस वर्षसम्म विश्वको जानकारीमा आएन ।

◆

◆ d'n's kl/ro

# प्रजातन्त्रको सही उपयोगको लडाईंमा माल्दिभ्स

’ भानुभक्त ढकाल

**भौगोलिक स्थिति**

विश्वको मानचित्रमा सुक्ष्मरूपमा हेर्दामात्र देखिने, ससाना टापुहरूको सिक्री आकृतिमा बाँधिएर बसेको माल्दिभ्स दक्षिण एसियाको एउटा सानो राष्ट्र हो । यो सानो मुलुकमा ११९० वटा टापु छन् । साना-साना टापुहरू मिलेर बनेको यस देशमा सबैभन्दा ठुलो टापु १३ वर्ग कि.मि. क्षेत्रफलको छ । यहाँका टापुहरू एक लाख वर्ष अगाडिदेखि समुद्र सतहमा अवस्थित रहेको भूगोलविद्हरू बताउँछन् । यहाँ सम्पूर्ण क्षेत्रफलको जम्मा दश प्रतिशतमात्र जमिन छ । टापुहरू नयाँ उदय हुने र लोप हुने क्रम पनि जारी नै छ । कुल २९८ वर्ग कि.मि.मा फैलिएको यो मुलुक संसारमा क्षेत्रफलको दृष्टिले १८४ औं स्थानमा पर्दछ र यस देशको कूल जनसंख्या २,८८,८०० छ, जुन विश्वमा १६९ औं स्थानमा पर्दछ । प्राकृतिक दृष्टिले २६ वटा क्षेत्र (एट्लास) मा विभाजित भए पनि प्रशासनिक हिसाबले यसलाई १९ वटा क्षेत्र (एट्लास)मा विभाजन गरिएको छ । यसको उत्तरी सिमाना ६०० कि.मी. टाढा भारतको दक्षिणी सिमानामा पर्दछ । दक्षिण-पश्चिम क्षेत्रमा श्रीलङ्का पर्दछन् । भारतीय महासागरको बीचमा ७६४ कि.मी. लम्बाई, १२९ कि.मी. चौडाईमा यो अवस्थित छ । समुद्रको सतहबाट २ मिटरको अग्लाइदेखि सुरू भएर सबैभन्दा उच्च पहाड ओइलिडजिलीको उचाई २४ मिटरको छ । देशको उत्तरी भागमा २५० से.मी. र दक्षिणमा ३८० से.मी. औसत पानी पर्ने यो मुलुकको सरदर तापक्रम २७ डिग्री सेल्सीयस छ । यसको राजधानी माले हो ।

**एतिहासिक पृष्ठभूमि**

१६ औं शताब्दीमा १५ वर्ष पोर्चुगलले शासन गरेको बाहेक,स्वतन्त्र राज्यको रूपमा यो देशको आफ्नै इतिहास छ । सन् १८८७ देखि १९६५ जुलाई २६ सम्म बेलायतले माल्दिभ्सलाई आफ्नो उपनिवेश बनाएको थियो । तत्कालीन सुल्तान (राजा) बाट १९६८, नोभेम्बर ११ मा यसलाई गणतन्त्रात्मक राज्यका रूपमा स्थापित गरियो । श्रीलंङ्काबाट गएका आर्यहरू इशापूर्व ५०० मा सर्वप्रथम त्यहाँ बसेको इतिहासले देखाउँछ । मुख्यगरी श्रीलंङ्का र दक्षिण भारतबाट बसाई-सराई गरी यी टापुहरूमा मानिसहरूको वसोबास भएको देखिन्छ । पछिल्लो अनुसन्धानले इशापूर्व १५०० वि.सी.मा नै माल्दिभ्सको टापुहरूमा मानिसको बसोबास गरेको थाहा भएको छ । सन् ९४७ मा अरेवियन यात्रुहरू त्यहाँ पुगेपछि यसको सम्बन्ध बाहिरी दुनियासँग बढ्न गयो । यहाँ मसला, नरिवल, माछाको सुकुटी र सिद्राजस्ता बस्तुहरू पाइने कारणले यसको व्यापारको सम्भावनालाई अन्तराष्ट्रिय जगतमा बढायो ।

अफ्रिका र चीनमा पैसाको रूपमा लिइने cowry shells (एक प्रकारको सिपी) यहाँ पाइन्थ्यो । बाहिरको सम्पर्कले यहाँका जनताको जीवनमा परिवर्तन ल्याउँदै गयो । सुरूमा यहाँ वुद्ध धर्मको प्रभाव थियो । अरब र पर्सियाका यात्रुहरूको बढी सम्पर्कले पछि मुस्लिम धर्मको प्रभाव पर्न गयो । ११५३ मा राजा कोइमालाको नाम बदलेर सुल्तान मोहमद विन अब्दुल राखियो । जो पहिलो सुल्तानका रूपमा मालेमा उदीयमान भए । सुल्तान काल्हु मोहमदले सर्वप्रथम माल्दिभ्समा कुटनैतिक सम्बन्ध स्थापित गर्न विदेशीलाई बोलाए । १६ औं शताब्दीमा पोर्चुगलले सत्ता चलाउनु अगाडि यो राष्ट्र समृद्ध थियो । दक्षिण भारतका राजाले मालेमा आक्रमण गर्दा त्यहाँको दरवार नष्ट भयो । यसपछि सुल्तान कहिल्यै फिरेनन् ।

राजधानीका बीचमा अवस्थित अति सुन्दर मुलि आगे (राष्ट्रपति भवन) १९१३ मा बनेको हो। यसको नजिकै १६५६ मा बनेको हुकुरूमिजिको ठुलो मस्जिद छ। मानिसहरू दिनको पाँचपटक प्रार्थना गर्न जाने मुनारू टावर १६७५ मा बनाइएको थियो । जलको बीचमा संसारबाट छुट्टै भएकोले पनि यिनीहरूको एकता, आपसी सद्भाव गाढा देखिन्छ। एउटै परिवारजस्तै भएर बस्ने भएकाले बाह्य नकारात्मक प्रभावबाट बच्दै यिनीहरूले आफ्नै मौलिक धर्म-संस्कृतिलाई कायम राखेका छन्। समुद्रको किनारामा मेरिन डाइभ नामको रमणीय ठाउँ छ, जहाँ बेलुका प्रार्थना सकिएपछि मानिसहरू मनोरञ्जनका लागि जान्छन्। मालेको पश्चिमी आफ्ना क्षेत्रमा ठुला-ठुला रूखहरू भएका स्थानमा आवास गृहहरू छन्। मालेको व्यस्त सडकका वरीपरी सरकारी कार्यालयहरू छन्। समुद्रको किनार, बन्दरगाह, पानीका फोहोराहरू र रेष्टुरेण्टहरूले राजधानी मालेलाई निकै आकर्षक, रमणीय बनाएको छ।

**प्रजातन्त्रको नाममा सर्वसत्तावाद**

सन् १९६८ देखि नै गणतन्त्रात्मक व्यवस्था अंगालेको मुलुक माल्दिभ्समा आज पनि जनताले प्रजातन्त्र र मानव अधिकारको कमै मात्र उपभोग गर्न पाएका छन्। संवैधानिक व्यवस्था अनुसार माल्दिभ्समा प्रत्येक पाँच बर्षमा राष्ट्रपतिको लागि प्रत्यक्ष बालिग मताधिकारका आधारमा निर्वाचनको माध्यमबाट जनताले आफ्नो नेता चुन्न पाउँछन्। त्यसैगरी, पाँच बर्षको लागि नै त्यहाँ संसदको लागि प्रत्यक्ष निर्वाचन गरिन्छ। यहाँको संसदलाई मजिल भनिन्छ। यसमा जम्मा ४८ जना सदस्य हुन्छन्। जसमध्ये ८ जनालाई राष्ट्रपतिले आफै मनोनित गर्दछन्।

टापु नै टापुहरूको देश माल्दिभ्समा नेपालमा जिल्ला भने झैं टापुहरूलाई एट्लासका रूपमा छुट्टाइन्छ। एट्लासहरूको सञ्चालनका लागि निर्वाचनद्वारा नै कमिटी छानिन्छ। त्यसै कमिटीले सम्बन्धित एट्लासमा नेतृत्व गर्दछ तर त्यो एट्लासको प्रमुखको नियुक्ती भने सरकार आफैले गर्दछ। यसरी, स्थानीय तहमा पनि मुख्य नियन्त्रण सरकारकै हातमा रहेको छ।

**सत्ताको प्यास र अनन्य पगरी**

माल्दिभ्समा विधानतः प्रजातान्त्रिक सरकार भए तापनि व्यवहारमा भने त्यहाँका जनताले निरंकुशतन्त्र भएका मुलुकभन्दा पनि कम प्रजातन्त्रको उपयोग गर्न पाएका छन्। संसारमै नभएको अचम्मको प्रजातन्त्र त यो छ की, राष्ट्रपतिले आफै ९ सदस्य मन्त्रीमण्डलको नियुक्ति गर्ने गर्दछन् र आफू नै देशको प्रधानमन्त्री बन्छन्। यतिले मात्र नपुगेर राष्ट्रपति स्वयम् नै देशको सशस्त्र बल र प्रहरीका प्रमुख, रक्षा तथा राष्ट्रिय सुरक्षामन्त्री, अर्थ तथा राज्यकोष मन्त्री, मुद्रा प्राधिकरणका गर्भनरसमेत बनेका छन्। देशको सर्वोच्च अदालतको प्रमुख न्यायाधीशको नियुक्ती गर्ने मात्र होइन कि उनले न्यायालयले गरेका निर्णयसमेत बदर गर्ने हैसियत राख्दछन्।

**पानी जहाजको मेनेजरदेखि राष्ट्रपतिसम्म**

सन् १९८५ मा सार्कको स्थापना कालदेखि हालसम्म निरन्तर राज्य प्रमुखका रूपमा रहेका एक मात्र व्यक्ति महमद अब्दुल गयुमको व्यक्तिगत जीवनी हेर्दा अचम्म लाग्दो छ। १९७१ मा सर्वप्रथम सरकारले महमद अब्दुल गयुमलाई समुद्री जहाज कम्पनीको म्यानेजरमा नियुक्त गरेको थियो। यसपछि, टेलिफोन अफिसको डाइरेक्टर, प्रधानमन्त्रीको कार्यालयमा विशेष सचिवालयको सदस्य, छिमेकी मित्रराष्ट्र श्रीलंकाको सहायक राजदुत, संयुक्त राष्ट्रसंघको स्थायी प्रतिनिधि, १९७७ मा सरकारको यातायात मन्त्री हुँदै १९७८ मा नागरिक मजिलको तर्फबाट राष्ट्रपतिको उम्मेद्वार भई राष्ट्रपतिको पदमा पुगेका थिए। गयुम सन् १९७८ देखि लगातार आजसम्म सो पदमा रहेर एसियाकै लामो समयसम्म पदमा रहेका एक मात्र व्यक्ति हुन्। यिनको शासनमा सञ्चारमा सरकारको पूर्ण नियन्त्रण, नातावाद र भ्रष्टाचार चरम चुलीमा पुगेको देखिन्छ। न्यायपालिका र व्यवस्थापिकामा कार्यपालिकाको हैकम, राष्ट्रिय सुरक्षा सेवामा दमन र क्रुरता, विपक्षी राजनीतिक पार्टीहरूमाथि प्रतिबन्ध र आफ्ना आलोचक र राजनीतिक विरोधीमाथिको दमन गयुमको शासनको पर्यायबाची नै बनेको आभाष हुन्छ।

**वर्तमान आन्दोलन र सरकारी रवैया**

२००४ को अगष्ट १३ मा प्रजातन्त्र पक्षधरको विरोधलाई छिन्नभिन्न बनाउन सुरक्षा बलले अश्रु ग्याँस र रबरका गोली प्रयोग गरेपछि स्थिति थप संकटमा पुग्यो। करिव ५ हजार प्रर्दशनकारीले प्रजातान्त्रिक अधिकार, गिरफ्तारमा परेका राजनीतिक बन्दीहरूको रिहाई र राष्ट्रपति र मन्त्रीको राजीनामाको माग गर्दै सडकमा प्रदर्शन गरे। यसरी प्रदर्शन गर्नेहरूमध्ये प्रभावशाली सदस्य सहित १८० जनालाई सरकारले गिरफ्तार गर्‍यो। गिरफ्तारीमा पर्नेहरूमा पूर्व महान्यायाधिवक्ता, ६ जना सांसदहरू, सार्कका भू.पू. महासचिवलगायतका व्यक्तिहरू थिए। प्रभावशाली कानुन व्यवसायी एवं मानव अधिकार आयोगका सदस्य हुस्नु अल सुदलाई उपचारका लागि बैंकक जान लागेका बेलामा विमानस्थलबाटै गिरफ्तार गरियो।

२००४ जुलाई १९ मा नयाँ सविधानसभाको पहिलो बैठकदेखि नै राजनीतिक स्थिति निरन्तर तातिरहेको छ। त्यो दिन कार्यकारी सभामुख तथा राष्ट्रपतिका भाइले नयाँ सभामुखको छनौट संविधानको धारा १३३ अन्तर्गत गोप्य मतदानबाट नगरेर हात उठाएर खुल्ला मतदान गराए। जसको कारण १४ जना सांसदले संसद बहिस्कार गरे। सरकार माथि अन्तर्राष्ट्रिय चासो र दवाब बढ्न थाल्यो। युरोपेली आयोगले आर्थिक नाकाबन्दीको घोषणा गर्‍यो। युरोपेली कुटनीतिज्ञहरूको आयोजनामा एउटा अनुसन्धान टोली थुनामा परेका ६ सांसद र मानव अधिकार आयोगका सदस्य र राजनीतिक नेता तथा कार्यकर्ताहरूको स्थिति बुझ्नका लागि माल्दिभ्स गयो तर सरकारले भने प्रजातान्त्रिक प्रकृयामा अरू मद्दत पुर्‍याउनका निम्ति टोलीलाई निमन्त्रणा गरेको भन्ने प्रचारमा ल्यायो। अगष्ट १७, २००४ मा राष्ट्रपतिद्वारा राष्ट्रिय संकटकाल लगाइएको थियो।

माल्दिभ्स सरकारलाई प्रजातान्त्रिक प्रक्रियामा आउन राष्ट्रिय आन्दोलन एवं अन्तर्राष्ट्रिय क्षेत्रको पनि दवाव परेको अनुभूत गर्न सकिन्छ। यही कारण सरकारले सुधारका लागि भनेर केही प्रस्ताव अघि सारेको छ। जस अनुसार, अब राष्ट्रपतिको निर्वाचन सिधै जनता वा मजिलले छानेका उम्मेद्वार मध्येबाट गर्ने, न्यायपालिकामा राष्ट्रपतिको अधिकार कटौति गर्ने, कुनै पनि व्यक्तिले पदमा जाने पटक तोक्ने, प्रधानमन्त्रीको कार्यालय स्थापना गर्ने, कानुनका आधारमा राजनीतिक पार्टीको निर्माण र यसका गतिविधि सञ्चालन गर्न दिने, आदि। गयुमले यी प्रस्ताव अघि सारे पनि राष्ट्रपतिको यो नयाँ षड्यन्त्रका रूपमा आम जनसमुदायले हेरेको पाईन्छ, किनकी अहिलेको संविधान लागू गर्न पनि गयुमलाई १७ वर्ष लागेको थियो।

**समाज र अर्थतन्त्र**

माल्दिभ्समा प्रायः जनताहरू सिंहाली मूलका छन्, जो आरम्भमा श्रीलंकाबाट आएका थिए। यसको अलाबा भारतको दक्षिणी क्षेत्र, अरब राष्ट्र, पूर्वी अफ्रिका तथा अन्य क्षेत्रबाट छिटफुट रूपमा आई आज यो देश मिश्रित जातिहरूको बसोबासको संगम थलो बनेको छ। प्रायः सबै माल्दिभियनहरू सुन्नी मुस्लीम छन्। यहाँ ८५६ प्रति बर्ग कि.मी. जनघनत्व छ भने ६७ प्रतिशत मानिसहरू ग्रामीण क्षेत्रमा र ३३ प्रतिशत मानिसहरू सहरमा बस्छन्। कूल जनसंख्याको ४८.५महिलाहरू रहेका छन्। यो देशका जनताको विशेष खालको बनावट छ। शारीरिक रूपमा प्रायः साना दारका देखिने यिनीहरूमा सामुहिक भावनामा कामगर्ने प्रवृत्ति देखिन्छ। परिवारका सदस्यबीचको कसिलो

सम्बन्ध जस्तै राष्ट्रवासीहरूमा समेत एकताको भावना पाइन्छ । अरूलाई आदर गर्ने, मान्यजन प्रति आदरभाव राख्ने माल्दिभीयनहरू विदेसी पाहुनाहरूलाई समेत यस्तै व्यवहार गर्दछन् । देशको कूल जनसंख्याको एक चौथाई जनता राजधानी मालेमा बसोबास गर्दछन् । उनीहरू पाहुनालाई नरिवलको चिसो पानी, स्वस्थ्यकर खानेकुरा र माछाका परिकारहरू खुवाउँछन् । उनीहरू एथेलेटिक्स, सामुहिक टिमबाट खेलिने खेल खेल्न रूचाउँछन् । पौडी, डाइभिङ, टेनिस, क्रिकेट र ब्याडमिन्टन जस्ता खेलहरू खेल्छन् । साथित्व र इमानदारितामा पोख्त उनीहरू मुस्लीम परम्परा अनुसार अरूलाई आदर गर्दछन् । क्षमतावान युवा महिलाहरू सरकारका निर्णायक स्थानमा बसेर जनता र राष्ट्रका लागि नथाकी काम गरिरहेका छन् । मस्जिदमा दिनमा पाँच पटक प्रार्थना गर्न जाने, चाडपर्बमा रमाइलो गर्ने र महिला-पुरूषहरू नाच गान गर्ने गर्दछन् । यहाँका जनताको प्रतिव्यक्ति आय रू.४९९३ (यु.एस.डलर ७०३.४) र विकास दर ६.२ प्रतिशत छ । राष्ट्रिय उत्पादनमा उद्योगको ५.८ प्रतिशत हिस्सा छ । १५ देखि ५९ वर्षसम्मको काम गर्न सक्ने दक्ष जनशक्ति ५०.०६ प्रतिशत छ । यहाँको जन्मदर ३.४ प्रतिशत छ । यसको मुद्रालाई रूफिया र लारि(सिक्का) भनिन्छ, जो १२.७२ प्रति युएस डलर हुन आउँछ ।

**भाषा र शिक्षा**

यो राष्ट्रको भाषा श्रीलंका, दक्षीण पूर्व एसिया, उत्तर भारतसंग मिल्ने मिश्रित खालको छ । यसको विषय-वस्तु अरवी, हिन्दी र अंग्रेजी जस्तै छ । सुरूमा बसोबाससंगै सिंहाली भाषा नै प्रचलनमा थियो । ११५३ देखि "धिवेही" राष्ट्रभाषाका रूपमा प्रचलित छ । यो दायाँबाट वायाँतिर लेखिन्छ । यस देशमा अकुरू र थानन लिपि प्रचलित छ । अरवी भाषासंग यो धेरै हदसम्म मेल खान्छ । "धिवेही" भाषा १९६५ देखि सरकारी कार्यालय तथा विद्यालयमा माध्यम भाषाको रूपमा राज्यभरी प्रयोग गरिन्छ ।

परम्परागत शिक्षा प्रणालीमा कियामेज, माकथाब र मदरसा महत्वपूर्ण छन् । साक्षरताको क्षमता बढाउनमा मदरसाको उल्लेख्य योगदान पाइन्छ । यो देशमा ९३ प्रतिशत मानिसहरू साक्षर छन् । धिबेही, अरवी र सामान्य गणितको पढाइ हुन्छ । अंग्रेजी माध्यममा पनि पढाईन्छ र यसमा लण्डनको ओ तथा ए लेभलको शिक्षा दिने व्यवस्था पनि छ । माछा उत्पादन विज्ञानको अध्ययन मा.वि. स्तरमा गराइन्छ । दक्ष शिक्षकहरूको अभावका कारण सरकारले शिक्षकहरूका लागि विशेष तालिमको व्यवस्था गर्ने गरेको छ ।

**धर्म**

माल्दिभ्सका सम्पूर्ण नागरिकहरूले इस्लाम धर्म मान्दछन् । मालेमा एउटा सुनौला छाना भएको अग्लो मस्जिद छ । यसले मानौं कि माले माथिको आकासै ढाकेको छ । हवाइ वा पानी दुवै जहाजबाट यो मस्जिद सबै भन्दा पहिला देखिन्छ । सुन्नी मुस्लिमहरू विश्वास गर्छन् कि त्यहाँ कुनै भगवान छैन तर अल्लाह छन् । सम्पूर्ण शक्तिशाली र सर्वोच्च भनेकै अल्लाह हुन् । मोहमद भनेका अल्लाहका हुलाकी मात्र हुन् । यो धर्मका पाँच पिलर छन् भन्ने मान्यताका आधारमा दिनमा पाँच पटक मस्जिदमा गएर प्रार्थना गर्ने गरिन्छ । यस देशको संविधान र कानुन पनि मूलतः मुस्लिम धर्मको परम्परा एवं विश्वासमै आधारित छन् ।

**कृषि तथा उद्योग**

उद्योगमा सबैभन्दा महत्वपुर्ण माछा उद्योग हो । यो सरकारको नियन्त्रणमा छ । यो देशको आम्दानीको मूल श्रोत नै माछा हो । माछा मूलरूपमा श्रीलंङ्का र जापानमा निर्यात गरिन्छ । पर्यटनबाट राष्ट्रिय आयको २० प्रतिशत आम्दानी हुन्छ । पानी जहाज सम्बन्धी उद्योगका साथै गेनटापुमा कपडाको दुईवटा ठुला-ठुला फ्याक्ट्रीहरू छन्, तिनमा सर्ट सिलाउने र स्वीटर बुन्ने गरिन्छ । व्यापारको दृष्टिले माले नै यसको प्रमुख केन्द्र हो । घरेलु बजारमा दक्ष तथा अर्ध दक्ष जनशक्तिको अभाव छ । कच्चा पदार्थ र यातायातको समस्या पनि काफी मात्रामा पाईन्छ । विदेशी लगानीलाई उच्च प्राथमिकता दिएर साझेदारीमा काम गर्ने परियोजना आरम्भ भएको छ ।

कृषि क्षेत्रमा यो मुलुक त्यति अगाडि छैन । मानिसहरू प्रायः आफैले उत्पादन गरेको मल प्रयोग गर्छन । बालि नालीका लागी यहाँ मनसुनमा नै भरपर्नु पर्दछ । यहाँ नरिवल प्रशस्त मात्रामा हुन्छ । मकै, कोदो, फापर, सलगम, काँको र सुठुनि जस्ता खाद्य एवं फलफूलहरू यहाँ हुने गर्दछन् । यहां धानको उत्पादन हुँदैन तर खानका लागि छिमेकी राष्ट्रबाट ल्याइन्छ ।

**विविध पक्ष**

संसारका अन्य मुलुकसंग जोड्न पानी जहाज भएपनि आफ्नै देशभित्र यातायातको भने अभाव छ । राजधानी मालेमा जम्मा ९.६ किलोमिटर राजमार्ग छ । सञ्चार र सुचनाको क्षेत्रमा भने राजधानी मालेमा टि.भि.का दुई वटा च्यानल छन् । रेडियोको दुईवटा स्टेसन छन् भने एफ.एम.को एउटा स्टेसन छ । अन्तर्राष्ट्रिय एयरपोर्ट एउटा र आन्तरिक एयरपोर्ट चार वटा छन् । यस्तैगरी एउटा समुद्री बन्दरगाह छ । राष्ट्रिय प्रहरी वलमा हाल ८१२२१ सुरक्षाकर्मीहरू सेवारत छन् । माल्दिभ्सको विदाको दिन र कार्यालय समय अरू देशहरूभन्दा भिन्न छ । यहाँ शुक्रबार र शनिबार सरकारी विदा हुन्छ । यहांको कार्यालय समय भनेको विहान ७.३० देखि दिनको २.३० बजेसम्म हो । यो देशको राष्ट्रिय वृक्ष नरिवल हो र राष्ट्रिय फुल गुलाबी गुलाब हो ।

**निष्कर्ष**

बाहिरिया हस्तक्षेप विरूद्ध लडेर आफ्नो स्वतन्त्र अस्तित्व बचाउन सफल रहेका माल्दिभीयनहरू अहिले आफ्नो मानव अधिकार र प्रजातन्त्रको लडाइमा संगठित अभियान सञ्चालन गर्न थालेका छन् । इस्लाम धर्मलाई भजाएर गयुमले गरेका अप्रजातान्त्रिक र निरंकुश गतिविधि प्रति राष्ट्रिय रूपमा आन्दोलनको ज्वाला दन्किन थालेको छ । मानव अधिकार आयोगका सदस्य, साँसदहरू तथा प्रजातान्त्रिक आन्दोलनका नेताहरूमाथि गरिएको धरपकड, दमन, गिरफ्तारी र यातनाका विरूद्ध राष्ट्रियरूपमा आन्दोलन सुदृढ बन्दै गएको छ । साथै, अन्तरार्ष्ट्रिय समुदायको व्यापक ध्यानाकर्षण भएको छ । प्रजातन्त्रको परिभाषालाई संकुचित पार्दै गयुमले प्रजातन्त्रका नाममा लादेको निरंकुशता, सर्वसत्तावाद र एकल नेतृत्वलाई माल्दिभियन जनताले बुझिसकेका छन् । माल्दिभ्सका जनताहरू प्रजातन्त्रको वास्तविक उपयोगको खातिर आन्दोलनमा होमिइसकेका छन् । माल्दिभियन डेमोक्रेटिक पार्टीले सञ्चालन गरेको अहिलेको आन्दोलन र जन समर्थनले जसरी गयुमलाई सुधारका कार्यक्रमको घोषणा गर्न, राष्ट्रमा तलव बढाउन, पार्टीहरू माथिको प्रतिबन्ध हटाउन र आफुले प्रयोग गर्दै आएका अधिकारहरू कटौति गर्न प्रस्ताव राख्न बाध्य बनाएको छ, यो आन्दोलनलाई अझ प्रभावकारी ढंगले सञ्चालन गर्ने र अन्तर्राष्ट्रिय समुदायले समेत उचित चासो राख्ने हो भने यहाँको प्रजातन्त्र, मानव अधिकार र सही अर्थमा जनताको सार्वभौम सत्ता प्राप्तिको लडाइमा छिटै सफलता प्राप्त हुने कुरामा विश्वास गर्न सकिन्छ ।

◆

# तुल्सीदास काका र क्रान्ति

' निरज आचार्य

**स** मय वर्षाऋतुको मध्यान्तर थियो। खेतीपातीको काम भर्खरै सकिएकोले झिना- मसिनाबाहेक कामको त्यति बोझ थिएन। गाउँघर प्रायः फुर्सदिला थिए। निरन्तरको झरीले साउने मूल फुटेर पानीको सतह बढिसकेको थियो। सानी भेरी खहरेझैं गडगडाहटको हुँकार दिँदै सिस्नेको काखबाट कुदेर रणघोषकासाथ ठूली भेरीमा छाँद हाल्न पुगेको थियो। ठूली भेरी आफ्नो सेखी प्रवल बनाउँदै सानी भेरीलाई पछार्दाको गुञ्जन साँच्चै निसारलाग्दो थियो। कालाबादलका मुश्लाहरू समुद्रबाट लकपकाउँदै माथितिर उठिरहेका थिए। विस्तारै त्यो गाउँ छोपिएर घमक्क बन्दै थियो। झ्याउँकिरी कञ्चन स्वरमा भाका हालेर गीत गाइरहेका थिए। छरछिमेक दिनभरिको झमेला सिध्याई आरामको लागि बासस्थानतिर छिरिसकेका थिए। तुल्सीदास काका कटेरोमा बाँधेको भैंसीलाई साँझको घाँस दिएर पिटौरीको डिलमा बसी गालामा हातको आड लगाएर झोक्रिरहेका थिए। सानी-ठूली भेरीको मिलनबाट सुसेलिएको एकोहोरो सुसहाटमा थापिइरहेका कान एक्कासी बुहारीकी बोलीमा केन्द्रित भए। तुल्सीदास काका भित्र पसे। अँगेनाको वरिपरि नाति-नातिनाहरू ढुनमुनिरहेका थिए। अँगेनापारीको मैन्होमा नाति-नातिनाहरूलाई ओछ्यानको व्यवस्था मिलाई अगाडि बसी काकाले खाना खाए। घरभरी धुवाँ थियो। अँगेनाको तापले काकाको जीउमा पसिना छुट्यो। छिटोछिटो दियालो सल्काई कक्कड र चिलम लिएर काका बाहिर बरन्डामा आइबसे। सुल्पा सल्काएर कक्कडको सर्को तानिरहेका तुल्सीदास काकाको कानमा कुलुलुलुको आवाज ठोकियो। काका झस्किए। किरिया लाउनु ! अलच्छिनी चरो ! यो लाटोकोसेरो मेरै घरअगाडि करायो। यसको बाजो राम्रो हुँदैन भनी तुल्सीदास काका मन चिसो पारिरहेका थिए। के पो हुने हो भन्ने आशंकामा मुटुको चाल बढिरहेको थियो। मुटु ढुक्‌ढुक् गरिरहेको थियो। काका एकोहोरो टोलाइरहेका थिए। गहुँको मन लिएर काका ओछ्यानमा पल्टिए। नानाथरी कुरा खेलाउँदै काका निदाए। निदाएको एकाध घण्टामै धुन्धुकार अँध्यारोमा सन्नाटा छाएको सुनसान वातावरणीय मौनता भंग भयो। पटटट-पटटट ठस्याऊँ ? डड्याम !! गोली चलेको, बन्दुक पड्केको आवाज गुञ्जियो। काकाको कानको पर्दा नराम्ररी खोलियो। सुतिरहेको सानो नाति काले बुबुई-क्या भयो ? भनेर कराउँदै तुल्सीदास काकाको शरीरमा टाँस्सिदै काखमा कोच्चियो। नडरा बाबु, यताकतै पुलिसले गोली चलाएका हुन्। आइजा भन्दै नातिलाई सुम्सुम्याए। रातभरि बस्तीमा कोलाहल भइ नै रह्यो। फायरिङ निरन्तर- ! मान्छेको भागाभाग दौडादौड बिचल्ली भयो। तुल्सीदास काका भने झ्यालढोका थुनेर घोप्टो परी टोलाइरहे। मनभरी अनौठो चिन्ता गरिरहे।

तुल्सीदास काका सामान्य साक्षर पनि थिए। आफ्नो उमेरमा देवासुर संग्राम, भूतप्रेतको कथा नामका पुस्तकहरू पढिसकेका थिए। जसको प्रभावले उनमा नयाँ चेतनाको उदय भएको थियो। पुरानो समाज, परम्परा, सांस्कृतिक ठाउँमा नयाँ नौला कुराको बिजारोपण गर्नुपर्छ भन्ने प्रगतिशील विचारका थिए। गाउँका भलाद्मीका नाउँले पुकारिने ठालु र चौकीका प्रहरीहरू उनलाई त्यति मन पराउँदैनथे। उनका दुई जवान छोराहरूलाई त्यस्तै विभिन्न बहानाका मुद्दाहरू थिए। उनीहरू गाउँमा लुकेर, आँखा छलेर बस्ने गर्थे। समयको बेगसँगै परिस्थिति पनि फेरिँदै जान्छ। समयक्रमले फन्को मार्दै जाँदा राज्यसत्ताका विरूद्ध सशस्त्र युद्धको कालो तुफानी हावा अन्धवेगका साथ पश्चिम नेपालबाटै चलिरहेको थियो। अब काकाका दुवै भाइ छोराले मुट्ठीभर मान्छेको चङ्गुलमा रहेको पुरानो सत्तालाई समूल नष्ट पार्दै नेपाली जनताको स्वर्णीम राज्य व्यवस्था स्थापना गर्ने सपना बुनी त्यही आँधीमा होमिने अठोट गरिसकेका थिए। यतिबेला दुवै भाइ युद्धमै समाहित भइसकेका थिए। तुल्सीदास काका चिन्ता गरिरहेका थिए कि युद्ध विभीषिकाभित्र होमिएका मेरा छोरा त केही भएनन् !!

बाहिरको ड्याङ्ग-डुङ्ग र कोलाहलले तुल्सीदास काकाको मनमा अत्यन्तै छट्पटी भइरहेको थियो। नाति काले चुपचाप ! चाउरिएका झण्डै आठ दशक पुराना आफ्ना बाजेको काखमा निसाल्टिएर सुतिरहेको थियो। बुहारीहरू भद्रा र शिलाका आँखामा पनि भय र त्रासका डरलाग्दा दृश्यहरू देखिन्थे। कहिले आफ्ना श्रीमान्‌हरू युद्ध विभीषिकाभित्र अर्धमुर्छित भएका पाउँथे त कहिले रक्तहीन भई ढलेका डरलाग्दा चित्रहरू देख्थे। अनि युद्ध उन्मादमा तिल्मिलाएका राज्यका सिपाही देख्थिन्। संवेदनाहीन हृदयलाई संवेदनाहीन बनाउन विवस बुहारीहरू अहँ पटक्कै निदाइनन्। झिम्झिम झरी र झन काला बादलको घुम्टोभित्रबाट विस्तारै उज्यालो उघ्रन्छ।

एकाबिहानै राज्यका बर्दिधारी सिपाहीहरू घरमा आइपुगे। ढक्-ढक् ढोका ढक्‌ढकियो। जबर्जस्ती खोल्न थालियो। भद्रा र शिला अक्मकाए। उठेर ढोका खोल्ने साहस उनीहरूमा आएन। तुल्सीदास काका खङ...खङ् ... खोक्दै ओछ्यानबाट उठे, ढोकाको आग्लो खोले। बाहिरपट्ट पूरै घर घेरेको फौजी टोली थियो। तिनीहरूमध्येकै एकजनाले सोध्यो-वीरबहादुरको घर यही हो ? काकाले भने-हो। वीरबहादुर र कुलबहादुर तिम्रा छोरा हुन् ? फेरि सोध्यो। अँ हुन्-काकाले सिधा उत्तर दिए।

तिम्रा दुइटै छोरा आतंककारी हुन्। हिजो साँझ यस गाउँमा आएका थिए। तुल्सीदास काकाले अज्ञानता प्रकट गर्दै टाउको हल्लाए। तर सुरक्षा फौजले मानेनन् र भित्र पसे। घर खानतलासी गरे। गहुँको भकारीदेखि धानको डोइलोसम्म हेरें। तर कोही कसैलाई भेट्टाएनन् र बर्दीधारी सुरक्षाफौजले तुल्सीदास काकालाई चुनौती गरे-तेरा छोराहरूको जीवित या मृत टाउको हामीकहाँ दाखिला गर्नुपर्छ-हिजो बेलुका वीरे हाम्रो हातबाट फुत्कन सफल भएको छ। भागेर भेरीमा हामफालेको छ। तौरियो या गयो थाहा लागेन। रातभरि तलासी गर्दा पनि पाउन सकेनौं। बुढा हो ! वीरे र कुले घरमा आए भने चौकीमा हामीलाई खबर गर ? यति भनेर बर्दीधारीको हुल फिर्ता भयो। केहीबेरपछि काकाको घरमा मान्छेहरूको जमघट भयो। के भयो ? कसरी विपत आइलाग्यो ? वीरबहादुर जीवित छ या मृत ? अड्‌कलबाजी चलेको छ। मान्छे आउने क्रम जारी छ। हस्याङफस्याङ-कटुवाल कान्छो आइपुग्छ र निधो गर्छ-तुल्सीदास काकाको कान्छोलाई त हिजो साँझ पुलिसले 'यू आकारको घेराबाट लखेट्दै, फायरिङ गर्दै गए, वीरबहादुर भेरी

नदीमा हामफाल्यो । पुलिसले नदीमा खुबसँग ढुङ्गा हान्यो । फायरिङ गऱ्यो, अहँ वीरबहादुर उठेन, उसलाई राक्षसी उन्मादमा उठेका भेरी नदीका छालहरूले निले, ऊ भेरीमै बिलायो ।

जाग्यो कसैमाथि करूणा र करूणाका आँसु बगाए । छोयो कसैको मन र मानवीय संवेदनाले भावविह्वल भए । कोही डराए थुर-थुर काँपे, रोए, कराए । कसैमाथि आक्रोश बढ्यो, बदलाको भाव बढ्यो । हत्याको बदला लिने अठोट नजानिंदो ढंगले उत्पन्न भयो । वीरबहादुरकी श्रीमती शिलाले आफ्नो सिन्दूर पखालिन्, चुरा फुटाइन् । सानो छोरा कालेलाई काखमा लिइन् र डाँको छोडेर रूइन् । बाबु तँ सानो छस्, तेरा बुबाको दुश्मनले हत्या गऱ्यो । तेरो बाबुको बहिर्गमनलाई शहादतको नामले पुकारिन थालियो । भनिन्छ, युद्धको शहीद भएका छन् । तँ ठूलो हुन्जेल यहीँ बस् । म हत्याको बदला लिन युद्धमोर्चामा सामेल हुन्छु । एक मुट्ठी रगत भएसम्म युद्धमोर्चामा हुनेछु । युद्धबाट नै बदला लिनेछु । सारीको आँचलले कालेका आँसु पुस्छे । र, आफ्नो आँखाबाट बर्सिरहेका आँसु पुछ्दै ससुरा- यो काले तपाईंकै नाति हो, लिनुस् । तपाईं बाँचुन्जेल पालिदिनुहोला । म युद्धमा जान्छु । तुल्सीदास काका रूँदै नाति कालेलाई अँगालोमा लिन्छन् र भन्छन्-बुहारी-युद्धमा नजा ! युद्धले सयौं घरवार तिम्रो जस्तै बनाउँछ मात्र ! बरू क्रान्ति गरौं, हजारौं निहत्था जनता हामीलाई साथ दिनेछन् । हुन्न ससुरा- त्यसो त मुखको क्रान्तिले हाम्रो भावना थेग्दैन । व्यवहारमै क्रान्तिमा जान बाटो नरोक्नुस् । म त युद्धमै सामेल हुन्छु । विवशताको आक्रोश पोखिन् शिलाले र युद्धमा सामेल हुन कसम खाइन् । केही महिनापछि गाउँबाट सवा दर्जन युवायुवतीको अर्को हुल हत्याको बदला लिन युद्धमा सामेल भयो । तुल्सीदास काकाकी १४ वर्षीया छोरी सुमित्रा पनि युद्धमोर्चामा गइन् । काकाको जेठो छोरा कुलवीर त्यतिबेलासम्म युद्धमोर्चाको अब्बल दर्जाको कमाण्डर भइसकेको थियो । थुप्रै चौकीहरू रेड गरेर हतियार कब्जा गर्ने एक्सनहरू भइसकेका थिए । कमाण्डरको आदेशबमोजिम नै हो क्यार गाउँलेका छोराछोरीहरूले शहीदको माला पनि बुनिरहेका थिए । र, शहीदको पंक्तिमा लामबद्ध हुने अठोटका साथ सहभागिता जनाइरहेका थिए । तुल्सीदास काकाकी जेठी बुहारी भद्रा पनि केटाकेटीहरूलाई ससुराको जिम्मामा दिएर युद्ध विभीषिकामा सामेल भइन् ।

काका बिरक्तिएका छन् । युद्धप्रति उनको रत्तिभर विश्वास छैन । राज्यप्रति पनि कुनै भरोसा छैन । आशा पनि गर्दैनन् र राज्यको समग्र पक्षमा क्रान्ति चाहन्छन् काका । तर तुल्सीदास काकाले सोचेजस्तो क्रान्ति गर्न कोही अघि बढेनन् । काका चिन्ता गरिरहेका छन् । आफ्ना मुटुभन्दा प्यारा बाल नातिनातिनाहरूलाई असाध्यै कष्टकररूपमा पालेका छन् । काकाको साथमा अहिले काले, सुमन, अटल र पम्फी छन्, सबै ८ वर्षमुनिका मात्र । बाध्यता छ, नसकेर पनि खेतबारीमा काम गर्नु र त्यत्रो उमेरमा काका खेतवारीमा काम गर्छन् । अरूभन्दा पनि झन् घरदेखि पर रहेको काठेधाराबाट गाग्रीमा पानी बोकेर ल्याउने काममै व्यस्त हुन्छन् ।

कुन्नी आज काका अझ बढी उदास छन् र बारीको डिलमा बसेर के के सोचिरहेका छन् । केटाकेटीहरू आँगनमा खेलिरहेका छन् । काकाले केटाकेटीको खेलतिर नजर घुमाए । केटाकेटीहरूले आँगनको छेउछाउमा सेन्ट्रीपोष्ट बनाएका छन्, कोही पोष्टमा छन्, कोही भित्तामा आड लिएका छन् त कोही धारे ढुङ्गामा आड लिएका छन् भने कोही कुहिनाले टेकेर घिस्रिँदै वरपर सर्दै र मुखले भटटट...को आवाज निकाल्दै निगालाको बन्दुक बनाएर फायरिङको अभिनय गरेका छन् । तिनीहरू पुलिस बनेका रहेछन् । अर्काथरी माओवादी बनेकाहरू-कान्लामा, केराबारीमा, सिस्नोको झ्याङमुनिबाट त्यहीँ ढंगले फायरिङ गरेर घमासान युद्ध खेल खेल्दारहेछन् । काका तीनछक परे, केहीबेर रमाए, काकाले खुबसँग चिहाएर हेरे । काकालाई उदेक लाग्यो । मनभरी बैराग लाग्यो । यो पिंढी पनि युद्धमै जाने भयो क्यार ? काकाको मनभरी डर पलाइरहेको छ ।

आजभोलि केटाकेटीहरू स्कुल जान पनि मान्दैनन् । नजिकमा विद्यालय पनि त छैन । अलि परको स्कूलमा माड्सापहरू पनि छैनन् । काजमा सदरमुकाम बस्छन् । माओवादीले माड्साबको तलवको ५ प्रतिशत माग्छन् रे । युद्धमा जाऊ भनेर बारम्बार पिरलो गर्छन् भनेर गाउँबाट भागेका रहेछन् । केटाकेटी खुबसँग युद्धको खेल खेल्छन् । काले, सुम्ने पम्फी सबैका हातमा टिमुरे बन्दुक छ । धुले पाटीमा अ-आ- सावाँ अक्षर सिक्ने उमेरमा टिमुरे बन्दुकले निशाना हान्छन् । कति फट्यांग्रा र झिङ्गाहरू ठहरै मारेका छन् । यो दृश्य दिनहुँ देखिरहेका काकाको मनभरी उदेक लागिरहेको छ । बैराग लाग्दा मृत्यु पुकार्छन् । एकदिन काकालाई सुर चल्यो-गरिबीले नराम्ररी थिचरेको छ । बालबच्चाको जिउमा कपडा नफेरेको वर्ष दिन नाघेको छ । आफ्नो जीउमा ठाउँ ठाउँमा काटेर पारदर्शी भइसकेका कपडा छन् । गैरीखेतको तल्लो सुर्को बेच्ने विचार गरी लट्ठीको सहारामा गाउँ जान्छन्-गाउँलेसँग कुरा गरेर सुर्को पनि बेचिन्छ । त्यसबाट प्राप्त गरेको पैसा बोकेर काका चौरजहारी बजार पुग्छन्-केही लत्ता कपडा किन्नुको साथै एक रेडियोसमेत किनेर घर फर्कन्छन् ।

तुल्सीदास काका आजभोलि दिनहुँजसो समाचार सुनिरहन्छन् । समाचारले हरदिन युद्धको समाचार सुनाइरहन्छ । कहिले २/३ दर्जन माओवादी मारिएको समाचार आउँछ त कहिले प्रहरी । काका झस्किरहन्छन्-जीउभरी काँडा उमारिरहन्छन् । कहिले सेना आउँछ, घर खानतलासी गर्छ त कहिले माओवादीको हुल आउँछ, अनावश्यक सोधपुछ हुन्छ, दोहोरो खप्की कहिल्यै खाली छैन । कतैबाट कहिल्यै सुख छैन ।

पृथ्वीले सूर्यलाई निरन्तर फन्को मारिरहने क्रमसँगै नजानिंदो ढंगले दिन, बार, ऋतु हतारमा कुदिरहेका छन् । तुल्सीदास काकाका प्रकारान्तरले दिनचर्या बितिरहेका छन् । एकदिन अचानक रेडियोबाट समाचार सुन्छन्-एउटा भिडन्तमा जेठोछोरा युद्ध कमाण्डर कुलवीर र उसकी श्रीमती भद्राले मृत्युवरण गरेछन् । अर्की बुहारी शिला हिमपातमा परी रक्तहीन भइसकिछन् । नमिठो मन बनाई वास्तविकता ढुकिरहेका काका अलमलिन्छन् । भोलिपल्ट बिहानै युद्धकारीमध्येका एकजनाले काकालाई भेटेर उपरोक्त खबर साँचो भएको बताई गए । व्यक्तिवचनमै खबर सुन्दा झन् बेहोस भए । मुर्छित भई अँगेनाको डिलमा घोप्टिए । लामो समयपछि बल्लतल्ल होसमा आएका काका आँखाबाट भदौरे झरीझैं नुनिला आँसुका ढिका बर्साउँदै रन्थनिइरहे । शारीरिक रूपमा ख्याउटिएका काका सम्हालिँदै आँटीको डिलमा आए । नातिनातिना हेरे र वरिपरि बसाई आफू चोचिए । आफ्नो बुबुको आजको व्यवहार साह्रै मायालाग्दो देखेर आश्चर्यचकित मुद्रामा सोधे-के भयो हजुरबुबा ? किन आँखाबाट आँसु झरेको ? केटाकेटीको ढिपीलाई काका टार्न सक्दैनन् । आफ्नो मुटुको धड्कनलाई रोक्छन् र नियमित गतिमा ल्याउँछन् । अनि दम खैंचेर भन्छन्-बाबु तिमीहरू साना छौं । युद्धले कसैलाई कहिल्यै फाइदा गर्दैन । खाली विनाशमात्र गर्छ । युद्धले धनजनको क्षति गर्छ । समाजविकासको गतिलाई अवरूद्ध पार्छ । सामाजिक जीवनलाई खरानी बनाउँछ । त्यसैले बाबु युद्ध गर्नुहुँदैन । युद्ध

ध्वंसको अर्को नाम हो । युद्ध विनाशको कारक हो । युद्धले सयौं परिवार हामी जस्तै बनाउँछ । अब यस्तो कसैलाई नहोस् । यो दिन फर्केर कहिल्यै नआओस्, मैले भोगें-जो तिमीहरू पनि ।

बाबु, सत्ता अन्धो छ । सत्ता चालकहरू सत्ता उन्मादको तुजुक देखाउँछन् । यो खाली सीमा पारीको भरमा हो । अर्काको बन्दकले यिनको विवेक चलाउँछ । अर्काको नमकले चलाउने र चल्ने बुद्धिले आफ्नो देशका लागि केही गर्न सक्दैन । भनिन्छ, बोकेको कुकुरले मृग मार्दैन । काका एकोहोरो बोलिरहे ... । त्यसै समयमा युद्ध विभीषिकाभित्र सामेल भएकी छोरी सुमित्रा लुसुक्क आइन्, बृद्ध बुबालाई आफ्नै शैलीमा अभिवादन गरिन् । काकाले सुमित्रालाई एकोहोरो हेरिरहे .... न त सुमित्रा नै बोल्न सकिन् । उनी अगाडिपट्टि टुसुक्क बसिन् । केहीबेर मौनता कायम रह्यो । काकाले सुमित्रालाई केही कुरा सोधेनन् र छोरीको आगमनले छाएको मौनतालाई चिर्दै पूर्ववत् शैली र धारामा भन्दै गए । तुल्सीदास काकाले आफ्नो कुरा निरन्तर भन्दै गए- "आज देशलाई युद्ध होइन, क्रान्ति चाहिएको छ । क्रान्तिको आधार युद्ध होइन । सचेत क्रान्तिले मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक ढाँचामा व्यापक परिवर्तन ल्याउन सक्छ । देश, काल परिस्थितिअनुरूप धेरै गरिबका छोराहरूले काम र माम पाउने औद्योगिक क्रान्ति आवश्यक छ । भूमिको न्यायोचित वितरण, उत्पादन र उपभोगका लागि कृषि क्रान्ति आवश्यक छ । औद्योगिक क्रान्तिको पूर्वाधार पनि त कृषि क्रान्ति हो । भूगोल, जाति, जनजातिहरूको प्रतिनिधित्व हुने ढंगले राज्यको पुनर्संरचना खाँचो भएको छ । बाबु, तिमीहरूले युद्ध होइन क्रान्ति ल्याऊ, तिमीहरूलाई हजारौं गुजारा वर्गका नेपाली जनताले साथ दिनेछन् । तब मात्र हजारौंको संख्यामा मारिएका नेपालीहरूको मरण सार्थक हुनेछ । मेरा छोराहरूको मरण सार्थक हुनेछ । मान्छेको बदला मान्छे मारेर बदला पूरा हुँदैन, त्यो त खाली अराजकतामात्र हो ।"

सुमित्रा एकोहोरो काकाको अनुहारमा हेरेर टोलाइरहिन्, उनको वाक्य फिरेन, आँखाबाट आँशु डलबलाउँदै नाजवाफ अटल हेरिरहिन् काकातिर -

काका बर्बराउँदै गए, अब विगत नदोहोऱ्याऊ, सार्थक क्रान्ति ल्याऊ ... उनको मुटुको धड्कन झन् बढ्दै गयो । केही क्षण चुप रहें । अब साँझ परिसकेको छ । रात पाकेर छिमल्नै नसकिने अँध्यारोमा चुर्लुम्म डुबेको छ । काकाको मस्तिष्कमा छट्पटीको ज्वार बढ्यो । मुटुले ठाउँ छोड्ने निर्देशन गऱ्यो । उनी विस्तारै पर ... हिंड्छन् । भेरी नदीको डिल नजिकिंदैछ । नदी किनाराको बालुवामा उनी एक्लै र आफैं बर्बराउँछन्, क्रान्ति जिन्दावाद ! युद्ध मुर्दावाद ! तुल्सीदास काका अनि चिसो चट्टानमा टुसुक्क बस्छन्, उनका आँखा पर क्षितिजमा अडिरहेका थिए । तरङ्गहरू आफ्ना अनन्त मृत्युगीत गाउँदै उनी बसेको चट्टानसम्म विस्तारै घिस्रिदै आइपुगे । समुन्द्री छाल गर्जदै आएर काकालाई आफ्नो अँगालोमा बाँधेर आफ्नै सहयात्रामा लिएर गयो ।

□

## कविता **बिधवा भाउजूहरूको देशमा**

**- विष्णु सुवेदी -**

बिधवा भाउजूहरूको देशमा
अचेल -
आँखामा गुराँस फुल्दैन
मनमा सयपत्री फुल्दैन
फुल्छ त केवल
वस्तीहरूमा उझाड फुल्छ
मनहरूमा पीडाको सिस्नो फूल्छ
र पोलिरहन्छ निरन्तर
बिधवा भाउजूको कमलो मन !

बिधवा भाउजूको मनजस्तै
छियाछिया देशको मानचित्रमा
कुनै संकेतहरू कोरिंदैनन्
मात्र पुनरावृत्ति हुन्छ कलिलो सूर्योदय
मात्र पुनरावृत्ति हुन्छ वस्तीमा मलामीको जमात !
वस्तीमा बन्दुकको गर्जना
बिधवा भाउजूको देशमा
अचेल, नदीमा बग्दैन पानी
बग्छ त रगत बग्छ, बग्छ त लास बग्छ

आफ्नै श्रीमानहरूको आफ्नै देवरहरूको !

बिधवा भाउजूको देशमा
कुनै समय पढ्न पाइन्थ्यो/हेर्न पाइन्थ्यो
चङ्ग उडेको मन-आकश छुने खुशी र स्वर्णिम सुख
तर आजकल मृत्यु उत्सव मनाइन्छ
रूनुसम्म प्रतिबन्ध छ
वस्तीमा सुनसानको साम्राज्य फैलिएको बखत
शीर ठाडो पारेर हिंड्नु हुन्न, मुख खोलेर बोल्नु हुन्न
नत्र जे पनि हुन्छ, जे पनि भोगिन्छ !

बिधवा भाउजूहरूको देशमा
अचेल मान्छेको मृत्यु सूचना टाँसेर आउँछ
वस्तीमा बुट बज्रदा वस्तीमा बन्दुक गर्जंदा
मान्छेहरू जिउँदै मर्छन् र बौरिन्छन्
भाउजूहरू
हरेकबखत मुर्च्छना व्यहोर्छन् ।

सपनामा/विपनामा
भाउजूहरू देवरहरूसँग जेठाजुहरूसँग
आफ्ना छोराछोरी खोज्छन्
आफ्ना श्रीमानहरू सोध्छन्
थाकेर पाकेका राता आँखाहरूले
पर क्षितिज नियाल्छन्
कालो बादलले छोपेको माइती देश सम्भेर
भक्कानिंदै भाउजूहरू-
रित्ता ताप्केहरू हेर्छन्
ओसिंदै गरेका पीरहरू घाममा विस्कुन सुकाउँछन्
ढुङ्गा उमाल्छन् आलु उसिनेको भ्रम छर्न
बिधवा भाउजूका छाप्राहरू
रातभर तपतप रून्छन् बर्षे भरीमा

सोह्र शृंगार खोसिएका बिधवा भाउजूहरू
लेकका खस्रु जस्तो छन् खेतका काम्लेजस्ता छन्
स्वार्थको लडाइँमा अहम्को युद्धमा
बाच्छाको नियति भोग्ने भाउजूहरू
त्यही नियति भोगिरहेछन्
जुन नियति इतिहासमा कमैले भोगे !

अचेल आधा आकाशको गर्वले
भाउजूहरूलाई पोलेको छ
हो, अचेल बिधवा भाउजूहरू आफ्नै देशमा

खरानीको थुप्रो खोतल्दै
रथको पांग्रा खोजिरहेछन्
मानेभीरको डाँडामा उभिएर
भाउजूहरू प्रश्नचिन्ह कोरिरहेछन्
हामी वल्लो डाँडाको तीरमा
कोही मौन छौं
कोही तानाबाना बुनिरहेछन्
कोही गोप्य मन्त्रणा गरिरहेछन्
भाउजूहरू कुमालेको चक्र घुम्छ भनिरहेछन्
बिधवाहरूको देशमा एउटा बुद्ध जन्मियोस् ठानिरहेछन् ।

*राम्पा, दोलखा*

*समाचार*

# रूपन्देहीमा अधिवेशन

रूपन्देही । नेकपा (एमाले) रूपन्देहीको पाँचौं जिल्ला अधिवेशन गएको असोज ११-१३ गते बुटवलमा सम्पन्न भएको छ । सो अधिवेशनको उद्घाटन पार्टीका महासचिव माधवकुमार नेपालले गर्नुभएको थियो ।

अधिवेशनले लिला गिरी सचिव र बाबुराम चौधरी उपसचिव रहेको २८ सदस्यीय जिल्ला कमिटी निर्माण गरेको छ । कमिटीका सदस्यहरूमा कृष्ण न्यौपाने, कविराम अर्याल, घनश्याम यादव, गोपाल भट्टराई, परमानन्द खरेल, बूँद राना, राजेन्द्र पन्थी, भोजप्रसाद श्रेष्ठ, शिव सुवेदी, नन्दीकिशोर ढकाल, बलबहादुर आचार्य, भवानीशंकर सापकोटा, रामप्रसाद भट्टराई, भूमिश्वर ढकाल, भूमिलाल सापकोटा, मिनप्रसाद घिमिरे, तुल्सी चौधरी, दुर्गा उपाध्याय, तेजेन्द्र के.सी., पुष्पाञ्जली उपाध्याय, गोमा आचार्य, नारायण भट्टराई र एकराज बि.क. हुनुहुन्छ भने बैकल्पिक सदस्यहरूमा खेम लुँइटेल, श्रीराम यादव र पार्वती ज्ञवाली हुनुहुन्छ ।

तत्कालीन सचिव विजय पौडेलको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा पार्टी स्थायी कमिटी सदस्य मोदनाथ प्रश्रित, संगठन विभागका प्रमुख विष्णुप्रसाद पौडेल, बैकल्पिक केन्द्रीय सदस्य एवं लुम्बिनी अञ्चल इन्चार्ज रामनाथ ढकाल, अञ्चल सचिव नेत्रप्रसाद पन्थीलगायतले बोल्नुभएको थियो ।

# दश सम्पर्क मञ्च पुरस्कृत

काठमाडौं । नेकपा (एमाले) केन्द्रीय सम्पर्क विभागले आफ्नो वार्षिक केन्द्रीय भेला असोज १२ गते सम्पन्न गरेको छ । बर्षभरिमा उत्कृष्ट काम गर्ने अञ्चल तथा जिल्ला सम्पर्क मञ्चहरूलाई पुरस्कृत गर्ने गरी आयोजित सो कार्यक्रमलाई पार्टीका महासचिव माधवकुमार नेपालले संबोधन गर्नुभएको थियो । सो अवसरमा उहाँले माओवादीका प्रश्नहरूको चित्तबुझ्दो जवाफ दिन सरकारसँग आग्रह गर्नुभयो । भेलामा पार्टीका स्थायी कमिटी सदस्य एवं उपप्रधानमन्त्री भरतमोहन अधिकारी, अर्का स्थायी कमिटी सदस्य झलनाथ खनाल, केन्द्रीय सदस्य एवं मन्त्री अष्टलक्ष्मी शाक्य, अखिल नेपाल किसान संघका उपाध्यक्ष धर्मदत्त देवकोटालगायतले बोल्नुभएको थियो ।

विभागका प्रमुख गोपाल शाक्यको सभापतित्वमा सम्पन्न सोही कार्यक्रममा गएको वर्ष उत्कृष्ट काम गरेवापत दश सम्पर्क मञ्चहरूलाई पुरस्कृत गरियो । यसरी पुरस्कृत हुनेमा मोरङ प्रथम, रौतहट दोस्रो, सुनसरी तेस्रो, पाल्पा चौथो, स्याङ्जा पाँचौं, मकवानपुर छैटौं, लमजुङ सातौं, तनहुँ आठौं, भोजपुर नवौं तथा रूपन्देही र अर्घाखाँची दशौं भएका छन् । राप्ती पश्चिमबाट प्यूठान र बझाङ सम्पर्क मञ्चलाई सान्त्वना स्थान प्राप्त भएको छ । यसैगरी अञ्चल सम्पर्क मञ्चहरूमा सगरमाथा प्रथम, लुम्बिनी र गण्डकी दोस्रो एवं नारायणी तेस्रो भएका छन् । उक्त अवसरमा प्रतिगमनविरोधी आन्दोलनका घाइतेहरू रमेश शर्मा (पर्सा), याम श्रेष्ठ (म्याग्दी), गणेश पोखरेल (प्यूठान), कृष्ण आङ्गदेम्वे (पाँचथर), लालेन्द्र गौचन (मुस्ताङ), बलराम खड्का (रामेछाप) र तारा पोखरेल (सिन्धुली) लाई सम्मान गरिएको थियो । विभागका सदस्य दोर्जीजाङ्वु लामाले स्वागत गर्नुभएको सो कार्यक्रमको संचालन विभागका सचिव डा. भीष्म अधिकारीले गर्नुभएको थियो । कार्यक्रममा जनसांस्कृतिक मञ्चका अध्यक्ष जे.बी. टुहुरेलगायतका कलाकारहरूले प्रगतिशील गीत प्रस्तुत गर्नुभएको थियो ।

# बाराको अधिवेशन सम्पन्न

काठमाडौं । नेकपा (एमाले) बाराको पाँचौं जिल्ला अधिवेशन गएको १० र ११ गते सम्पन्न भएको छ । सो अधिवेशनको उद्घाटन पार्टी महासचिव माधवकुमार नेपालले भव्य जनसभाका बीच गर्नुभएको थियो । सो अधिवेशनले अच्युत मैनालीलाई पुनः सचिव निर्वाचित गर्दै ४० सदस्यीय जिल्ला कमिटी चयन गरेको छ । कमिटीका सदस्यमा अर्जुन चौधरी, महमुद आलम, भोला अधिकारी, भरत घले, बलिराम सर्राफ, एकबहादुर श्रेष्ठ, नारायण देवकोटा, महेन्द्र जैसवाल, वतउ यादव, पलट चौधरी, त्रिलोकी चौधरी, मखन पासवान, रामनाथ चौधरी, विजेन्द्र चौधरी, बच्चा यादव, सुमन साह, भरत खड्का, कृष्ण पौडेल, नारायण क्षेत्री, विजया घिमिरे, चमेना भट्टराई, रविन्द्रदास श्रेष्ठ, विनय श्रेष्ठ, कृष्ण सिंह, सुरेन्द्र यादव, अध्यानन्द पाण्डे, श्रीप्रसाद

पासवान, रामचन्द्र प्यासी, मनोज पौडेल र दिनेश राई रहनुभएको छ भने वैकल्पिक सदस्यहरूमा बासु यादव, यम समिउल्ला, राज मोहम्मद राय, कमलेश झा, देवनारायण चौधरी, बिन्दा यादव, विक्रम राय, गोविन्द पौडेल र तुल्सी न्यौपाने निर्वाचित हुनुभएको छ ।

उद्घाटन समारोहमा केन्द्रीय सदस्य एवं नारायणी अञ्चल इन्चार्ज केदारप्रसाद न्यौपाने, केन्द्रीय सदस्य रणध्वज कन्दङ्वा, वैकल्पिक केन्द्रीय सदस्य पुरूषोत्तम पौडेल, अञ्चल सचिव अनन्त पौडेल, पर्साका सचिव रामचन्द्र साह, रौतहटका सचिव रामकुमार भट्टराईलगायतले बोल्नुभएको थियो ।

# अर्घाखाँचीमा पाँचौं अधिवेशन

अर्घाखाँची । नेकपा (एमाले) अर्घाखाँचीको पाँचौं जिल्ला अधिवेशन गएको असोज ८ र ९ गते सदरमुकाम सन्धिखर्कमा सम्पन्न भएको छ । सो अधिवेशनको उद्घाटन पार्टी स्थायी समिति सदस्य एवं केन्द्रीय सचिवालयका सचिव अमृतकुमार बोहराले गर्नुभएको थियो ।

अधिवेशनले चेतनारायण आचार्य सचिव र जनार्दन खनाल उपसचिव रहेको २० सदस्यीय जिल्ला कमिटी निर्माण गरेको छ । कमिटीका सदस्यहरूमा बुद्धि भुसाल, भोजबहादुर रायमाझी, भविश्वर पाण्डे, पिताम्बर भुसाल (क), नरेन्द्रकुमार क्षेत्री, दलबहादुर भट्टराई, नेत्रबहादुर क्षेत्री, पिताम्बर सारू, कृष्णप्रसाद पौडेल, जीवनारायण कोइराला, कुटमुद्दिन अली, बोमबहादुर वि.क., हेमनाथ भुसाल, खेमराज खनाल, पिताम्बर भुसाल (ख), रामजी घिमिरे र पवित्रा पौडेल निर्वाचित हुनुभएको छ । अधिवेशनको उद्घाटन समारोहमा वैकल्पिक केन्द्रीय सदस्य एवं लुम्बिनी अञ्चल इन्चार्ज रामनाथ ढकाल, अञ्चल सचिव नेत्र पन्थी, गुल्मीका सचिव कमल श्रेष्ठ, कपिलवस्तुका सचिव बलराम अधिकारी, केन्द्रीय संस्कृति विभाग सदस्य लक्ष्मण रायमाझी, शिक्षा विभाग सदस्य भोजबहादुर शाहलगायतले बोल्नुभएको थियो ।

## प्रवासी नेपाली युद्धविरामको पक्षमा

काठमाडौं । भारतका विभिन्न ठाउँमा रोजगारीका निम्ति गएका प्रवासी नेपालीहरूको समस्या समाधान गर्न प्रवासी नेपाली संघ (भारत) को एक प्रतिनिधिमण्डलले आज प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष आफ्ना मागहरू प्रस्तुत गर्ने भएको छ ।

प्रवासी नेपाली संघले शान्ति स्थापना गर्न तत्काल युद्धविरामको विषयमा सरकारको गम्भीर ध्यानाकर्षण गराउँदै सरकार-माओवादी वार्ताको प्रक्रिया सुरू गर्न माग गर्ने भएको छ । गाउँगाउँमा हिंसाले आक्रान्त नेपालीहरू भारतमा प्रवासिने संख्या तीव्र गतिमा बृद्धि भइरहेको संघले जनाएको छ ।

खाडी मुलुकमा वैदेशिक रोजगारीमा जाने नेपालीहरू दिल्ली, मुम्बईलगायतका ठाउँमा अलपत्र परेको, नेपाल-भारत सीमा क्षेत्रमा नेपालीले भोग्नुपरेका समस्याहरूको अवगत गराउँदै चेलीबेटी बेचविखन तथा बालबालिका तस्करी तत्काल रोक्नुपर्ने संघको माग रहेको छ । भारतमा रोजगारी गर्ने नेपाली कामदारको जिउज्यानको सुरक्षाको ग्यारेन्टी गर्न सरकारले भारतीय पक्षसँग पहल गर्नुपर्ने माग गर्दै भारतमा अध्ययनरत नेपाली विद्यार्थीहरूबाट केन्द्रीय विश्वविद्यालयले लिने गरेको डलर शुल्कको प्रावधान समाप्त गरियोस् भन्दै माओवादीको आशंकामा नेपालीहरूलाई पक्राउ गर्ने जस्ता कार्य बन्द गर्न पनि संघले सरकारसँग आग्रह गर्ने जनाइएको छ ।

# अगुवा कार्यकर्ता प्रशिक्षण सम्पन्न

काठमाडौं । नेकपा (एमाले) केन्द्रीय पार्टी स्कुल विभागको आयोजनामा अगुवा कार्यकर्ता प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । असोज १५ गते पार्टीका महासचिव माधवकुमार नेपालले उद्घाटन गर्नुभएको सो कार्यक्रम तीन दिनसम्म चलेको थियो ।

उद्घाटन मन्तव्य राख्दै महसचिव नेपालले संकटपूर्ण परिस्थितिमा पार्टी सरकारमा गएकोले पार्टी पंक्तिको भूमिका बदलिएको बताउनुभयो । चुनौतीलाई अवसर र प्रतिकूलतालाई अनुकूलतामा रूपान्तरण गर्न सकिन्छ भन्ने विश्लेषणका साथ पार्टी सरकारमा गएको स्पष्ट पार्दै महासचिव नेपालले शान्ति बहाली गर्नु सरकारको प्रमुख दायित्व भएको बताउनुभयो । शान्तिको पहल गर्न हठ छोड्नुपर्ने आवश्यकता औंल्याउँदै महासचिव नेपालले भन्नुभयो-'सकभर दुबै पक्षले युद्धविराम गर्नुपर्छ, नत्र सरकारले मात्रै युद्धविराम गरेर भए पनि वार्ताको पहल गर्नुपर्छ ।'

विभाग प्रमुख के.पी. शर्मा ओलीको सभापतित्वमा सम्पन्न उद्घाटन कार्यक्रममा स्थायी कमिटी सदस्य मोदनाथ प्रश्रितले पनि मन्तव्य राख्नुभएको थियो भने वैकल्पिक केन्द्रीय सदस्य उर्मिला अर्यालले स्वागत गर्नुभएको थियो । सोही दिन केन्द्रीय कमिटी सदस्य एवं स्कुल विभाग सचिव प्रदीप ज्ञवालीले 'प्रतिगमनविरोधी आन्दोलन र वर्तमान सरकार' विषयमा प्रशिक्षण दिनुभएको थियो ।

दोस्रो दिन स्थायी कमिटी सदस्य वामदेव गौतमले 'जनताको बहुदलीय जनवाद र यसका सामु उपस्थित चुनौतीहरू', संगठन विभाग प्रमुख विष्णुप्रसाद पौडेलले 'परिवर्तित सन्दर्भमा पार्टी निर्माणको समस्या' र केन्द्रीय कमिटी सदस्य शंकर पोखरेलले 'वर्तमान परिस्थितिमा जनताको बहुदलीय जनवादको कार्यनीति' विषयमा प्रशिक्षण दिनुभएको थियो ।

तेस्रो दिन स्थायी कमिटी सदस्य झलनाथ खनालले 'माओवादी समस्या र यसको समाधान', स्थायी कमिटीका सदस्य एवं मन्त्री इश्वर पोखरेलले 'सरकारमा पार्टीको सहभागिता: हाम्रो भूमिका र चुनौती' एवं स्थायी कमिटी सदस्य के.पी. शर्मा ओलीले 'वर्तमान परिस्थिति र पार्टीको कार्यभार' विषयमा प्रशिक्षण दिनुभएको थियो । विभाग प्रमुख ओलीको सभापतित्वमा सम्पन्न समापन कार्यक्रममा स्थायी कमिटी सदस्य एवं केन्द्रीय सचिवालयका सचिव अमृतकुमार बोहराले प्रतिकूलतालाई चिर्दै आ-आफ्नो क्षेत्रमा दृढताका साथ पार्टी काम अघि बढाउन निर्देशन दिनुभयो ।

प्रशिक्षण कार्यक्रममा पार्टीका जिल्ला, अञ्चल, केन्द्रीय विभाग, केन्द्रीय फ्रयाक्सन र प्रवासका सचिवहरूको सहभागिता रहेको थियो ।

# एशियाली किसान जनमार्च

काठमाडौं । जमिन तथा खाद्यमाथि जनताको अधिकार स्थापित गर्न एक महिनाअघि मलेशियाबाट सुरू भएको विश्वव्यापी 'खाद्य सम्प्रभूत्ताका लागि जनमार्च' (पिपुल्स क्याराभान) असोज १४ गते काठमाडौंमा सम्पन्न भएको छ। उक्त जनमार्चको बृहत् जनसभाका बीच नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालले समापन गर्नुभएको थियो ।

जमिन तथा खाद्यान्नमाथि उत्पादक शक्तिको सम्प्रभूत्ता कायम गर्ने अभियानले किसानहरूलाई उत्साहित बनाएको छ । असोज १० गते नेपालका विभिन्न नाकाबाट प्रवेश गरेको उक्त जनमार्चलाई स्थानीय तहमा किसान, महिला र जनसमुदायले भव्य स्वागत गरेका थिए। झापाको काँकडभिट्टा आइपुगेको जनमार्चका सहभागीलाई नेकपा (एमाले) स्थायी समितिका सदस्य के.पी. ओलीलगायतका नेता तथा कार्यकर्ताले स्वागत गर्नुभएको थियो भने विराटनगरमा उपप्रधानमन्त्री भरतमोहन अधिकारीलगायतले स्वागत गर्नुभएको थियो । कञ्चनपुरको महेन्द्रनगरबाट प्रवेश गरेको टोलीलाई अखिल नेपाल किसान संघका अध्यक्ष वामदेव गौतम र पार्टी स्थायी समिति सदस्य मुकुन्द न्यौपानेलगायतले स्वागत गर्नुभएको थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रवेश गर्ने पदयात्रीलाई संघले भव्य स्वागत गर्दै काठमाडौं भित्र्याएको थियो । देशका विभिन्न भागबाट प्रवेश गरेका विदेशी प्रतिनिधिसहित क्षेत्रीय तहमा सभामा सम्प्रभूत्ताको हकबारेमा जनचेतना अभिवृद्धि गर्ने कार्य पनि सम्पन्न गरिएका थिए । पोखरामा एमाले स्थायी समिति सदस्य केशव बडाल, केन्द्रीय सदस्य त्रिलोचन ढकाल, काठमाडौंको टोखामा उद्योगमन्त्री ईश्वर पोखरेल, विद्या भण्डारी, भक्तपुरमा धर्मदत्त देवकोटा, धादिङमा राजेन्द्र पाण्डे, सुरेन्द्र पाण्डे, गंगालाल तुलाधर, सगरमाथामा सुरेश कार्की, साँखुमा विद्या भण्डारीले संबोधन गर्नुभएको थियो भने काभ्रेमा स्थानीय किसान नेताहरूको सहभागिता रहेको थियो ।

समापन समारोहलाई नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, स्थायी समिति सदस्य एवं अखिल नेपाल किसान संघका अध्यक्ष वामदेव गौतम, स्थायी कमिटी सदस्यद्वय अमृतकुमार बोहरा र के.पी. ओली, अखिल नेपाल महिला संघका अध्यक्ष विद्यादेवी भण्डारी लगायतले सम्वोधन गर्नुभएको थियो । यस अघि असोज १३ गते आयोजित अन्तराष्ट्रिय सम्मेलनको महासचिव नेपाल र प्रधानमन्त्री शेरबहादुर देउवाले संयुक्त रूपमा उद्घाटन गर्नुभएको थियो ।

यसैबीच, जनमार्चमा सहभागी हुन काठमाडौंतर्फ आइरहेको विदेशी अतिथिहरू चढेको तीनवटा जीपमध्ये दुईवटामा धादिङको धार्केमा आगो लगाई माओवादीले ध्वस्त बनाएका थिए। उनीहरूको सो कार्यका विभिन्न राजनीतिक दल, मानवअधिकारवादी संगठन र आयोजकहरूले घोर भत्सर्ना गरेका थिए । सो एशियाली किसान जनमार्चको नेपालमा आयोजना अखिल नेपाल किसान संघ, अखिल नेपाल महिला संघ र दक्षिण एशियाली गरिबी निवारण मञ्चले गरेका थिए ।

◆ lrgf/L

# 'माधव कमरेडसँगै हामी गिरफ्तार भयौं'

धनुषाको एकराही गाविसमा एउटा भूमिहीन किसान परिवारमा २००९ सालमा जन्मनुभएका राम औतार पासवान आफुलाई एउटा इमान्दार कम्युनिष्ट सिपाही भन्नुहुन्छ । घरको आर्थिक कारणले औपचारिक शिक्षाको अवसर प्राप्त गर्न नसक्नुभएका पासवान आफ्नो काकाको छोरा (दाजु)बाट प्राप्त अनौपचारिक शिक्षाबाट पुस्तक अध्ययन र पत्राचार गर्न भने सक्नुहुन्छ ।

पासवान कसरी कम्युनिष्ट बन्नुभयो ? यस प्रसँगमा उहाँ भन्नुहुन्छ-"०२७-०२८ सालतिरको कुरा हो, हाम्रो गाउँमा एउटा जमिन्दार थिए। हामी जस्ता धेरै भूमिहीन किसान परिवार उनकै जग्गामा ज्याला बनी गरेर जीविका चलाउनुपर्ने अवस्था थियो। तर, ती जमिन्दारले यसरी काम गर्ने श्रमिकहरू माथि धेरै नै शोषण गर्ने, गाउँका सबै भूमिहीनलाई आफ्नो सेवक बनाउन खोज्ने, धेरै काम गराउने, अत्यन्त थोरै ज्याला दिने, कहिले नदिने, घरमा राखेका हली-गोठालालाई खान समेत नदिने र अनेक किसिमको दुःख दिने गरेका थिए ।

यो अत्याचार र शोषणको विरूद्ध अब हामीले केही नगरी हुँदैन, सधैंभरी यस्तो खप्न सकिँदैन भनेर हामी केही युवाहरूले कुरा गर्‍यौं । त्यसपछि हामीले गरीबको पक्षमा बोल्ने, शोषण र अत्याचारको विरूद्धमा बोल्ने कम्युनिष्ट पार्टी हुन्छ अरे भन्ने सुन्यौं र हामी त्यो कम्युनिष्ट पार्टी खोज्न थाल्यौं । हाम्रो गाउँमा पर्ने धवौली स्कूलमा भारतबाट आउनुभएको श्रीनारायण ठाकुर

नाम गरेको एकजना शिक्षक हुनुहुन्थ्यो। उहाँले नै हामीसँग कम्युनिष्ट पार्टीको बारेमा केही कुरा गर्नुभयो" - पासवान भन्नुहुन्छ।

"त्यसपछि श्रीनारायण सरले शोषण, दमन र अत्याचारविरूद्ध लड्न गाउँमा कम्युनिष्ट पार्टीको एकजना कार्यकर्तालाई ल्याउनुपर्ने र उहाँलाई ज्यादै गोप्य र सुरक्षित तरिकाले सेल्टर दिनुपर्ने बताउँदै सोध्नुभयो-तपाईंहरू त्यो काम गर्न सक्नुहुन्छ ? हामीले यो कुरा स्वीकार गर्‍यौं। त्यसपछि श्रीनारायण सरले बताउनु भए बमोजिम २०३० सालतिर दुई जना कमरेडहरू हाम्रो गाउँमा आइपुग्नुभयो। उहाँहरू हुनुहुन्थ्यो-कमरेड माधव नेपाल र रामचन्द्र यादव। उहाँहरूका लागि हामीले विशेष किसिमको सुरक्षित सेल्टरको व्यवस्था गर्‍यौं।"

पासवानले स्मरण गर्दै भन्नुभयो-"कमरेड माधव नेपाल लगातार दुई वर्ष हाम्रो गाउँमा रहनुभयो। त्यसबीचमा उहाँबाट हामीले धेरै कुराहरू थाहा पायौं। धेरै प्रशिक्षणहरू भए। केही समय पछि अरू अरू नयाँ कमरेडहरू पनि आउन थाल्नुभयो। त्यस इलाकामा हामी भूमिहीन किसान परिवारका बीचमा पार्टीको निक्कै राम्रो संगठन निर्माण भैसकेको थियो। तर झण्डै दुई वर्ष पछाडि एक दिन अचानक हाम्रो गाउँ घेराऊ भयो र कमरेड माधव नेपाल गिरफ्तार हुनुभयो। उहाँसँगै मलगायत १५-१६ जनालाई गिरफ्तार गरेर त्यस दिन जदुकुहा पुलिस थानामा थुनियो। भोलिपल्ट त्यहाँबाट जनकपुरको एस.पी. कार्यालयमा पुर्‍याइयो।"

एस.पी. कार्यालयमा पुर्‍याइएपछि भएको कुटपिट र सोधपुछ बारे पासवान भन्नुहुन्छ-'हामीलाई पुलिसले बेस्सरी पिट्दै कमरेड माधव नेपाललाई देखाउँदै 'त्यो मान्छे को हो ? त्यो कसरी तिमीहरूको घर पुग्यो ?' भनेर सोध्न थाल्यो। हामीले हामी चिन्दैनौं, खोई को हो ? कहाँबाट आएको थाहा छैन भन्थ्यौं। फेरि माधव कमरेडलाई पनि कसरी त्यहाँ पुगिस् ? किन गएको ? भनेर सोधियो। उहाँले पनि 'म बाटो हिंड्दा हिंड्दै घेराउ परेको हुँ' भन्नुभयो। हामीलाई देखाएर तिनीहरू को हुन् बताभन्थ्यो तर उहाँ म चिन्दिनँ भन्नुहुन्थ्यो।

हामीलाई नजिकैको गाउँबाट खाना आउँथ्यो, त्यो खाना हामी माधव कमरेडलाई राखिदिन्थ्यौं। तब, पुलिसले भन्थ्यो-तिमीहरू त्यसलाई चिन्दिन भन्छौ अनि खान चाहिं किन दिन्छौ त ? हामी जवाफमा भन्थ्यौं-भाइसाब, यो बढी भएको खाना हो, त्यसैले उसलाई दिएका हौं। सोधपुछका लागि हामीलाई १२-१३ दिन थुनेर राखियो र छाडियो। कमरेड माधव नेपाल, हवी ब्राइन र फेकन विराजीलाई तीन वर्षको लागि जलेश्वर जेलमा राखियो।

थानाबाट फर्केर गाउँमा आएपछि हामीमा सामन्त र जमिन्दारप्रति अझ धेरै र तीब्र घृणा जाग्यो। हामी जमिन्दारविरोधी आन्दोलनमा सक्रिय रूपमा लाग्यौं। त्यहीक्रममा केदार बिराजी भन्ने एकजना जमिन्दारको सफाया भयो। त्यसपछि गाउँमा चर्को दमन भयो। प्रशासन र मण्डलेहरूबाट भूमिहीन किसान, शिक्षक र विद्यार्थीलाई गिरफ्तार गर्ने, कुटपिट गर्ने र धम्क्याउने कार्य धेरै बढ्यो। दमनकै क्रममा२०३३ भाद्रमा मलाई वारेण्ट जारी भयो। पूर्णरूपमा भूमिगत भएर म पार्टीको काम गर्न थालें।

पासवान अगाडि भन्नुहुन्छ-"प्रशासनबाट चर्को दमन भएपछि अब पार्टी कार्यकर्ता कसरी जोगाउने भन्ने बारेमा पार्टीमा छलफल भयो। कमरेड माधव नेपाल गिरफ्तार हुनुभएपछि हामीलाई नीति-निर्देशन दिने काम कमरेड ईश्वर पोखरेलबाट भइरहेको थियो। त्यतिखेर जति दमन भए पनि जिल्ला र देश छाडेर प्रवासिनु हुँदैन, देश बाहिर गएपछि पार्टी कामबाट पलायन भइन्छ भन्ने सोच पार्टीमा थियो। तर चरम दमनको कारण भूमिगत भएका कतिपय नेता-कार्यकर्ताबीच सम्पर्क टुट्यो। सेल्टरको समेत समस्या भयो। म पनि बाध्य भएर एक वर्षसम्म भारतको मधुवनी जिल्लाको देउधा र नरारकोठीमा बसें।"

त्यसखेर म त्यहींबाट पार्टीको काम गर्दै थिएँ। एक वर्षपछि कमरेड ईश्वर पोखरेलले जिल्ला फर्कन निर्देशन दिएर चिट्ठी पठाउनुभयो। म फर्किएँ। केही समयपछि कमरेड माधव नेपाल पनि जेलबाट छुट्नुभयो र धनुषाकै थेरा कचडी गाविसमा आउनुभयो। त्यहाँबाट फेरि पार्टीको सम्पर्क र नयाँ कामको योजना बनाएर हामीलाई निर्देशन दिनुभयो। त्यतिखेर धनुषामा पनि झापाको जमिन्दारविरोधी लाईनको प्रभाव थियो र पार्टीभित्र त्यो लाइन छाड्नुपर्छ भन्ने पनि छलफल भइरहेको थियो।

२०३५ सालमा नेकपा (माले)को स्थापना भयो। त्यस समय धनुषाबाट म पनि सामेल हुन पाएको थिएँ। नेकपा (माले)को स्थापना पछि म नेकपा (माले) धनुषा जिल्ला कमिटीमा बसेर जिल्लास्तरीय कमाण्डर र क्षेत्रीय (इलाका) इन्चार्जको रूपमा काम गरेको थिएँ। २०४२ सालदेखि मेरो पार्टी जिम्मेवारी महोत्तरी जिल्लामा रह्यो। २०४६ सम्म महोत्तरी जिल्ला कमिटीको सदस्य भएर रहें। २०४७ मा अखिल नेपाल किसान संघको केन्द्रीय सदस्य भएँ। २०५१ देखि नेपाल जातीय मुक्ति समाजको केन्द्रीय सदस्य भएर काम गर्दै अहिले केन्द्रीय उपाध्यक्ष छु र त्यही समाजको जनकपुर इन्चार्ज पनि छु। नेकपा (एमाले)को जनकपुर अञ्चल सल्लाहकारको रूपमा पनि छु।"

आर्थिक र सामाजिक रूपमा पिछडिएको एउटा गाउँको परिवारमा जन्मेर हुर्कनुभएका कमरेड पासवानले राजनीतिक निरन्तरताको क्रममा आर्थिक, सामाजिक, पारिवारिक समस्याहरू कम झेल्नु परेन। उहाँ भन्नुहुन्छ-"हाम्रो जातमा ज्यादै कम उमेरमा विवाह गर्ने चलन थियो, अझ पनि त्यो हटिसकेको छैन। त्यसैले मेरो विवाह कहिले भयो मलाई केही सम्झना नै छैन। मैले थाहा पाउने उमेरसम्ममा मेरो विवाह भैसकेको थियो।

आफ्नो परिवारको सन्दर्भमा वहाँको भनाइ थियो-भूमिहीन किसान परिवार भएकोले जमिन्दार कहाँ गएर कृषि श्रमिकको रूपमा काम गर्नु नै हाम्रो जीविकाको आधार थियो। २०२८ सालमा मेरो पहिलो सन्तान चन्द्रदेव जन्म्यो। ऊ एक-दुई वर्षको हुँदादेखि म पार्टी काममा लाग्न थालें। त्यसपछि, घरमा आवश्यक केही सहयोग पनि मबाट हुने अवस्था घट्न थाल्यो। अर्को छोरो रतन पनि जन्मियो। घरमा साना केटा-केटीको बोझ बढ्यो तर जमिन्दार र प्रशासनको दमनले मैले पूर्णरूपमा भूमिगत हुनुपर्ने भयो।

कम्युनिष्ट पार्टी भनेको गरीब जनतालाई मुक्ति दिने पार्टी हो। गरीबको सत्ता, गरीबको सरकार, गरीबको अधिकार भनेर हामी त्यही दिनको सपनामा पार्टीमा लागेको हुनाले जति दुःख भए पनि, २-४ दिन भोकै बस्नु परे पनि सामान्य नै ठानिन्थ्यो।

तर, मेरो घरमा भने ठूलै आर्थिक संकट पर्‍यो, खासगरी केटाकेटीलाई ख्वाउने-हुर्काउने कुरामा । त्यो संकट टार्न मेरी श्रीमती बेचनी देवी आफ्नो गाउँको हटीयामा बाँस किनेर सिमानापारीको बजार जयननगर देवधाहा लगेर बिक्री गर्थिन् र त्यसबाट आएको नाफा (आम्दानी) ले घर चलाउँथिन् । त्यसैले दैनिक ३-४ घण्टा हिंडेर जाने, त्यति नै हिंडेर फर्कने गरेर पनि घरको समस्या टार्ने काम गरेकी थिइन् र उनकै कारण मैले पूर्णरूपमा पार्टीमा काम गर्न पाएको थिएँ । उनी खेतीको समयमा जमिन्दारको धान रोप्ने-काट्ने जस्तो दैनिक ज्यालादारीको काम पनि गर्थिन् । छोराहरूको लालनपालन, घरको रेखदेखको सम्पूर्ण जिम्मेवारी श्रीमतीले नै सम्हालेकी थिइन् ।"

मेरा छोराहरू अलि ठूला भएपछि घरमा पनि असाध्यै समस्या भएको र उनीहरूले पढ्न पनि नपाउने अवस्था भएको देखेर गाउँको एकजना कमरेड मनसिप गोहीयारले कमरेड ईश्वर पोखरेलसँग मेरो छोरालाई पढाउने व्यवस्था गरिदिने बारे कुरा गर्नु भएछ । त्यसैअनुसार पार्टीको अनुरोधमा धनुषाको भोला शाह भन्ने पार्टी समर्थक प्रोफेसर र उहाँकी श्रीमती विमला शाह मेरो छोरो चन्द्रदेवलाई पढाउन राजी हुनुभयो । उहाँहरूले कक्षा-३ देखि कक्षा-८ सम्म आफ्नै छोरो जस्तो गरेर उसको लालन-पालन र पढाईको जिम्मा लिई दिनुभयो । त्यसबाट मलाई धेरै ठूलो सहयोग भयो । उहाँहरूसँग मेरो छोरो बसेपछि मेरो घरको अवस्थामा पनि धेरै सुधार आयो ।"

लामो समयसम्म पार्टीको काममा जुटेर अझ पनि नथाक्नु भएका कमरेड पासवान भन्नुहुन्छ-"जहाँ पनि राम्रै-राम्रो हुँदैन, कोट्याएर हेर्दा अली-अली त्रुटी कमजोरी त हुन्छ नै, पार्टीमा पनि हुन्छ नै, तर हामीले राम्रो हुने, राम्रो गर्ने कोशिस गर्नुपर्छ । राम्रोको पछि लाग्नुपर्छ । अहिले भन्दा पहिले पार्टीमा नेता-कार्यकर्ताबीचमा परिवारको जस्तो सम्बन्ध थियो । आत्मियता थियो, माया-ममता थियो । एक-अर्कोको परिवारलाई दुःख-सुखमा हेर-विचार गर्ने चलन थियो । एकपटक २०३८ सालतिर कमरेड मुकुन्द न्यौपाने हाम्रो जिल्लामा आएर सबै पार्टीका कार्यकर्ताको अवस्था बुझ्नु भएछ, मेरो घरको पनि कुरा बुझ्नु भएछ । त्यसपछि मेरो घर चलाउन असाध्यै अप्ठ्यारो परेको थाहा पाएर उहाँले पार्टीमा कुरा राखेर एउटा बाख्रोको पाठी खोजेर दिनुभएको थियो । त्यो पाठी बाईसपल्ट ब्याई, चौवालीस वटा पाठा-पाठी हुर्काइयो र त्यसले पनि मेरो घर चलाउन धेरै ठूलो भरोसा भयो । तर, अहिले पार्टीभित्र यस्तो माया-ममता र सहयोगी भावनामा कमी आएको र धेरै नेताहरूमा पनि कार्यकर्ताको दुःख-सुख सुन्ने-बुझ्ने चासो नरहेको जस्तो महसुस हुन थालेको छ ।

जेहोस्, अहिले धनुषाको एकराही गाविस-८ मा मेरो बस्ने घर छ । बहुदल आएपछि छोरा चन्द्रदेवले भारतको दिल्ली र गुजरात गएर ३-४ वर्ष काम गरे । उनले केही पैसा कमाएर १२-१३ कट्ठा जमिन पनि किनेका छन् । कमाएर खानलाई पुग्छ । अहिले उनी पार्टीको केन्द्रीय कार्यालयमा काम गर्छन्, कान्छोछोरो काठमाडौंमै फलफूल व्यापार गर्छन् । हामी दुई बुढाबुढी गाउँमा छौं ।

अझ पनि हाम्रो एउटै सपना छ-गरीबको सरकार, गरीबको हक, गरीबको अधिकार । हामीले बुझेको कम्युनिष्ट पार्टी भनेको त्यही हो । पार्टीमा त्यो वर्गीय सोच नहराओस्, पार्टीका नेताहरूले त्यो कुरा नभुलुन् । हामी अन्तिम अवस्थासम्म पनि पार्टीको एउटा इमान्दार सिपाहीको रूपमा पार्टी काममा लागिरहन्छौं, जुटिरहन्छौं ।"

**' कमला पराजुली**

# मार्क्सवाद सम्बन्धी संक्षिप्त प्रश्नोत्तर

## गोपीरमण उपाध्याय

**प्रश्नं. ६. कम्युनिष्ट पार्टी कस्तो पार्टी हो ?**

- जुनसुकै देशको कम्युनिष्ट पार्टीको आमधारणा आफ्नो देशमा हुने वर्गसंघर्षमा सर्वहारा श्रमजीवी वर्गको प्रतिनिधित्व गर्नु हो । त्यसले समाजको आमूल परिवर्तनका लागि हुने क्रान्तिकारी नेतृत्व गर्दछ । नेपाल कम्युनिष्ट पार्टी नेपाली सर्वहारा श्रमजीवी वर्गको राजनीतिक प्रतिनिधित्व गर्ने पार्टी हो । यसको विचारधारात्मक काम भनेको सर्वहारा श्रमजीवी वर्गका पक्षमा काम गर्नु हो । यसको विश्वदृष्टिकोण वैज्ञानिक भौतिकवादी छ । यसले नेपालको जनवादी क्रान्तिको नेतृत्व गर्दछ ।

**प्रश्नं. ७. नेपालको जनवादी क्रान्ति भनेको के हो ?**

- नेपालको जनवादी क्रान्ति भनेको नयाँ खाले पूँजीवादी जनवादी क्रान्ति हो । यसले सामन्ती, अर्धसामन्ती र अर्ध औपनिवेशिक चरित्र भएको वर्तमान नेपाली समाजमा सामन्तवाद, नोकरशाही दलाल पूँजीवाद, साम्राज्यवाद र प्रभुत्ववादका विरूद्ध सर्वहारा श्रमजीवी वर्गको नेतृत्वमा मजदुर किसान एकता र राष्ट्रिय पूँजीपति वर्गको संयुक्त संघर्षद्वारा स्थापना गरिने नयाँ खालको पूँजीवादी जनवादी व्यवस्था कायम गर्नु हो ।

**प्रश्नं. ८. कम्युनिष्ट पार्टीभित्र विचारधारात्मक कामलाई व्यवस्थित पार्न के-के गर्नुपर्छ ?**

कम्युनिष्ट पार्टीलाई विचारधारात्मक हिसाबले सुदृढ पार्न प्राथमिकताका आधारमा निम्न कामहरू गर्नुपर्छ :-

(१) पार्टीले लिएको राजनीतिको अध्ययन
(२) पार्टीको निर्माण र नेतृत्व विकासको सवाल
(३) मार्क्सवादी लेनिनवादी दर्शनको अध्ययन
(४) मानव जातिको इतिहास, विश्व कम्युनिष्ट आन्दोलनको इतिहास र नेपाल कम्युनिष्ट पार्टीको इतिहासको अध्ययन
(५) राजनैतिक अर्थशास्त्रको ज्ञान र नेपालको जनवादी अर्थतन्त्रको अध्ययन
(६) आधारभूत राजनैतिक शब्दज्ञान
(७) जाति जनजातिको अध्ययन
(८) जनवादी साहित्य, कला र संस्कृतिको सामान्य ज्ञान

(९) अध्ययन प्रणालीको व्यवस्थापन
(१०) सामुदायिक क्रियाकलाप, राष्ट्रको विकासको दिशा र सार्वजनिक चासोका सवालहरूको जानकारी

उपर्युक्त १० वटा विषय, कामको विस्तार र व्यवस्थापनलाई कम्युनिष्टभित्रको विचारधारात्मक काम भनिन्छ ।

**प्रश्नं. ९. सिद्धान्त भनेको के हो ?**

- वैज्ञानिक प्रयोग र वर्गसंघर्षमा मानवीय व्यवहारको निष्कर्षलाई सिद्धान्त भन्दछन् । सिद्धान्त दुई किसिमका हुन्छन् । (१) निस्क्रिय सिद्धान्त २. सक्रिय सिद्धान्त ।

**(क) निस्क्रिय सिद्धान्त :**

- विगतमा सिद्धान्तका रूपमा मान्यता पाइसकेका निष्कर्षहरू जसले वर्तमानमा मानवीय क्रियाकलापहरूलाई मार्गदर्शन गर्न सक्दैनन् ती निस्क्रिय सिद्धान्तहरू हुन् । जसलाई अध्ययन त गरिन्छ तर व्यवहारमा प्रयोग गर्ने आवश्यकता ठानिंदैन । जस्तो, अध्यात्मवादी दर्शनका सिद्धान्तहरू ।

**(ख) सक्रिय सिद्धान्त :**

- ती सिद्धान्तहरू जसले वर्तमान मानवीय क्रियाकलापहरूलाई प्रत्यक्षरूपमा मार्गदर्शन गरिरहेका हुन्छन्, तिनलाई सक्रिय सिद्धान्त भनिन्छ । जस्तो वैज्ञानिक प्रयोग र मार्क्सवाद लेनिनवादी दर्शनका सिद्धान्तहरू ।

**प्रश्नं. १०. नेपाल कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्त के हो ?**

- नेपाल कम्युनिष्ट पार्टीको मार्गदर्शक सिद्धान्त मार्क्सवाद लेनिनवाद हो । यसले नेपाली क्रान्तिमा कम्युनिष्ट पार्टीलाई मार्गदर्शन गरिरहेको छ । *क्रमशः*

◆ /f]rs Oltxf;

# पलायन नै पतन, संघर्ष नै उत्थान

**' कमल कोइराला**

**च**न्द्रमा सानो हुँदै जान्छ अनि पूरै हराएको अँध्यारो औंशी आउँछ । चन्द्रमा ठूलो हुँदै जान्छ अनि पूरै ठूलो भएको उज्यालो पूर्णिमा आउँछ ।

त्यसैगरी मानिसको जीवनमा पनि सुखहरू र दुःखहरू, मिलन र विछोडहरू, विफलता र सफलताहरू आउँछन् र जान्छन् । पुरानोभन्दा पुरानो समयदेखि आजसम्म यस्तो सम्पूर्णरूपले कुनै पनि परिपूर्ण व्यक्ति भएको छैन जसले कहिले कुनै दुःख, विछोड र विफलता जीवनमा देख्दै देखेन । मानिसहरू जान्दैनन् कति मिलन र विछोडहरू, कति सफलता र विफलताहरू, कति प्रसन्नता र विपन्नताहरूका अनुभवहरूले मानिसहरूलाई दुःख र सुख दुवैलाई समान मान्ने निर्वाण प्राप्त हुन्छ ।

माथिका वाक्यांशहरू "देङ जाओपिङः मेरा पिता" भन्ने उनकी छोरी देङ माओमाओले लेखेको पुस्तकबाट लिइएको हो । उनको जीवनबारे अर्को पुस्तक लेख्ने जर्मन लेखक उली फ्रान्जले लेखेका थिए-"देङ जाओपिङले तीनपटक उनको राजनीतिक जीवनमा ठूला उत्थान र पतनहरूलाई, कैयौं गुप्त योजनाहरूलाई र षड्यन्त्रहरूलाई व्यहोर्दै र पार लगाउँदै हरेक पटक हरेक पतनलाई आफ्नो जीवनको लक्ष्य प्राप्त गर्ने अर्को माथिल्लो खुड्किलो बनाउन सफल हुँदै उक्लिए ।"

उली अगाडि भन्छन्-"मैले हाम्रो शताब्दीमा चाहे पूर्व, चाहे पश्चिम, विश्वमा नै यति सान्हो बाङ्गोटिङ्गो र यति धेरै यातनापूर्ण उत्थानहरू र पतनहरू पार गर्दै यति ठूला उपलब्धीहरू जीवनमा प्राप्त गरेको देखिनँ ।"

उनकी छोरी भन्छिन्-"कष्टहरू सहनु, घच्याडी लडाइदिएका ठूला चोटहरू व्यहोर्नु कुनै रमाइला कुराहरू होइनन् । तर तिनीहरूको अनुभव नहुनु जीवनलाई आकर्षणविहीन बनाउने कुरा पनि हुन सक्छन् ।"

"देङ जाओपिङः मेरो पिता" नामक पुस्तक अंग्रेजीमा भूमिकासहित करीब ५०८ पेज लामो हुँदा यो सानो लेखमा अटाउन सक्दैन । तसर्थ अत्यन्त संक्षेपमा त्यस पुस्तकमा देङ जाओपिङको जीवनका पतनहरूलाई उत्थान बनाइएका घटनाहरू यसप्रकार छन् :

उनको जन्म सन् १९०४ मा भएको थियो । उनको मृत्यु सात वर्षअघि सन् १९९७ मा भएको थियो । उनको जन्म स्थान यातायातले अतिविकट सिचुआन प्रान्तको बाइफाङ भन्ने गाउँमा भएको थियो । त्यो इलाका धेरै पिछडिएको थियो ।

त्यसैले ती महान नेताको बाल्यकालको कुनै फोटो छैन ।

उनको पहिलो नाम देङ भिजियान थियो ।

पछि फ्रान्समा कम्युनिष्ट भई रूस हुँदै चीन फर्केपछि भूमिगतकालमा काम गर्दा उनको नाम परिवर्तन गरी देङ जाओपिङ राखिएको थियो ।

सोह्र वर्षको उमेरमा पिछडिएको सिचुआन प्रान्तको त्यस इलाकाबाट काम गर्दै पढ्ने आकांक्षा लिएर उनले पनि फ्रान्स जाने निर्णय गरे । त्यतिबेला बाटोघाटो नभएको दुर्गम ठाउँबाट उनी आठ दिन लगातार नदीमा नाउको यात्रा गर्दै सांघाई शहर

पुगे। त्यसपछि ११ सेप्टेम्बर १९२० मा ८३ जना अन्य चीनका ठिटाहरूसँग फ्रान्स जान भनी पानीजहाजमा हिंडे। प्रथम श्रेणीको ८०० चाँदीका डलरहरू, दोस्रोको ५००, तेस्रोको ३०० तर उनीहरूमध्ये धेरैजसोले महिनौं दिन समुद्री यात्रामा आर्थिक कारणले कष्ट हुने भएपनि चाँदीको सय डलर पर्ने मालसामान राख्ने र इन्जिनको रापले तातो हुने चौथो श्रेणीको टिकट लिएर हिंडे। त्यतिबेला चालीस दिनको समुद्री यात्रापछि उनीहरू फ्रान्स पुगे। आजकल हवाईजहाजबाट एक दिन लाग्छ। उनी फ्रान्समा पुगेपछि रेनल्ट मोटर गाडीहरू बनाउने फ्याक्ट्रीमा काम गर्न थाले।

फ्रान्स पुग्दाको त्यो १६ वर्षको गाउँले सोझो बुद्धु ठिटो जानकार हुँदै गयो। सन् १९२३ मा देङ जाओपिङले फ्रान्समै चीनको कम्युनिष्ट पार्टीको युरोपेली शाखाबाट पार्टी सदस्यता प्राप्त गरी "युवा" र पछि "रातो बत्ती" नामक पत्रिकाहरूमा काम गरे।

उनी फ्रान्सबाट चीनको पार्टीको तर्फबाट संसारकै पहिलो मजदूर वर्गको शासन भएको देश रूस हेर्न र त्यहाँ अध्ययन गर्न पठाइए। फ्रान्समा विदेशी ज्यालादारी मजदूर भनी अपमानको जीवनयापन गरिरहेका देङ जाओपिङ र अन्य चिनियाँ युवाहरू त्यहाँ रातौं-रात राजकीय पाहुना मानिए र स्कूलहरूमा शिक्षा पाउन थाले। सोझै चीनबाट त्यता पुगेका केटा र केटीहरू पनि धेरै थिए। पूँजीवादी राष्ट्रपति सनयातसेनको कोमिन्ताङ पार्टी र कम्युनिष्ट पार्टीमाझ सहयोगको नीति थियो। त्यहाँ पढ्न गएका चिनियाँ केटीहरूमध्ये झ्याङ जियान भन्ने कम्युनिष्ट केटी पनि थिइन्।

तर देङ जाओपिङलाई पार्टीले संगठन गर्न पढाइ छाडेर आफ्नो देश चीन नै फर्कन भन्यो।

फ्रान्सबाट रूस पुगेका देङ जाओपिङ रेल, ट्रक र पैदलयात्राहरू गर्दै महिनौं लगाएर चीन पुगे। अक्टुबर १९ सन् १९२० देखि ७ जनवरी १९२७ सम्म लगातार विदेशमा पाँच वर्ष २ महिना १९ दिन बसेपछि फेरि उनी आफ्नो देश आइपुगे।

केही समयपछि बुहानमा पार्टीको केन्द्रीय कमिटीको महासचिव (सिर्फ २४ वर्ष उमेरमा) हुन आउँदा मस्कोमा परिचित झाङ जियानलाई त्यहाँ देखेर उनी छक्क परे। पछि बुहानबाट केन्द्रीय कार्यालय संघाई सऱ्यो। त्यहाँ भूमिगत कालमा देङ जाओपिङको बिहा उनीभन्दा तीन वर्ष सानी उनै झ्याङ जियानसँग भयो।

तर, देङ जाओपिङ र झ्याङ जियानको सुखी दाम्पत्य जीवनको अन्त ४ वर्षपछि चौबीस वर्षको कलिलो उमेरमै भयो। संघाईमा भूमिगतकालमै झ्याङ जियानले ज्वरोले आक्रान्त भएको बेलामा प्रसव व्यथा पनि व्यहोर्नुपऱ्यो। संघाई शहर हुँदा बाओलोङ अस्पतालमा भर्ति भइन्। देङ जाओपिङले दिनरात एक गरी उनको हेरविचार गरे। तर त्यतिबेलाको अस्पताल र औषधिले झ्याङ जियानको शरीरलाई जोगाउन सकेन। बच्ची पनि जन्मदै सारै कमजोर थिई र आमाको मृत्युपछि कति स्याहार गर्दा पनि बाँच्न सकिन।

त्यो जतिसुकै ठूलो व्यक्तिगत दुःख भए पनि आफ्नै मुटु गलाउने दुःख थियो। युद्धको मोर्चा उनको नेतृत्वको प्रतीक्षा गरिरहेको थियो। केही दिनपछि पार्टीले उनलाई संघाई भन्दा धेरै पर पार्टीको शासन भएको सैनिक क्षेत्रमा काम गर्न पठायो।

पहिलो पत्नी र छोरीको मृत्यु भएको केही समयपछि उनको विवाह आह-जीन नामले सबैले बोलाउने जीन वेयीइङसँग भयो। आह- जीन एउटा धेरै योग्य र कर्मठ पार्टी संगठक थिइन्। अब दुवै जना पार्टीको शासन भएको केन्द्रीय सोभियत शासन क्षेत्रमा काम गरिरहेका थिए।

मे १९३३ मा पार्टीको सैनिक संगठनको नीति सम्बन्धी मतभेद हुँदा वाङ्गमिङ्गको "वाम" दुस्साहसवादी नेतृत्वले उनलाई पार्टी, सेना र सरकारका सबै पदहरूबाट बर्खास्त गरी इन्सपेक्टर बनाएर नानकुन भन्ने सीमावर्ती ठाउँमा पठायो।

देङको पत्नी आह जीन विवाहभन्दा पहिलेदेखि नै एउटा क्षमतावान् नेतृ, सेनाको कुशल संगठक र क्रान्तिकारी सरकारको पनि आर्थिक पुनः निर्माण विभागको उच्च पदमा थिइन्।

देङ जाओपिङलाई पार्टीले कारबाही गरेपछि आह-जीनले देङ जाओपिङलाई परित्याग गरिन्। एकसाथ पार्टी, सेना र सरकारबाट पदच्यूत र पत्नीबाट परित्यक्त भएका देङ जाओपिङको जीवनमा यो पहिलो ठूलो राजनीतिक र मानसिक आघात थियो।

तीस वर्षको उमेरमा जब कैयौं युवाहरू भर्खर आफ्नो खुट्टामा उभिन तयारी गरिरहेका हुन्छन् त्यतिबेला देङ जाओपिङले एकसाथ यति ठूलो घटना व्यहोर्नुपऱ्यो। उनी इन्स्पेक्टर बनाएर धपाइएको ठाउँ नानकुन सीमावर्ती इलाकामा पर्दथ्यो। त्यहाँका "वाम" दुस्साहसवादीहरू यस्तो सीमावर्ती इलाकामा देङ जाओपिङले गर्दा संगठनमा गडबडी आउन सक्छ भनी डराए। उनीहरूले देङलाई तुरून्तै त्यताबाट फर्काउन भने।

फर्केर आएपछि उनले सानै भए पनि प्रचार विभागमा काम दिन भने। उनलाई एउटा सहायकको रूपमा काम दिइयो। तर त्यतिबेला उनले फ्रान्समा पार्टीको जीवनको प्रारम्भमा "युवा" "रातो बत्ती" प्रकाशन गरेको अनुभव लिंदै त्यहाँ "रातो तारा" (रेड स्टार) भन्ने पत्रिका प्रकाशन गर्न थाले।

"लङमार्चको प्रारम्भमा के गर्नुभयो त ?" भनी छोरीले सोध्दा देङले भने-"केवल पछि पछि लाग्दै हिंडें।"उत्तर ठीक थियो किनभने उनीमाथि "दक्षिणपन्थी भड्काउवादी" भन्ने आरोप कायम नै थियो र उनलाई सैनिक पद दिइएको थिएन।

सन् १९३५ मा १२,५०० किलोमिटर लामो "लङमार्च" को दौरान जुनयी भन्ने ठाउँ कब्जा भयो। त्यहाँ पार्टीका अगुवा कार्यकर्ताहरूको ठूलो बहुमतले "बाम" गल्तीहरूको विरोध गर्दै नेतृत्वमा हेरफेर गर्ने कुरा उठाए।

पार्टीमा माओ त्सेतुङको प्रभाव बढिसकेको थियो। देङ जाओपिङलाई फेरि केन्द्रीय कमिटीको महासचिव बनाइयो। यो देङ जाओपिङको जीवनको पहिलो ठूलो पतनपछि झन् ठूलो उत्थान थियो।

त्यसपछि देङ जाओपिङ पार्टी, सरकार र सेनाको उच्चपदमा रहँदै आए। सन् १९४९ मा सम्पूर्ण चीनमा कम्युनिष्ट सरकार हुँदा उनी उपप्रधानमन्त्री भए।

सन् १९६६ सम्म चीनमा राजनीतिक स्थिति प्रायः स्थीर रह्यो। देङ जाओपिङ र ल्यू साउचीलाई माओद्वारा संयुक्तरूपले उत्तराधिकारी मानिएर व्यवहार गरिंदै थियो।

सन् १९६६ चीनको इतिहासमा एउटा दुर्भाग्यपूर्ण पाना हुन पुग्यो । त्यसवर्ष स्वयं माओ त्सेतुङद्वारा सांस्कृतिक क्रान्तिको पहल लिइयो । सम्पूर्ण चीनभरी एउटा उग्र "बाम" आँधीबेहेरी उठ्यो र देश ढाकियो ।

पार्टी महासचिव, उपप्रधानमन्त्री र सैनिक कमिसनमा पनि रहेका देङ जाओपिङलाई पूँजीवादी बाटोवाला नम्बर २' भनी राष्ट्रपति ल्यू साउचीका साथै सबै पदहरूबाट पदच्यूत र पार्टी सदस्यबाट निश्कासित गरी नजरबन्द गरियो ।

त्यसपछि माओद्वारा उत्तराधिकारी घोषित षड्यन्त्रकारी लिन बियाओको १९७१ मा देशबाट भाग्न लाग्दा एउटा हवाई दुर्घटनामा मृत्यु भयो । सन् १९७३ मा चमत्कारपूर्ण रूपले अध्यक्ष माओद्वारा फेरि देङ जाओपिङलाई उपप्रधानमन्त्री बनाइयो ।

सन् १९७५ मा फेरि देङ जाओपिङलाई महत्वपूर्ण पदहरू, केन्द्रीय कमिटीको अध्यक्ष माओभन्दा मुनिको उपाध्यक्ष, सरकारमा चाउ एनलाईको उपप्रधानमन्त्री, पार्टीको केन्द्रीय सैनिक कमिसनको उपाध्यक्ष र चीनको जनमुक्ति सेनाको स्टाफको चीफ बनाइयो । देङ जाओपिङले पार्टी, सरकार र सेनामा सुधारहरू ल्याउन थाले । तर, माओकी पत्नी ज्याङ कीङ, स्थायी समितिका चेन बोडा इत्यादिले पार्टीभित्र अर्को ध्रुव खडा गरी देङ जाओपिङका विरूद्ध मोर्चाबन्दी गरे । जीवनमा धेरै बुद्धिमतापूर्ण कामहरू गर्ने अध्यक्ष माओले जहिले पनि तराजुमा ग्याङ अफ फोर (चण्डाल चौकडी) को पक्षमा आफ्नो ठूलो वजन राखिदिएर देङ जाओपिङका कुराहरूलाई कम तौलवाला बनाइदिन्थे ।

सन १९६६ को दश वर्षपछि फेरि सन् १९७६ मा देङ जाओपिङ र चीनको लागि दुःखान्तहरू भरिएको वर्ष हुन पुग्यो ।

८ जनवरी १९७६ मा प्रधानमन्त्री चाउ एनलाईको मृत्यु भयो । केही समयपछि फेरि देङ जाओपिङ सबै पदहरूबाट पदच्यूत गरिए । केही महिनापछि ९ सेप्टेम्बर १९७६ मा अध्यक्ष माओको मृत्यु भयो ।

त्यसको एक महिना पनि नबित्दै ६ अक्टुबर र १९७६ मा माओ पत्नी ज्याङकीङसहितको चण्डाल चौकडी (ग्याङ अफ फोर) लाई पक्राउ गरियो । यसपटकको निश्कासन त देङका लागि सिंहासन नै भयो ।

तेस्रो पटकको धेरै ठूलो षड्यन्त्रपूर्ण पतनपछि फेरि देङ जाओपिङको झन् धेरै ठूलो उत्थान भयो । यसपटकको उत्थानले उनलाई चीनको आधुनिक इतिहासको माओपछिको सबैभन्दा शक्तिशाली राजनेता बनायो । जनता वा संविधानले नरोके शक्तिवानहरू विवश नहुन्जेल स्वेच्छाले शक्ति छाड्दैनन् । चाहे ती प्राचीन समयदेखिका सम्राटहरू हुन् चाहे व्यक्तिपूजाको हजारौं वर्षदेखि रहँदै आएको संस्कारका कारण तेस्रो विश्वका सम्राट सरह भएका पूँजीवादी राजनेताहरू हुन् । चाहे ती स्टालिन, माओ, चाउचेस्कु, होनेकर इत्यादि जस्ता साम्यवादी सर्वोच्च शासक नै किन नहुन् ।

तर, देङ जाओपिङले आफ्नो देशको सबैभन्दा शक्तिशाली राजनेता भएपछि स्वेच्छाले सर्वोच्च शक्तिकेन्द्रहरू छाडे । उनले एकएक गरी पार्टी, सरकार र सेनाका सबैका सबै निर्णायक र कार्यकारी पदहरू छोडे ।

उनले जीवनमा हरेश नखाई जस्तोसुकै पतनलाई पनि उत्थान पारेरै छोडे ।

◆

◆ ;Dkbf

# वनमाथि उपभोक्ताको सार्वभौमिकता र बिक्री कर

**' आनन्द पोखरेल**

**ज**ल, जमिन, जंगल र जीवहरू प्रकृतिका सुन्दर उपहार हुन् । प्रकृतिका यी उपहार हिजोसम्म मानव समुदायले निःशुल्क उपयोग गरेका थिए । एकातिर भने यी वस्तुहरूको संरक्षण हुन सकिरहेको छैन भने अर्कोतिर यी सम्पदाबिना मूल्य जनताले उपयोग गर्न नपाउने स्थिति सिर्जना भएको छ ।

आज विश्वव्यापीरूपमा प्राकृतिक स्रोतको स्वामित्वको प्रश्नमा व्यापक बहस चलेको छ । प्राकृतिक स्रोतका मालिक को हुन् ? यसको उपयोगका हकदार को हुन् ? लाभका हिस्सेदार को हुन् ? यसको सहज उत्तर छ, प्राकृतिक स्रोतका मालिक, उपयोगका हकदार र लाभका हिस्सेदार जनता हुन्, राज्य त केवल सहजकर्ता र संरक्षकमात्र रहने हो । यही मान्यताका आधारमा नेपाल अधिराज्यको संविधान-२०४७ मा उल्लेखित राज्यका निर्देशक सिद्धान्तहरू, वन ऐन- २०४९ को प्रस्तावना र अन्य नीति-नियम र समय-समयमा तयार गरी लागू गरिएका पञ्चवर्षीय योजना र अन्तर्राष्ट्रिय सन्धि- महासन्धिले प्रदान गरेको असधकारका आधारमा प्राकृतिक स्रोत, नेपाली उपभोक्ताहरूले आफ्नो रगत र पसिना सिंचित गरी जोगाएका सामुदायिक वनहरू र त्यसबाट प्राप्त लाभ स्थानीय समुदायको पूर्ण स्वामित्वमा हुने व्यवस्था छ । त्यसैको आधारमा सामुदायिक वन उपभोक्ता समूहहरू गठन गरी वन क्षेत्रको संरक्षण र व्यवस्थापन समूहले गर्दै आएका छन् ।

हालसम्म १३ हजारभन्दा माथि सामुदायिक वन उपभोक्ता समिति गठन भइसकेका छन् । करिब ८ लाख ५० हजार हेक्टर भन्दा बढी वनक्षेत्र स्थानीय समुदायले व्यवस्थापन गर्दै आएका छन् । कुल वन क्षेत्रको केवल २० प्रतिशत भूभागमात्र सामुदायिक वन क्षेत्रले ओगटेको छ । बाँकी ८० प्रतिशत वन क्षेत्रले ढाकेको भाग राज्यले व्यवस्थापन गरेको छ । राज्यको संरक्षणमा रहेका वनभन्दा उपभोक्ताहरूले व्यवस्थापन गरेका वनको गुणस्तर राम्रो छ । समूहले मेहनतपूर्वक वन व्यवस्थापन गरेको कारण वनक्षेत्रको गुणस्तर सुधार भएको छ र नेपाल सामुदायिक वनको देश भनेर चिनिएको छ । वन ऐन- २०४९ र वन नियमावली २०५१ को व्यवस्थापछि सामुदायिक वनको

माध्यमबाट नेपालको वन, वातावरण र जैविक विविधताका संरक्षण र दीगो व्यवस्था गर्ने कार्यमा धेरै सफलता मिलेको छ। यतिमात्र होइन, आफ्नो क्षेत्रको सामुदायिक विकासको काममा पनि प्रत्यक्ष अप्रत्यक्ष वन उपभोक्ता समूहहरू संलग्न भइरहेका छन्। सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट स्थानीय समुदायमा प्रजातान्त्रिक अभ्यास, लैङ्गिक सन्तुलन तथा सामाजिक न्याय, सामाजिक सशक्तिकरण, रूपान्तरण र समुदायको संस्थागत विकास सम्भव भएको छ। गरिबी न्यूनीकरण गर्ने लक्ष्यसमेत सामुदायिक वनमार्फत् गर्ने भनिएको छ। घोषित लक्ष्य पूरा गर्न सामुदायिक वन उपभोक्ता समूहहरू लागिपरेका छन्।

मुलुकभरि छरिएर रहेका वन उपभोक्ताहरूको राष्ट्रिय संजालको खाँचो महसुस गरी २०५२ साल जेठ १७ गते "आम सहभागिताको आधारमा निर्णय प्रक्रियामा सरिक गराउँदै वन उपभोक्ता समूहमा आत्मबल र आत्मनिर्भरता अभिवृद्धि गर्दै लैजाने लक्ष्यसहित सामुदायिक वन उपभोक्ता महासंघ गठन भएको छ। लक्ष्यपूर्तिको लागि सामुदायिक वन उपभोक्ता समूहको हकहित संरक्षण र सम्वर्द्धनमा सधैं सचेत रहँदै राष्ट्रिय सम्पदाको जगेर्ना गर्न तथा सामुदायिक वनको नीति नियममा अनभिज्ञ समूहमा चेतना विकास गर्ने सामुदायिकताको भावना जागृत गराउने एवं वन व्यवस्थापन प्रविधि तथा विकास कार्यमा गतिशीलता ल्याउन प्रयत्न गर्ने आदि उद्देश्य लिएर गठित सामुदायिक वन उपभोक्ता महासंघ नेपाल आफ्नो स्थापनाको नवौं बसन्त पार गरिसकेको छ। यस अवधिमा मनाङ जिल्लाबाहेक ७४ जिल्लामा आफ्ना जिल्ला शाखा गठन गरी करिब ९० लाख जनता यसको वरिपरि गोलबन्द भई वनको संरक्षण, सम्वर्द्धन र विकासको लागि अहोरात्र खटी नेपाललाई सामुदायिक वनको देश भनेर चिनाउन सफल भएका छन्।

विगततर्फ फर्केर हेर्ने हो भने वनलाई राष्ट्रियकरण गर्दै वन संरक्षणको लागि करोडौं रकम खर्च गरेर विविध ऐन-कानून बनाई लागू गर्दा पनि वन जोगिएन। जब मुलुकले वन विकास गुरूयोजना बनाएर वन उपभोक्ता (सामुदायिक वन) को अवधारणा ल्यायो, उपभोक्ताको सक्रिय सहभागितामा पौने करोड नेपाली जनताले वनको व्यवस्थापन, संरक्षण र सम्वर्द्धन गर्नथाले। त्यहीकारणले वन आजको अवस्थामा आइपुगेको छ। उपभोक्तारूको समान अधिकार स्थापना भई वनमा एकप्रकारले समाजवाद लागु भएको छ। सामुदायिक वन अवधारणाले उपभोक्ता समूहहरूमा उत्कृष्ट प्रजातन्त्रको अभ्यास भएको छ। जातीय समानता र लैङ्गिक समानताको अपूर्व नमूना सामुदायिक वन उपभोक्ता समूहमा भेटिन्छ। यसले वन क्षेत्रको विस्तारको साथै आम्दानीको विकास भएको छ। वनसम्पदामा जनताले आफ्नो पहुँच कायम गरेका छन् भने विगतमा वनलाई आफ्नो कमाई खाने भाँडो ठान्ने वनभित्रका नोकरशाह र वनमाफियाहरूले विभिन्न बहानामा वन उपभोक्ता समूहलाई वन हस्तान्तरण गर्ने प्रक्रियामा ढिलाइ गर्ने प्रयत्न गरिरहेका छन्। चुरे, भित्री मधेश र तराईका वन समूहलाई हस्तान्तरण गर्नका लागि कहिले ओएफएममपीको नाममा त कहिले अन्य नाममा वन उपभोक्ता समूहलाई नदिई वन स्रोतमा नोकरशाही नियन्त्रण कायम गर्ने धेरै प्रयत्न भइरहेका छन्। तर वन उपभोक्ता महासंघको कुशल नेतृत्व, राष्ट्रिय-अन्तर्राष्ट्रिय दबाब र लबिङ्गको कारण सरकारी षडयन्त्र धेरै पटक असफल भइरहेको छ। यस्तो बेलामा कथित सामाजिक न्यायको नाममा र प्राकृतिक स्रोतको हिस्सेदार राज्य हो, वनको पूर्णतः व्यवस्थापन अर्थात् चुरे, भित्री मधेश र तराईको वनको व्यवस्थापन उपभोक्ताले गर्न सक्दैनन्, राज्यले गर्नुपर्दछ। राज्यको स्रोत, वनबाट उठेका आम्दानीको केही अंश राज्य कोषमा रहनुपर्दछ भन्ने कुरालाई नाटकीय ढंगबाट उठाई उपभोक्ता समूहमा हस्तान्तरण भएका वनहरूबाट प्राप्त आम्दानीको ४० प्रतिशत कर समूहले तिर्नुपर्ने प्रावधान राखी सामुदायिक वनको अवधारणालाई असफल बनाउन लागेका छन्। वनभित्रको सुशासन र स्रोतमाथि उपभोक्ताको सार्वभौमिक हकलाई कुण्ठित गर्ने काम भएको छ। भ्रष्ट वन प्रशासकको उक्साहटमा सरकारले समूहको कमजोरी खोज्दै २०५७ साल वैशाख १९ गतेदेखि लागू हुनेगरी सामुदायिक वन उपभोक्ता समूहले बिक्री गरेको काठबाट प्राप्त रकमको ४० प्रतिशत सरकारलाई बुझाउनुपर्ने निर्णय गरेको थियो। सोही समयदेखि सामुदायिक वन उपभोक्ता समूहको घोषित उद्देश्यमा बञ्चरो हानी स्रोतमाथिको सार्वभौमिक अधिकारमाथि राज्यपक्षले बलात्कार गरेको थियो। सामुदायिक वन उपभोक्ताहरूको एकमात्र प्रतिनिधिमूलक संस्था सामुदायिक वन उपभोक्ता महासंघ उपभोक्तापक्षीय अधिकार र सामुदायिक वनको हित संरक्षणको लागि काम गर्ने संघ संस्थाले विविध संघर्षका रूप र माध्यम प्रयोग गरी विधिवत् संघर्षमा उत्रेको थियो। कुशासनको चक्रव्यूहमा हुर्केको वन प्रशासनको गैरसंवैधानिक निर्णयलाई चुनौती दिई न्यायालयको ढोका घच्घच्याएपछि सम्मानित सर्वोच्च अदालतले ०५९/१/१९ गतेको सरकारी निर्णय खारेज गरी, वन उपभोक्ता महासंघको मागदावीलाई बैध ठहऱ्याएको थियो। तर वनमाफिया र षड्यन्त्रकारीहरूले हार स्वीकार गरेका थिएनन्। काकताली भनौं या नियति जुन समयमा संसद थिएन, स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि थिएनन्, सत्तामा ०५९ असोज १८ गतेको प्रतिगमनकारी कदमबाट जन्मेको पंचायतका पोष्यपुत्रहरू सरकारमा थिए। उनीहरू चरित्रगतरूपमा वनलाई राज्यशक्ति हत्याउने र वनफडानी गरी अकुत सम्पत्ति कमाउने माध्यम ठान्ने मण्डलेहरूले अदालतको निर्णयलाई अमान्य घोषित गरी पुनः २०६० साउन १ गतेदेखि लागू हुनेगरी अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न वनेको आर्थिक अध्यादेश २०६० को दफा १९ मा सामुदायिक वनबाट उत्पादित वन पैदावरको बिक्री गरी उपभोक्ता समूहले प्राप्त गरेको रकममध्ये ४० प्रतिशत रकम वन पैदवार शुल्कवापत श्री ५ को सरकारलाई बुझाउनुपर्ने व्यवस्था गऱ्यो  वनमाथिको जनताको सार्वभौमिकतामाथि पुनः प्रत्यक्ष हस्तक्षेप गऱ्यो।

यस्ता जनविरोधी अन्यायपूर्ण कानुनको प्रतिकार गरी जनताको हातमा आएको वन र वनस्रोतलाई पुनः सरकारले हत्याउन गरेको षडयन्त्रविरूद्ध उपभोक्ताहरूको सहभागिता, सामुदायिक वन उपभोक्ता महासंघको नेतृत्वमा पत्रचार, डेलिगेशन, अन्तरक्रिर्या, लविङ्ग गर्ने कार्य भयो। महासंघका जिल्ला-जिल्लामा वन कार्यालय घेराउ गर्ने, विभाग र मन्त्रालयलाई निर्णय फिर्ता गर्न दबाब दिने र प्रधानमन्त्रीको ध्यानाकर्षणसमेत पटक-पटक गराएको थियो। तर महासंघको न्यायपूर्ण आवाजलाई प्रतिगमनको मतियार सरकारले उपभोक्ताको माग स्वीकार गरी वार्ताका समयमा ४० प्रतिशत शुल्क घटाउने भन्ने घोषणा गरेपनि व्यवहारमा यो अन्यापूर्ण कर जबर्जस्ती उठाउने काम गरिरह्यो। प्राकृतिक स्रोतको मालिक जनता हुन् भन्ने मान्यतालाई खण्डित गरिरह्यो।

यही परिप्रेक्षमा प्राकृतिक स्रोत तथा साधन समितिका पूर्व सांसदहरूको पहलमा प्राकृतिक स्रोतमा जनताको सार्वभौमिकता कायम गरी प्राकृतिक स्रोतको न्यायपूर्ण दोहन गरी गरिबी निवारण र रोजगारी सिर्जना गर्न लागिपर्ने जनपक्षीय अधिकारको लागि काम गर्ने सोचका साथ विभिन्न ७१ वटा संघ-संस्था र विज्ञहरूको उपस्थितिमा गत २०६० चैत ७ गते प्राकृतिक स्रोत सरोकार समूह नेपाल गठन भयो। प्राकृतिक स्रोतमाथि जनताको हस्तक्षेप बढाउन र जनताको अधिकार स्थापित गर्ने घोषित लक्ष्यअनुरूप प्राकृतिक स्रोत सरोकार समूह र वन उपभोक्ता महासंघ नेपालको संयुक्त पहलमा एक प्रतिनिधिमण्डलले उपप्रधानमन्त्री भरतमोहन अधिकारीलाई भेट गऱ्यो। सरोकार समूहका पदाधिकारी र वन उपभोक्ता महासंघका अध्यक्ष-उपाध्यक्षसमेत रहेको सो टोलीको नेतृत्व सरोकार समूहका संयोजक प्रदिप नेपालले गर्नुभएको थियो। प्रतिगमनविरोधी आन्दोलनपछिका सर्वदलीय सरकारका उपप्रधानमन्त्री एवं अर्थमन्त्री भरतमोहन अधिकारीको रोहबरमा प्रतिनिधिमण्डल, वनमन्त्री र अर्थ र वन सचिवहरूको उपस्थितिमा लामो छलफल, बहस र विवादपछि सरकारले ४० प्रतिशत वैन पैदावर शुल्कलाई आर्थिक वर्ष २०६१-६२ को अध्यादेश बजेटमार्फत् सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका राष्ट्रिय वनहरूमध्ये तराईका जिल्लामा कार्ययोजना बनाई निकालिएको साल र खयरको काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रायोजनको लागि

बिक्री गरेमा त्यसबाट प्राप्त हुने रकममध्ये केवल १५ प्रतिशत मात्र संचित कोषमा दाखिल हुने र अन्य सबै आम्दानीहरू सम्पूर्णतः सामुदायिक वन उपभोक्ता समूहले प्रयोग गर्न पाउने गरी विगतका सरकारले गरेका गल्तीलाई सच्याउने काम वर्तमान अर्थमन्त्रीले गर्नुभएको छ। सरोकार समूह र अन्य संघ संस्थाहरूको चर्को दबाव परेपछि मात्र यो निर्णय गर्न वन मन्त्रालय बाध्य भएको हो। झट्ट हेर्दा यो निर्णय विगतको निर्णयभन्दा प्रगतिशील देखिए पनि सामुदायिक वनको मूल्य-मान्यता र स्रोतमाथिको जनताको सार्वभौम अधिकार उपयोग र लाभको हिस्सेदार जनतामाथि साल, खयरको आम्दानीको १५ प्रतिशत बिक्री कर लगाउनु पनि अन्याय र उपभोक्ता समूहको अधिकारमाथिको सरकारी हस्तक्षेप हो। यसले प्राकृतिक स्रोत स्वामित्वको जनताको सार्वभौम अधिकारलाई सम्मान गरेका ठहर्दैन। त्यसैले प्राकृतिक स्रोत सरोकार समूह, वन उपभोक्ता महासंघ नेपालले प्राप्त उपलब्धिको रक्षा गर्दै थप अधिकारको लागि संघर्ष गर्नुपर्छ। अन्य सामुदायिक वनका पक्षधर संघ-संस्थाहरूले पनि एकीकृत ढंगबाट सरकारी प्रतिगमनकारी सोचका विरूद्ध संघर्ष गर्दै स्रोतमाथिको जनताको सार्वभौम अधिकारको रक्षाका खातिर जुट्नुपर्ने अहम् दायित्व हो।

वन प्रशासनमा बस्ने पुरातनपन्थीहरूले अझै हार मानिसकेका छैनन्। उपभोक्तापक्षीय अधिकारलाई कुण्ठित गर्ने उद्देश्यले झट्ट हेर्दा प्रगतिशील जस्तो लाग्ने साझेदारी वन दिग्दर्शन तयार गरी चुरे, भित्री मधेश र तराईको वन व्यवस्थापनको लागि सरकारी निकाय, स्थानीय निर्वाचित निकाय र उपभोक्ताहरूको त्रिपक्षीय सहभागिता र समझदारीमा वनको व्यवस्थापन गर्ने भनी अर्को पासा फालिएको वर्तमान अवस्थामा सामुदायिक वन उपभोक्ता समूहहरूमा पुनः भ्रम सिर्जना गर्ने चाल चाली समूहमा वन हस्तान्तरण प्रक्रियामा अवरोध सिर्जना गर्न खोजिदैछ। त्यस्तै तराईको वनबाट जनताको अधिकार छिन्न र क्रमशः सामुदायिक वनको अवधारणालाई कमजोर पार्ने कलुषित नाराको भ्रममा उपभोक्ताहरू पर्नु जरूरी छैन। त्यसैले पूर्ववत् साझेदारी वनको अवधारणालाई खारेज गरी निःसर्त वनमाथिको उपभोक्ताको सार्वभौम अधिकारलाई सुरक्षित गर्दै सामुदायिक वनमार्फत् जैविक विविधताका रक्षा र रोजगारीको सिर्जना, लघु उद्यमजस्ता कार्यक्रम संचालन गरी गरिबी न्यूनीकरण गर्न, उपभोक्ताहरूको सशक्तिकरण गरी उपभोक्ता पक्षीय अधिकारको लागि वनसँग सरोकार राख्ने सबै एकजुट हुनुपर्दछ। आउँदा दिनमा प्राकृतिक संरक्षणमा सरोकार राख्ने सबै संघ-संस्था, प्राकृतिक स्रोत सरोकार समूह नेपालको संजालमा एकीकृत हुन सकेमा कुनै पनि पक्षबाट जनता र मुलुक ठगिनबाट जोगिन सक्छ। ◆

*नेतृत्व परिचय*

# शान्ता 'मानवी'

*केन्द्रीय कमिटी सदस्य*

◆ **जन्म मिति** - २००३/१/१९

◆ **जन्मस्थान** :- वाङ्ला-५, कोटफेरा, अर्घाखांची

◆ **माता** :- विष्णुकुमारी उपाध्याय **पिता** :- पं. पिताम्बर उपाध्याय

◆ **पती**- ×

◆ **शिक्षा**:- आई.ए. सम्म, यूपी बोर्डबाट

◆ **राजनीतिक जीवनको आरम्भ**

\+ २०२८ सालमा बनारसदेखि

◆ **जिम्मेवारी** :-

- २०२८ सालमा अध्यक्ष, क्रान्तिकारी महिला संघ, बनारस
- २०२८ सालमा प्रगतिशील अध्ययन दल सदस्य, बनारस
- २०२९ छात्र परिषद्को अर्थ सचिव, छात्र प्रभा प्रकाशन
- २०३२ सालमा भूमिगत
- २०३४ पार्टी सदस्यता प्राप्त
- २०३५ सालमा इलाका सदस्य
- २०३६ सालमा अध्यक्ष जिल्ला सम्पर्क महिला समिति, रुपन्देही
- २०३७-४६ सम्म अनेमसंघ केन्द्रीय तयारी समितिको अध्यक्ष, त्यसपछि हालसम्म विविध जिम्मेवारी लिंदै केन्द्रीय समितिमा कार्यरत
- २०३६-२०४९ सम्म रुपन्देही र नवलपरासी जिल्ला कमिटी सदस्य
- चौथो महाधिवेशनमा पर्यवेक्षक, पांचौंबाट वैकल्पिक केन्द्रीय सदस्य
- २०५१-२०५४ सालमा इन्चार्ज धौलागिरी अञ्चल
- २०५४ को छैठौं महाधिवेशनपश्चात् केन्द्रीय कमिटी सदस्य, इन्चार्ज, उत्पीडित जातीय फाँट

- २०५९ सातौं महाधिवेशनबाट पुनः केन्द्रीय सदस्य निर्वाचित, हालसम्म उत्पीडित जातीय फाँट इन्चार्ज

◆ **तपाईंको आदर्श** –

- सहज, सरल, निष्ठा र खुलस्तता

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद् क्षण-**

- क. मदन-आश्रितको हत्या र पार्टी विभाजनको समय

◆ **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- पार्टी विभाजनपश्चात् पार्टी निर्माण गर्दा
- पटक-पटक पार्टीभित्र आउने असहजताको क्षण

◆ **हालको ठेगाना** :- नयाँबानेश्वर-१०, सहभागितामार्ग २८९, काठमाडौं

## रणध्वज कन्दङ्वा

*केन्द्रीय कमिटी सदस्य*

◆ **जन्म मिति** - २०१५/३/२१

◆ **जन्मस्थान** :- तेह्रथुम, आठराई चुहानडाँडा-९

◆ **माता** :- ओमरानी **पिता** :- राजबहादुर

◆ **पत्नी**:- सिता पुन, **छोरा**: अनुभव, **छोरी**: अनुभूति

◆ **शिक्षा**:- भगवती प्रा.वि., त्रिमोहन व्या.मा.वि., शि.शा.अ.सं. तेह्रथुम क्याम्पस चुहानडाँडा, धनकुटा बहमुखी क्याम्पस

◆ **राजनीतिक जीवनको आरम्भ**

+ २०२९-३० तिर गाउँमै कम्युनिष्ट विचारसँग परिचित
+ २०३४ मा पार्टी सम्पर्क र क्याम्पस प्रा.क. अध्यक्ष अनेरास्ववियु (एकताको पाँचौं)
+ प्रलेकसंघको अध्यक्ष (धनकुटा बहमुखी क्याम्पस, क्याम्पस वाईएल सदस्य
+ २०३७ नेकपा (माले) भरतपुर नगर सक्रिय दल सचिव, चितवन
+ २०३९ मा भूमिगत (चितवन)

◆ **जिम्मेवारी** :-

- २०३९-४५ जि.क. सदस्य, चितवन
- २०४६-५० नारायणी अञ्चल उपसचिव, पर्सा जि.क. सचिव
- २०५१-५२ केन्द्रीय कार्यकर्ता (रसुवा)
- २०५२-५४ नारायणी अञ्चल सचिवालय सदस्य
- २०५४-५९ नारायणी अञ्चल सचिव, वैकल्पिक केन्द्रीय सदस्य
- २०५९ फागुन- २०६० पौष- भू.पू. सैनिक विभाग सदस्य
- २०६० पौषदेखि केन्द्रीय सदस्य ।

◆ **तपाईंको आदर्श** –

- देश र श्रमजीवी मानिसप्रति बेइमान नबन्ने ।

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको दुःखद् क्षण-**

- रहस्यमय दुर्घटनामा मदन-आश्रितको देहावसान

- **पार्टी कामको सन्दर्भमा अनुभूत गरेको अप्ठ्यारो क्षण**

- पार्टी विभाजनपछिका दिनहरु

- **हालको ठेगाना** :- हेटौंडा नगरपालिका वडा नं. ९, सिमेण्ट रोड-२